सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ जेठ २०८३, शुक्रबार (29 May 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ४६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सम्पत्ति छानबिन आयोगमा उजुरीको ओइरो

एक महिनामै अढाइ सय उजुरी, त्यतिले नै बुझ्काए सम्पत्ति विवरण

■ सम्पत्ति छानबिन आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारी भन्छन्-

हाम्रो अनुमानमा ४०-५० हजार व्यक्ति छानबिनको दायरामा पर्छन्



हामीले १० वैशाखदेखि काम थालेका हौं। अहिले सम्पत्ति विवरण फारम र उजुरी संकलन भइरहेका छन्। तोकिएको एक महिनाको समय पूरा भएपछि कार्यविभाजन गरेर छानबिनको काम अगाडि बढाउँछौं। आयोगले पहिलो चरणमा आर्थिक वर्ष ०६२/६३ देखि ०८२ चैत मसान्तसम्मको अवधिको सम्पत्ति छानबिन गर्दै छ। यसपछि ०४८ देखिको पनि छानबिनका लागि अर्को सूचना निकाल्छौं। हाम्रो अनुमानमा ४०-५० हजारका बिचमा छानबिनको दायरामा पर्छन्।



सुवास भट्ट/नयाँ पत्रिका

सम्पत्ति छानबिन आयोगमा उच्चपदस्थ सरकारी तथा सार्वजनिक पदाधिकारीविरुद्ध धमाधम उजुरी आउन थालेको छ। आयोगका अनुसार एक महिनाको अवधिमा करिब अढाइ सय पदाधिकारीले आफ्नो सम्पत्ति विवरण बुझाएका छन् भने त्यतिकै संख्यामा उजुरी पनि प्राप्त भएका छन्। आयोगले ४० देखि ५० हजार पदाधिकारी छानबिनको दायरामा पर्न सक्ने अनुमान गर्दै विवरण संकलन र उजुरी लिने काम तीव्र बनाएको छ।

छानबिनको दायरामा पर्ने उच्चपदस्थ सरकारी, सार्वजनिक र लाभको पदमा रहेका व्यक्तिहरूले सम्पत्ति विवरण फारम लिने र भरेर बुझाउन थालेको आयोगका सदस्यसमेत रहेका प्रवक्ता गणेश केसीले बताए। 'हालसम्म २५० जति उजुरी र त्यतिकै संख्याको हाराहारीमा सम्पत्ति विवरण फारम पनि आएका छन्,' उनले भने, 'उजुरी आउने क्रम पनि बढिरहेको छ।'

आयोगले ४० देखि ५० हजार व्यक्ति छानबिनको दायरामा पर्ने अनुमान गरेको छ। पछिल्ला दिनहरूमा सम्पत्ति विवरण बुझाउने र उजुरी दिनेहरू बढिरहेको आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले बताए। 'सम्पत्ति विवरण फारम र उजुरी संकलन भइरहेका छन्,' उनले भने, 'यसका लागि तोकिएको एक महिनाको समय जारी नै रहेकाले खोलिएको छैन। तोकिएको अवधि सकिएपछि कार्यविभाजन गरेर छानबिन अगाडि बढाउँछौं। ४० देखि ५० हजार व्यक्ति छानबिनको दायरा पर्ने हाम्रो

» पृष्ठ २ मा क्रमशः

छानबिनको दायरामा परेकालाई १२ पेजको सम्पत्ति विवरण फारम

सम्पत्ति छानबिन आयोगले छानबिनको दायरामा परेकालाई पेस गर्नुपर्ने विवरणको फारम दिएको छ। १२ पेजको 'सम्पत्ति विवरण फारम'मा व्यक्तिगत विवरणदेखि विदेशमा रहेको मौज्दातसमेत खुलाउनुपर्छ। सम्पत्ति विवरण फारममा व्यक्तिगत र पारिवारिक विवरण भर्नुपर्छ। बुँदा नं. ३ मा हाल सगोलमा रहे/बसेका परिवारका सदस्यहरूको पारिश्रमिक तथा भत्ता विवरण, निर्वाचित वा मनोनयनद्वारा नियुक्ति भएको भए नियुक्ति भएको पटकसमेतको विवरण, बहालवाला/अवकाश प्राप्त कर्मचारी, पदाधिकारी भए राजनीतिक नियुक्तिसमेतको विवरण, विदेशमा रहेको र आयआर्जन (अध्ययन/भ्रमण/तालिम/मिसन/सभा-समारोहमा सहभागिता)को विवरण, विदेशबाट कुनै विप्रेषण आय प्राप्त गरेको भए सोसमेतको विवरण र कोषबाट प्राप्त रकमको विवरण फारममा भर्नुपर्छ।

यी हुन् छानबिनको दायरामा परेकाहरू

(पृष्ठ २)

त्यस्तै, अचल सम्पत्तितर्फ घर, जग्गा, कृषि तथा पशुधन र उद्योग/व्यवसाय/साझेदारी/कम्पनीको लगानीको विवरण भर्नुपर्ने ढाँचा छ। चल सम्पत्तितर्फ बैंक तथा वित्तीय संस्था र सहकारी संस्थामा रहेको मौज्दातको विवरण, सेयर/ऋणपत्र/बचतपत्र/अन्यसम्बन्धी विवरण, विदेशस्थित बैंक/वित्तीय संस्थामा रहेको मौज्दातको विवरण, सुन/चाँदी/अन्य बहुमूल्य जवाहरातको विवरण, सवारीसाधन र यान्त्रिक तथा विद्युतीय उपकरणसम्बन्धी विवरण, ऋण लिए/दिए/तिरेको विवरण र अन्य सम्पत्तिको विवरण पनि भर्नुपर्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ हिमालयन रिसहित पाँच कम्पनीको तीन अर्ब ७३ करोड दुरुपयोग

बिचौलिया भट्टसहित ४० भन्दा धेरैलाई मुद्दा चलाउन सिआइबीको सिफारिस

बिमा कसुरमा पाँच वर्ष कैदको माग गर्दै सिआइबीले सरकारी वकिल कार्यालयमा बुझायो अनुसन्धान प्रतिवेदन

सिआइबीका निर्देशक एआइजी डा. मनोजकुमार केसी भन्छन्-



हिमालयन रि-इन्स्योरेन्सको रकम दुरुपयोगमा बिमा ऐनअनुसारको कसुरमा अनुसन्धान सकेर हामीले प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएका छौं। यसमा ४० भन्दा धेरैको मिलेमतो देखिएको छ। यसैसँग जोडिएको थप कसुरमा पनि अनुसन्धान जारी छ।

नवराज मैनाली/नयाँ पत्रिका

हिमालयन रि-इन्स्योरेन्ससहित पाँच कम्पनीको तीन अर्ब ७३ करोड रुपैयाँ दुरुपयोग गरी व्यक्तिगत लाभका लागि सेयर खरिद गरेको प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बिचौलिया दीपक भट्टसहित ४० भन्दा धेरैविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको छ। बिमा कसुरमा पाँच वर्षसम्म कैद सजायको माग गर्दै मुद्दा चलाउन बुधबार सिआइबीले जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा प्रतिवेदन बुझाएको हो।

सिआइबीले हिमालयन रिका तत्कालीन सञ्चालक, उच्च व्यवस्थापक, सहायक कम्पनीका सञ्चालक र व्यवस्थापन तथा सेयर ब्रोकर कम्पनीका सञ्चालकमाथि मुद्दा चलाउन सिफारिस गरेको छ। 'बिमा ऐनअनुसारको कसुरमा अनुसन्धान सकेर हामीले आफ्नो प्रतिवेदन बुझाएका छौं,' सिआइबीका निर्देशक एआइजी डा. मनोजकुमार केसीले भने, 'यसमा ४० भन्दा धेरैको मिलेमतो देखिएको छ।'

भट्टसँगै हिमालयन रिका तत्कालीन अध्यक्ष शेखर

» पृष्ठ २ मा क्रमशः



कुन कम्पनीको कति दुरुपयोग ?

हिमालयन रि
HIMALAYAN RE

हिमालयन रि- २ **अर्ब ७३ करोड**
हिमालयन क्यापसर्व : ३७ **करोड**
एचएलआई लार्ज क्याप फन्ड : २५ **करोड १४**
हिमालयन सेक्युरिटी बैंकर लिमिटेड : २२ **करोड १९ लाख**
नेपाल माइक्रो इन्स्योरेन्स : १६ **करोड १७ लाख**

■ आगामी साता बिमासम्बन्धी र सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा चलाउने तयारी

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि दीपक भट्ट र सुलभ अग्रवालमाथि अनुसन्धान पूरा गरी प्रतिवेदन बुझाइसकेका छन्। गत महिना नै उनीहरूले विशेष सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएका हुन्। पहिला अर्को फौजदारी कसुरमा मुद्दा दायर गरेपछि मात्र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गर्ने तयारी छ। 'सम्पत्ति शुद्धीकरणको कसुरमा सम्बद्ध अपराध चाहिने प्रावधान छ,' विशेष सरकारी वकिल कार्यालयका एक अधिकारीले भने, 'केही दिनमै बिमासम्बन्धी कसुरमा मुद्दा दायर भएलगत्तै हामी सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा दायर गर्छौं।' बिमासम्बन्धी कसुरमा जिल्ला अदालत तथा सम्पत्ति शुद्धीकरणको कसुरमा विशेष अदालतमा मुद्दा दायर हुनेछ।

■ धितोपत्र कसुरमा भट्टको सञ्जालमा रहेका व्यवसायीसहित ७५ भन्दा धेरै तानिँदै

बिचौलिया भट्टसँग मिलेर सेयर बजारमा भित्री कारोबार गरेको कसुरमा व्यवसायीसहित ७५ जनाभन्दा धेरै छानबिनको दायरामा छन्। जसमध्ये उनीनिकट कम्पनीका ५६ सञ्चालकको सिआइबीले बुधबार एकैपटक सेयर रोक्का गरी कारोबारको विवरण मगाएको छ। यसमा शंकर समूहको मुख्य मिलेमतो देखिएको स्रोत बताउँछ। त्यस्तै, जावलाखेल डिस्टिलरीका राजबहादुर शाहदेखि गोल्यान समूहका सदस्य पनि यसमा तानिँदै छन्। सिआइबीले भट्ट र उनको समूहमाथि धितोपत्र र बैंकिङ कसुरमा अनुसन्धान जारी राखेको छ। शंकर समूहले सिद्धार्थ बैंकबाट एउटा प्रयोजनमा लिएको कर्जा दुरुपयोग गरेको खुलेपछि बैंकिङ कसुरमा पनि मुद्दा चल्न लागेको हो।

■ इद मुबारक



मुस्लिम धर्मावलम्बीको प्रमुख चाड इदका अवसरमा बिहीबार घण्टाघरस्थित जामे मस्जिदमा नमाज पढ्न उपस्थित भएकाहरू एक-अर्कालाई 'इद मुबारक' भनेर शुभकामना दिँदै र खुसी साटासाट गर्दै। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

आज बजेट



अर्थमन्त्री डा. स्वर्णिम वाग्ले

२१ खर्बआसपासमा विस्तारकारी बजेट ल्याउने तयारी

कर संरचनामा व्यापक फेरबदल, परम्परागत स्रोतको विकल्पमा वैकल्पिक वित्त परिचालन गरेर खर्च व्यवस्थापन गरिने

काठमाडौं/ सरकारले आर्थिक वर्ष ०८३/८४ को वार्षिक राजस्व र व्ययको अनुमान (बजेट) शुक्रबार संसद्मा प्रस्तुत गर्दै छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्को अपराह्न ४ बजे बस्ने संयुक्त बैठकमा बजेट प्रस्तुत गर्नेछन्। लगत्तै बस्ने प्रतिनिधिसभा र राष्ट्रिय सभाको छुट्टाछुट्टै बैठकमा पनि उनले बजेट पेस गर्नेछन्। साथै, आर्थिक विधेयकसमेत प्रस्तुत गर्नेछन्।

सिंहदरबारस्थित प्रतिनिधिसभा सञ्चालन भइरहेको बहुउद्देश्यीय हलमा बजेट वाचन गरिनेछ। सभामुख डोलप्रसाद अर्यालले सांसदहरूलाई ३:४५ भित्र उपस्थित हुन बिहीबार बसेको बैठकबाटै सूचना जारी गरिसकेका छन्। बजेट भाषणका लागि संसद् सचिवालयले आवश्यक तयारी गरिसकेको छ। प्रवक्ता एकराम गिरीका अनुसार दुवै सदनको संयुक्त बैठकका लागि हललगायत सबै तयारी गरिएको छ। अतिथि आमन्त्रण पनि गरिएको छ। बजेट प्रस्तुत गरेपछि अर्थमन्त्रीले प्रतिनिधिसभामा बजेटसँग सम्बन्धित विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक पनि प्रस्तुत गर्नेछन्। *(विस्तृत समाचार पृष्ठ ६ मा)*

पहिलोपटक खुला प्रतिस्पर्धाबाट राजदूत छानिँदै

१३ देशका लागि आवेदन आह्वान

सहकारीमा भएको बेथिति जाँचबुझ आयोग प्रतिवेदन सार्वजनिक

१०८ सहकारीलाई कानुनविपरीत स्वीकृति

तत्कालीन डिजीदेखि शाखा अधिकृतसम्मलाई कारबाही सिफारिस

(विस्तृत पृष्ठ ३)

सगरमाथा आरोहणमा बढ्दो आकर्षण



अग्रलेख

● बुद्धिनारायण श्रेष्ठ

सगरमाथा आरोहणमा आकर्षण बढ्दै गएकाले अप्ठ्यारो पर्दा सहायता पुग्ने गरी चौथो आधार शिविरमा उद्धार टोली तैनाथ गर्नुपर्छ

(पृष्ठ ४)

चिया अनुसन्धान केन्द्र खोल्न बनाइएको १८ करोडको सरकारी भवनमा निजी होटेल

विराटनगरमा **गणेश लम्साल**

■ वार्षिक २९ लाख भाडा बुझाउने गरी १० वर्षका लागि लिजमा लिएको उत्तम प्रगति नामक कम्पनीले चलाउँदै छ वृक्षालय होटेल

चियाको स्वाद, गुणस्तर जाँच र बाली संरक्षण गर्ने उद्देश्यका साथ इलामको कन्याममा चिया अनुसन्धान तथा प्रवर्द्धन केन्द्र (टी-टेस्टिङ एन्ड प्रोमोसन सेन्टर) बनाउन राज्यले १८ करोडमा भव्य भवन बनायो। तर, चिया अनुसन्धान केन्द्र सञ्चालन नगरी लिजमा लगाइएको भवनसहितको संरचनामा निजी कम्पनीले वृक्षालय कन्याम होटेल चलाएको छ।

कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाको १८ करोडको संयुक्त लगानीमा उक्त भवन दुई वर्षअघि निर्माण गरिएको थियो। तर, नगरपालिकाले निजी कम्पनी उत्तम प्रगतिलाई लिजमा दियो। भवनमा उक्त कम्पनीले होटेल चलाएको हो। चिया केन्द्र सञ्चालनका लागि दक्ष जनशक्ति र उपकरण अभावको कारण देखाउँदै चालू आर्थिक वर्षदेखि वार्षिक २९ लाख रुपैयाँ भाडा पाउने गरी नगरपालिकाले उक्त कम्पनीलाई १० वर्षका लागि लिजमा दिएको छ। होटेलका सुपरभाइजर सञ्जय प्रधानका अनुसार चार रोपनी जग्गामध्ये तीन रोपनीमा बनेको 'टी-टेस्टिङ सेन्टर'का पाँचमध्ये चार भवनमा होटेल छ।

'गत वर्ष फागुनमा सम्झौता सम्पन्न भएसँगै ७ वैशाखदेखि होटेललले

» पृष्ठ २ मा क्रमशः





दुर्गाकुमार बराल

● कोशी प्रदेशलाई चिया-कफीको विकासमा अघि बढाउने भन्दै सरकारले सूर्योदय नगरपालिका- ७, कन्याममा ससर्त अनुदानमार्फत उक्त संरचना निर्माण गरेको थियो। गत वर्ष मंसिरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भवनको भव्य रूपमा उद्घाटन गरेका थिए। तर, सूर्योदय नगरपालिकाका कार्यवाहक मेयर दुर्गाकुमार बरालले उद्देश्यअनुरूप सेन्टर सञ्चालन गर्न ढिलाइ हुने भएकाले भौतिक सम्पत्तिलाई उपयोगमा ल्याएर आम्दानी गर्न लिजमा दिइएको दाबी गरे।

■ किसान र उद्यमीलाई 'हर्ष न बिस्मात्'

चिया रोप्न सुरु भएको करिब १६० वर्षपछि इलाममा अत्याधुनिक अनुसन्धान केन्द्रका लागि भवन निर्माण हुँदा यहाँका किसान र चिया उद्यमीमा ठुलो उत्साह थपिएको थियो। नेपाली अर्थोडक्स चियाको गुणस्तर विश्वव्यापी बनाउन, माटो विश्लेषण गर्न र कीटनाशक अवशेष परीक्षणका लागि यो केन्द्र सहयोगी बन्ने प्रदेश सरकारको समेत दाबी थियो। विशेष गरी भारतीय बजारमा नेपाली चिया निर्यात गर्दा गुणस्तरको नाममा पटक-पटक झन्झट खेपिरहेका उद्योगीहरूका लागि यो केन्द्र आशाको किरण बनेको थियो।

तर, प्रवर्द्धन केन्द्र सञ्चालन हुनुको साटो होटेल सञ्चालन भएपछि चिया उद्यमी खिन्न भएका छन्। चिया उद्योगी तथा सूर्योदय अर्थोडक्स चिया उत्पादक संघका प्रवक्ता बुद्ध तामाङले सरकारले पूर्ण तयारी र अनुसन्धान नगरी हतारमा लगानी गर्दा यस्तो अवस्था आएको बताए। 'चिया प्रवर्द्धन केन्द्र सञ्चालन गराउन प्रदेश सरकार र पालिका दुवै असफल देखिए,' प्रवक्ता तामाङले आक्रोश पोखे, 'करोडौंको लगानी उद्देश्यअनुरूप सदुपयोग नहुँदा हामी उत्पादकहरूलाई 'हर्ष न बिस्मात्' भएको छ।'

कृषिविज्ञ डा. राजेन्द्र उप्रेतीले चियाजस्तो संवेदनशील अनुसन्धान केन्द्रभित्र व्यापारिक होटेल सञ्चालनमा ल्याइनुले सरकारी लगानी बालुवामा पानी हालेसरह भएको टिप्पणी गरे। 'चिया परीक्षणको नाममा हुने अन्तर्राष्ट्रिय झमेला अन्त्य गर्न स्थापना गरिएको केन्द्र सञ्चालनमै नआई होटेल बन्नु दुःखद हो,' उप्रेतीले भने, 'अब त्यहाँभित्र रहेको प्रयोगशाला सही रूपमा सञ्चालनमा आउन सक्ने सम्भावना निकै कम छ, सरकारका चिया विकासका कुरा अब गफमा मात्र सीमित हुने देखियो।'

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले अनुसन्धानको काम गर्ने भनिएको र विश्वभरका चियाविज्ञ (टी-इन्स्पेक्टर)ले चिया जाँच्न सक्ने दाबी गरिएको देशकै नमुना परियोजना सञ्चालन नहुँदै विवाद र व्यापारिक स्वार्थमा फसेपछि स्थानीय स्तरमा सरकारको तीव्र आलोचना भइरहेको छ।

कक्षा ११ र १२ को छात्रवृत्ति परीक्षाका लागि २६ हजार ६८० विद्यार्थी छनोट

१७ जेठमा परीक्षा

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले कक्षा ११ र १२ का लागि सिफारिस गर्ने छात्रवृत्तिका लागि २६ हजार ६८० जना विद्यार्थी छनोट परीक्षार्थीमा सहभागी हुन योग्य भएका छन् । आवेदक २६ हजार ८८८ जना विद्यार्थीमध्ये दुई सय आठजनाको फारम अस्वीकृत भएको छ । महानगरका शिक्षा अधिकृत एवं परीक्षा समितिका सदस्यसचिव रामचन्द्र खड्काका अनुसार संस्थागत शिक्षण संस्थामा कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्नका लागि १७ जेठमा छात्रवृत्ति छनोट परीक्षा सञ्चालन हुनेछ ।

महानगरले ०८० देखि नीतिगत निर्णय गरेर महानगरपालिका क्षेत्रभित्र भएका ११ र १२ कक्षा सञ्चालन हुने विद्यालयमा छात्रवृत्ति प्रदान गर्न परीक्षा सञ्चालन थालेको हो ।

परीक्षार्थीहरूले महानगरपालिकाको आधिकारिक पोर्टल 'इन्ट्रान्स डट काठमाडौं डट जिओभी डट एनपी'मा लग इन गरेर प्रवेशपत्र डाउनलोड गर्न सक्नेछन् । साइटमा लग इन गर्न एसइईको सिम्बोल नम्बरलाई युजरनेम लेखिएको ठाउँमा प्रविष्ट गराउनुपर्छ । यसपछि जन्म मिति र इमेल वा म्यासेजमार्फत प्राप्त भएको पासवर्ड राखेपछि पेज खुल्छ । प्रवेशपत्र अनिवार्य रूपमा रंगिन प्रिन्ट गर्नुपर्छ । ब्ल्याक एन्ड हाइट प्रिन्ट गरिएको वा स्पष्ट फोटो र विवरण नभएको प्रवेशपत्रलाई मान्यता दिइनेछैन ।

परीक्षा केन्द्रमा आउँदा प्रवेशपत्रका साथै फोटोसहितको परिचय खुल्ने आधिकारिक कागजात (एसइई प्रवेशपत्र, विद्यालयको आइडी कार्ड वा नागरिकताको प्रमाणपत्र) अनिवार्य रूपमा साथमा लिई उपस्थित हुनुपर्नेछ । प्रवेशपत्रको पछाडिपट्टि उल्लेख गरिएका परीक्षासम्बन्धी नियम तथा आचारसंहिताहरू परीक्षार्थीले अनिवार्य रूपमा पालना गर्नुपर्छ । नियमको उल्लंघन भएमा परीक्षा रद्द गरिनुका साथै प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ । परीक्षा सञ्चालनका लागि शिक्षा विभागले केन्द्राध्यक्षहरूका लागि अभिमुखीकरण सम्पन्न गरिसकेको छ ।

शिक्षा अधिकारी नमराज ढकालका अनुसार परीक्षापछि योग्यता क्रमको सूची प्रकाशन हुन्छ । यसपछि म्याचिङ लिस्टबाट नाम सिफारिस हुन्छ । नाम सिफारिस गरिएका विद्यार्थीले कक्षा ११/१२ मा कुनै पनि प्रकारको शैक्षिक शुल्क तिर्नुपर्दैन ।

राजमार्ग विस्तारका नाममा ठेकेदारले चलाए अवैध क्रसर

दर्ता, नवीकरण, लेखा परीक्षण, प्रारम्भिक वातावरणीय प्रतिवेदन भेटिएन, प्रशासनले गरायो क्रसर बन्द

झापामा **चिरञ्जीवी धिमिरे**

ठेकेदारले पूर्व-पश्चिम राजमार्ग विस्तारका नाममा झापाको दमक नगरपालिका-३, पानीघट्टामा अवैध क्रसर सञ्चालन भएको पाइएको छ । विगतमा सिवालिक निर्माण प्रालिले सञ्चालन गरेको क्रसरलाई पूर्व-पश्चिम राजमार्ग विस्तारको काम गर्दै आएको इभ्रास्कन/कालिका जेभीले सम्झौता गरेर सञ्चालन गर्दै आएको छ ।

तर, जिल्ला प्रशासन कार्यालय झापा र जिल्ला समन्वय समितिले बिहीबार गरेको अनुगमनका क्रममा क्रसरको कागजात फेला परेन । दमक नगरपालिकाले दिएको अस्थायी क्रसर सञ्चालन अनुमतिबाहेक कुनै कागजात नभेटिएको झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले बताए । 'हामीले त्यहाँ जाँदा कागजात भेटेनौं । दर्ता, नवीकरण, लेखा परीक्षण, प्रारम्भिक वातावरणीय प्रतिवेदनको कागजात भेटेनौं । तत्काललाई गतिविधि (क्रसरमा काम) बन्द गराएका छौं,' उनले भने, 'एसियन राजमार्ग निर्माण गर्ने कम्पनीले सम्झौता गरेर सञ्चालन गरिरहेको रहेछ । कम्पनीका प्रतिनिधिसँग कुराकानी पनि भयो । तर, सम्झौता कागजात पनि भेटेनौं । अस्तित्व नै नभएको कम्पनीसँग त सम्झौता हुँदैन होला । यसको कानुनी व्यक्ति भेटिएन । जहाँ कागजात राख्नुपर्ने त्यहाँ राखेको पाइएन । राजमार्ग विस्तार गर्ने नाममा नागरिकको स्वास्थ्यमा असर गर्न पाइँदैन ।' तत्कालै कागजात लिएर छलफलका लागि जिल्ला प्रशासन कार्यालय बोलाएको उनले बताए । यदि कागजात भएमा क्रसर सञ्चालन गर्न पाउने सहायक प्रजिअ प्रसाईंको भनाइ छ । तत्काललाई काम बन्द गरे पनि कागजात लिएर आएमा कागजात अध्ययन गरेर निर्णय गरिने उनले बताए । दमक नगरपालिकाले अस्थायी रूपमा अनुमति दिँदा कुन आधारमा दिएको हो भन्नेबारे पनि अध्ययन गर्नुपर्ने उनले बताए ।



राजमार्गको विस्तारको नाममा दमक ३ मा सञ्चालनमा रहेको क्रसर । तस्बिर : नयाँ पत्रिका

क्रसर सञ्चालकले दमक नगरपालिकामा ८ चैत ०८० मा तीन लाख रुपैयाँ व्यवसाय कर तिरेको प्रमाण पेस गरेका छन् । तर, अनुगमनको क्रममा त्यसपछि नवीकरण भएको वा नभएको कागजात भने देखाउन सकेनन् ।

पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि ल्याइदिने नदीजन्य पदार्थ र माटो अवैध रूपमा उत्खनन हुने गरेको भन्दै गुनासो हुँदै आएको छ । विगतदेखि नै चुरे क्षेत्रमा अवैध दोहन तथा पूर्वराजा ज्ञानेन्द्र शाहको चिया बगानमा समेत अवैध उत्खनन भएको थियो । राजमार्ग विस्तारको नाममा अवैध क्रसरसमेत राखेको भेटिएको छ ।

यस्तै, दमक ३ कै बिएफओ बालुवा प्रशोधन केन्द्र पनि अवैध भएको पाइएको सहायक प्रजिअ प्रसाईंले बताए । अनुगमनका क्रममा यसको पनि कागजात फेला नपरेको उनको भनाइ छ । यद्यपि, यो बालुवा प्रशोधन केन्द्र करिब एक वर्षदेखि सञ्चालनमा छैन । तर, अब सञ्चालन गर्ने गरी नदीजन्य पदार्थ भण्डार सुरु गरिएको अनुगमनमा पाइएको थियो । प्रारम्भिक वातावरणीय परीक्षणसमेत नगरी सञ्चालन क्रसर चलाइएको र बस्तीनजिक भएकाले स्थानीयको स्वास्थ्यमा गम्भीर असर परेको भन्दै जिल्ला प्रशासन कार्यालय झापामा उजुरी परेको थियो ।

मकालुमा पहिरोको उच्च जोखिममा परेका दुई घर स्थानान्तरण

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभाको मकालु गाउँपालिका- २, सेदुवामा पहिरोको उच्च जोखिममा परेको दुई घर सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ । घरको आँगन डिलदेखि नै पहिरो गएपछि मकालु गाउँपालिका- २, सेदुवाका स्थानीय नरबहादुर चुवान र कृष्णबहादुर घिमिरेको दुई परिवारलाई सुरक्षित ठाउँ छिमेकीको घरमा स्थानान्तरण गरिएको हो ।

संखुवासभाका प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले कासुवा हाइड्रोपावर जाने सडकमा पहिरो जाँदा दुई घर उच्च जोखिममा परेकाले स्थानान्तरण गरिएको बताइन् । 'अहिले नै विस्थापित भन्न मिल्दैन, घरको आँगनैदेखि पहिरो गएकाले बस्न जोखिम हुने भएकाले सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको हो । दुई घरसँगै हेमान्द्री माध्यमिक विद्यालयसमेत पहिरोको जोखिममा परेको छ,' उनले भनिन्, 'स्थलगत अध्ययनका लागि मकालु गाउँपालिका र कासुवा हाइड्रोपावरका प्राविधिक टोलीसहित खटिएको छ । सुरक्षाका लागि सेना र प्रहरीसमेत खटाएका छौं ।'

केही दिनदेखिको अविरल वर्षाका कारण बिस्तारै घरको आँगन डिलदेखि धस्सिँदै गएको स्थानीय नरबहादुर चुवानले बताए । पहिरोले सडकसँगै घरको आँगन र सिकुवासमेत बगाएपछि बिहीबारदेखि घरमा बस्न छाडेको उनको भनाइ छ । 'नेपाली सेना र प्रहरी बिहानै घरमा आउनुभयो र तपाईं यहाँ नबस्नुहोस, घर खाली गर्नू भन्नुभयो, अहिले छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छौं,' चुवानले भने, 'घरै पहिरोले लैजाने खतरा बढेपछि घरभित्रका सामान सारेर अहिले छिमेकीको घरमा आश्रय लिएका छौं । श्रीमती, दुई छोरा र दुई छोरीसहित ६ जनाको परिवार आश्रय लिएर बसेका छौं ।' नरबहादुरको घरअगाडि करिब ५० मिटर पहिरो आँगनको डिलबाटै खसेको उनको भनाइ छ ।

कृष्णबहादुर घिमिरे पनि आफ्नो घर पहिरोको उच्च जोखिममा परेपछि छिमेकीको घरमा आश्रय लिएर बस्न थालेका छन् । कृष्णबहादुरको घरमा श्रीमान्, श्रीमती र एक छोरासहित तीनजनाको परिवारको बिचल्ली भएको छ । निरन्तर वर्षा भइरहेकाले तत्कालै अर्को घरमा बनाउन पनि सम्भव नभएको बताउँछन् । नरबहादुर र कृष्णबहादुर दुवैजनाको जस्तापाताले छाएको तीनतले घर छ । घरअगाडिदेखि पहिरो गएपछि दुवै परिवार विस्थापित बन्न बाध्य भएको हो ।



पहिरोको जोखिममा परेको नरबहादुर चुवानको घर



हेमान्द्री माविको आँगनअगाडि भत्किएको वाल

कोहलपुर-सुर्खेत १३२ केभिए नियमित हुन अझै दुई साता लाग्ने

सुर्खेत/ हावाहुरीले राष्ट्रिय प्रसारण लाइनको टावर ढलेपछि अवरुद्ध बनेको कोहलपुर-सुर्खेत १३२ केभिए विद्युत् सेवा सुचारु हुन अझै कम्तीमा दुई साता लाग्ने भएको छ । गत २६ वैशाखमा बाँकेको बैजनाथ गाउँपालिकास्थित राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको सेनाको चिसापानी चेकपोस्टदेखि पूर्वी क्षेत्रमा ठुलो सालको रुख ढलेर तारमा बज्रिँदा प्रसारण लाइनको टावर ढलेको थियो ।

अहिले क्षतिग्रस्त क्षेत्रमा टावर पुनर्निर्माणको पहिलो चरणअन्तर्गत फाउन्डेसन (जग) ढलानको काम सकिएको छ । अबको दुई साताभित्र टावर निर्माण र तार तान्ने काम सकेर विद्युत् सेवा नियमित गर्ने तयारी भइरहेको छ । १३२ केभिए विद्युत् आयोजनाका प्रमुख रविकुमार चौधरीका अनुसार प्रसारण लाइनको क्षेत्राधिकारभन्दा बाहिर रहेको सालको रुख ढलेका कारण क्षति पुगेको हो ।

हावाहुरीका कारण प्रसारण लाइनको मध्यविन्दुभन्दा बाहिर रहेको करिब ३८ मिटर लामो र तीन मिटर मोटाइको सालको रुख ढलेर तारमा लाग्दा पोलमा क्षति पुगेको प्रमुख चौधरीले बताए । 'अवरुद्ध विद्युत् छिटो सुचारु गर्न हामीले फाउन्डेसन निर्माणको काम गत सोमबार सकेका छौं,' उनले भने, 'अब टावर खडा गर्ने र तार तान्न कम्तीमा दुई साता लाग्छ । त्यसपछि विद्युत् नियमित हुन्छ ।'

प्रसारण लाइनको मध्यविन्दुबाट दायाँबायाँ नौ-नौ मिटर क्षेत्रका रुखहरू यसअघि नै हटाइए पनि निकुञ्जभित्र रहेका अन्य जोखिमयुक्त रुखहरू हटाउन अनुमति नपाउँदा आगामी दिनमा पनि यस्तै जोखिम रहने चौधरीले बताए । चिसापानी क्षेत्रमा यस्ता धेरै जोखिमपूर्ण ८० बढी रुखहरू रहेको र यसबारे माथिल्लो निकायलाई पहिले नै जानकारी गराइसकिएको उनले बताए ।

प्रसारण लाइन बन्द भएपछि अहिले सुर्खेतसहित कर्णालीका अन्य जिल्लामा कोहलपुर-सुर्खेत र लम्की-बाबियाचौर-सुर्खेतको पुरानो ३३ केभी लाइनमार्फत विद्युत् आपूर्ति भइरहेको छ । तर, अत्यधिक गर्मीको समयमा ३३ केभी सिस्टममा मागभन्दा निकै कम भोल्टेज आउँदा उपभोक्ताहरूले चर्को सास्ती खेपिरहेका छन् ।

काठमाडौंमा असिनापानी

सिन्धुपाल्चोकको गोब्रेमा एक घण्टामै ५८.८ मिलिमिटर पानी

काठमाडौं/ काठमाडौंमा बिहीबार राति असिनासहित वर्षा भइरहेको छ । दिनभर घाम लागेकामा यसअघि साँझ पानी परेको थियो । तर, राति सवा आठ बजेदेखि निरन्तर पानी परिरहेको छ, त्यो पनि बर्खाको भीषण वर्षाजसरी ।

विशेष गरी काठमाडौंको उत्तरी क्षेत्रमा ठुलो पानी परिरहेको छ । सिन्धुपाल्चोकको गोब्रेमा एक घन्टामै ५८.८ मिलिमिटर पानी परेको छ । ककनीमा ५.६, कीर्तिपुरमा ३ र कपनमा २.४ मिलिमिटर पानी परेको । जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले प्रिमसुन सक्रिय बन्दा असिनापानी परिरहेको र एक-डेढ घन्टामा थामिने बताए । प्रिमनसुनमा हावाहुरी, मेघगर्जन, चट्याङसहित पानी पर्छ, अहिले भइरहेको त्यही हो,' उनले भने, 'यसमा स्थानीय वायुले काम गरेको छ ।'

काठमाडौंजस्तै, कैलालीको चुरे क्षेत्र, रुकुम, पोखरालगायत क्षेत्रमा पनि ठुलो पानी परेको छ । पश्चिम क्षेत्रमा विकास भएको यो प्रणाली विस्तारै पूर्व सर्दै जाने आकलन छ । यद्यपि, राति बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमलगायत कोशी प्रदेशका हिमाली र पहाडी भू-भागका केही स्थान तथा मधेश प्रदेशलगायत कोशी प्रदेशका तराई भूभागका एक-दुई स्थानमा मेघगर्जन-चट्याङसहित मध्यमसम्मको वर्षाको आकलन छ ।

एक महिनामै...

पृष्ठ १ बाट क्रमशः

अनुमान छ ।' भण्डारीका अनुसार समय नपुगे सम्पत्ति विवरण फारम भर्ने समय थप्न सकिनेछ । 'तर, तोकिएको एक वर्षभित्रै कार्यसम्पन्न गर्ने प्रयासमा आयोग छ,' उनले भने ।

गत ३१ वैशाखमा आयोगले गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरेर छानबिनको दायरामा पर्ने प्रकृतिका पदाधिकारी उल्लेख गरी एक महिनाभित्र आफ्नो र परिवारका नाममा रहेको सम्पत्ति विवरण भर्न आह्वान गरेको छ । सम्पत्ति विवरण फारम भर्नेसँगै आयोगले छानबिनको दायरामा पर्ने पदाधिकारीहरूसम्बन्धी कुनै उजुरी भए पेस गर्न आह्वानसहितको अर्को सूचना पनि निकालेको थियो । आयोगले पहिलो चरणमा आर्थिक वर्ष ०६२/६३ देखि ०८२ चैत मसान्तसम्मको अवधिको सम्पत्ति छानबिन गर्दै छ । यसपछि ०४८ देखिको पनि छानबिनका लागि अर्को सूचना निकाल्ने आयोगले जनाएको छ ।

आयोगका अध्यक्ष भण्डारीका अनुसार आयोगले पूर्वप्रधानमन्त्रीदेखि पालिकाका अध्यक्ष, उपाध्यक्षसम्मका पदाधिकारीको छानबिन हुनेछ । पूर्वराजासहित पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति र बहालवाला राष्ट्रपति एवं उपराष्ट्रपति भने छानबिनको दायरामा नपर्ने उनले स्पष्ट पारे । उनका अनुसार पूर्वराष्ट्रपति र उपराष्ट्रपतिका सल्लाहकारहरू भने छानबिनमा पर्नेछन् ।

गत २ वैशाखको मन्त्रिपरिषद्को बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश भण्डारीको अध्यक्षतामा पाँचसदस्यीय सम्पत्ति छानबिन आयोग गठन गर्ने निर्णय गरेको थियो । गत ९ वैशाखमा तत्कालीन कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले आयोगका पदाधिकारीहरूलाई शपथ खुवाएकी थिइन् । शपथलगत्तै पदाधिकारीले पदभार लिएपछि १० वैशाखदेखि नै काम थालेका थिए । आयोगले काम थालेको एक महिना भइसकेको छ । कार्यालय स्थापनादेखि कर्मचारी व्यवस्थापनसम्मको पूरै नयाँ संरचनामा काम गर्नुपर्दा त्यसले समय लिएको आयोगका पदाधिकारी बताउँछन् ।

यी हुन् छानबिनको दायरामा परेकाहरू

आयोगको सम्पत्ति छानबिनको दायरामा श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तर्ने तथा सहायकमन्त्री, तत्कालीन संसद् सदस्य, व्यवस्थापिकाको रूपमा कार्य गर्ने संविधानसभाका सदस्य ०४७, ०६३ र हालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्वन्यायाधीशहरू तथा नेपाली सेनाको सेवा निवृत्त राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र सोभन्दा माथिका अधिकृतहरू पर्छन् । त्यस्तै, प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायकमन्त्री, प्रदेश सभाका सदस्य तथा पदाधिकारी, महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता, साबिकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष, नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी पनि यस्तो दायरामा पर्छन् ।

राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) वा सोसरह र सोभन्दा माथिको पदका निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीको सम्पत्ति पनि छानबिन हुनेछ । यो दायरामा कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद् सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवाको राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) वा सोसरहका कर्मचारी, कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागको राजपत्रांकित द्वितीय श्रेणी वा सोसरहको कर्मचारी, नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छन् ।

सम्पत्ति छानबिनको घेरामा प्रचलित कानुनबमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारी पनि छन् । त्यस्तै, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिको कर्मचारी, नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठानलगायतका निकायका पदाधिकारी र राजपत्रांकित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारीको सम्पत्ति पनि छानबिन हुनेछ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकारका मन्त्री वा प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायकमन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्तै पदमा रहेका व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक वा सुविधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त भई काम गरेका सल्लाहकार, स्वकीय सचिव, निजीसचिव वा यस्तै पदाधिकारीका सम्पत्ति पनि आयोगले हेर्नेछ ।

बिचौलिया भट्टसहित...

पृष्ठ १ बाट क्रमशः

गोल्छासहित सञ्चालकहरू सुलभ अग्रवाल, अमित मोर, राजीव मोर, शुभेच्छा खरेल, सुभाषकुमार झुनझुनवाला र भारतीय नागरिक मनीष कुमार तथा सिइओ उपासना पौडेललगायतको यसमा मिलेमतो रहेको सिआइबीको निष्कर्ष छ । उनीहरूमध्ये दीपक भट्ट र सुलभ अग्रवाल भने हिरासतमै छन् ।

भट्टले इन्फिनिटी होल्डिङ्समार्फत हिमालयन रिमा ४.५० प्रतिशत अर्थात् ४६ लाख ८० हजार कित्ता सेयर लगानी गरेका छन् । उनकै पहलमा यो रि-इन्स्योरेन्स स्थापना भएको हो । हिमालयन रि-इन्स्योरेन्स स्थापनामै ठुलो नीतिगत र संगठित अनियमितताको आरोप लाग्दै आएको छ । स्थापनापछि पनि उनले निजी कम्पनीका रूपमा कम्पनीको पैसा दुरुपयोग गरेको खुलेको छ ।

'उनले जे भन्यो सञ्चालक समिति र कर्मचारीले त्यही गर्ने देखियो,' अनुसन्धानमा आबद्ध सिआइबीका एक अधिकारी भन्छन्, 'बिमकको पैसा उनीहरूको अनुमतिविना प्रयोग गर्न पाइँदैन, तर अरबौं रकम दुरुपयोग गरी व्यक्तिगत सेयर खरिद गरेको देखियो ।'

बिमा प्राधिकरणले नै सुरुमा यस विषयमा छानबिन गरेको थियो । प्राधिकरणकै छानबिन प्रतिवेदनमा टेकेर सिआइबीले पहिलो चरणको अनुसन्धान पूरा गरेको हो । सिआइबीको अनुसन्धान प्रतिवेदन अध्ययन भइरहेको र सम्भवतः आगामी साता सरकारी वकिल कार्यालयमा मुद्दा दर्ताको सम्भावना रहेको सरकारी वकिल कार्यालयका अधिकारी बताउँछन् ।

पाँच कम्पनीमार्फत तीन अर्ब ७३ करोड अपचलन

बिचौलिया भट्ट र उनको समूहले कम्पनीमा तीन अर्ब ७३ करोड दुरुपयोग गरी आफ्नो व्यक्तिगत स्वार्थमा प्रयोग गरेका थिए । सो पैसा उनीहरूले सेयर खरिदमा प्रयोग गरेका थिए । सेयर बजारमा निश्चित कम्पनीको मूल्य बढाउने र घटाउने गरी सेयर खरिद-बिक्री गर्दै आएका थिए । जसमा सिआइबीले धितोपत्रसम्बन्धी कसुरमा छुट्टै अनुसन्धान गरिरहेको छ ।

सिआइबीले बुझाएको प्रतिवेदनमा हिमालयन रिबाट दुई अर्ब ८१ करोड ३३ लाख १५ हजार, हिमालयन रिकै सहायक कम्पनी हिमालयन क्याप सर्भ ३७ करोड, हिमालयन सेक्युरिटिज बैंकर लिमिटेडबाट २२ करोड १९ लाख ७१ हजार, एचएलआई लार्ज क्याप फन्डबाट २५ करोड १४ र नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख दुरुपयोग गरेका थिए । सिआइबीले हिमालयन इन्भेस्टमेन्ट बैंकका कपिलकुमार दाहाल, दीपककुमार श्रेष्ठ, एचएलआई लार्ज क्याप फन्डका सुमेरशमशेर जबरा, जावलाखेल डिस्टिलरीका राजबहादुर शाह, भृकुटी ब्रोकरका सञ्चालक सन्दीप चाचनलगायतविरुद्ध धितोपत्रसम्बन्धी कसुरमा मुद्दा चलाउन सिफारिस गरेको छ ।

धितोपत्र ऐनअनुसार एक करोडभन्दा धेरै बिगो रहेको मुद्दामा तीनदेखि पाँच वर्षसम्म कैद र बिगोअनुसार जरिवानाको सजाय हुने प्रावधान छ । सोहीअनुसार यसमा सिआइबीले मागदाबी लिएको छ ।

हिमालयन रिका पूर्वअध्यक्ष शेखर गोल्छालाई पनि सिआइबीले अनुसन्धानका क्रममा पक्राउ गरेको थियो । उनी सर्वोच्चको आदेशमा छुटिसकेका छन् । उनीमाथि धितोपत्रसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ ।

त्यस्तै, नेपाल माइक्रो इन्स्योरेन्सका अध्यक्ष आशिष श्रेष्ठलाई समेत सिआइबीले पक्राउ गरेकोमा उनी हाल हाजिरी जमानीमा छन् । सिआइबीले छानबिन सुरु गरेपछि हिमालयन रिका अध्यक्ष गोल्छासहित सञ्चालकहरू अमित मोर, राजीव मोर, शुभेच्छा खरेल र सुवास झुनझुनवालाले राजीनामा दिएका थिए ।

चिया अनुसन्धान...

पृष्ठ १ बाट क्रमशः

फुडिङ सेवा सुरु गरिसकेको छ,' उनले भने, 'लजिङ सेवा भने आन्तरिक सजावटको काम भइरहेकोले आउँदो असारबाट मात्र सुरु हुनेछ ।'

कोशी प्रदेशलाई चिया-कफीको विकासमा अघि बढाउने भन्दै सरकारले सूर्योदय नगरपालिका- ७, कन्यामा ससर्त अनुदानमार्फत उक्त संरचना निर्माण गरेको थियो । गत वर्ष मंसिरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भवनको भव्य रूपमा उद्घाटन गरेका थिए । तर, सूर्योदय नगरपालिकाका कार्यवाहक मेयर दुर्गाकुमार बरालले उद्देश्यअनुरूप सेन्टर सञ्चालन गर्न ढिलाइ हुने भएकाले भौतिक सम्पत्तिलाई उपयोगमा ल्याएर आम्दानी गर्न लिजमा दिइएको दाबी गरे । कार्यविधिअनुसार नै गेस्ट हाउस, किचन र सेमिनार हल मात्र निजी क्षेत्रलाई उपयोग गर्न दिइएको उनको भनाइ छ ।

'हामीले टी-टेस्टिङका लागि निर्माण भएको प्रयोगशाला (ल्याब) भवन आफैंसँग राखेका छौं र सञ्चालनको तयारी गरिरहेका छौं,' बरालले दाबी गरे, 'ल्याब सञ्चालनका लागि प्रदेश योजना आयोग र संघीय सरकारका निकायहरूसँग निरन्तर छलफल भइरहेको छ, चाँडै चिया परीक्षण सेवा पनि सुरु गर्नेछौं ।'

कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता पशुपति ढुंगानाले पनि वित्तीय हस्तान्तरण भइसकेकाले गेस्ट हाउस भाडामा लगाउने अधिकार पालिकाकै भएको बताए । प्राविधिक कर्मचारी र उपकरण अभावका कारण पालिकालाई कार्य सम्पादनमा कठिनाइ भएपछि प्रदेश योजना आयोगले नै यसलाई निजी क्षेत्रमार्फत सञ्चालन गराउन सुझाव दिएको उनले जानकारी दिए । ढुंगानाका अनुसार ल्याबका उपकरणहरू आयात भइसकेकाले जडान गरेर लिजमै भए पनि सञ्चालन गराउने प्रयास भइरहेको छ ।

■ पहिलोपटक खुला प्रतिस्पर्धाबाट राजदूत छानिँदै

१३ देशका राजदूतका लागि आवेदन माग



परराष्ट्र मन्त्रालयद्वारा भारत, चीन, अमेरिका, बेलायत, अस्ट्रेलिया, इजरायल, दक्षिण कोरिया, अस्ट्रिया, बहराइन, बंगलादेश, मलेसिया, ओमान र साउदी अरेबियाका लागि राजदूत पदमा आवेदन माग

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले १३ देशका लागि राजदूत नियुक्ति गर्न खुला आवेदन आह्वान गरेको छ। परराष्ट्र मन्त्रालयले बिहीबार रिक्त राजदूत पदमा आवेदन दिन वा योग्यतम् व्यक्तिको नाम सिफारिस गर्न सार्वजनिक सूचना जारी गरेको छ। सरकारले विगतमा राजनीतिक दलहरूको भागबन्डाका आधारमा राजदूत नियुक्ति गर्ने गरेकामा यसपटक खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्न लागेको हो।

परराष्ट्र मन्त्रालयले जारी गरेको सूचनाअनुसार खुला प्रतिस्पर्धाबाट भारत, चीन, अमेरिका, बेलायत, अस्ट्रेलिया, इजरायल, दक्षिण कोरिया, अस्ट्रिया, बहराइन, बंगलादेश, मलेसिया, ओमान र साउदी अरेबियाका लागि राजदूत पदमा आवेदन मागिएको छ। सरकारले २२ चैतमा ६ देशका लागि नेपाली राजदूत फिर्ता गरेसँगै १७ कूटनीतिक नियोग (दूतावास) नेतृत्वविहीन हुँदै आएको छ। आगामी साउनदेखि इजिप्ट, बंगलादेश, म्यानमार, ब्राजिलसहित सात देशका लागि राजदूत कार्यकाल सकेर फर्किँदै छन्। रिक्त भएका जापान, स्पेन, जर्मनी, रुस, कतार, डेनमार्क र श्रीलंकाका लागि राजदूत पदमा खुला आवेदन गरिएको छैन।

भारत, चीन, बेलायत, बहराइन, बंगलादेश, बेल्जियम, ब्राजिल, क्यानडा, डेनमार्क, इजिप्ट, फ्रान्स, जर्मनी, इजरायल, जापान, दक्षिण कोरिया, कुवेत, मलेसिया, म्यानमार, ओमान, पाकिस्तान, पोर्चुगल, कतार, रुस, साउदी अरेबिया, दक्षिण अफ्रिका, श्रीलंका, थाइल्यान्ड, युएई, अमेरिका र स्पेनमा नेपाली दूतावास छन्। न्युयोर्क, जेनेभा र भियनामा संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग छन्। यिनीहरूले कतिपय देशको आवासीय तथा गैरआवासीय दूतावासको पनि जिम्मेवारी लिएका छन्।

'नेपालको परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिको प्रभावकारी सञ्चालन तथा प्रवर्द्धन गर्न परराष्ट्र मन्त्रालयले विभिन्न मुलुकका लागि नेपालको राजदूत पदमा योग्य तथा इच्छुक नेपाली नागरिकको दरखास्त/सिफारिस आह्वान गरेको हो,' सूचनामा भनिएको छ, 'नियुक्ति प्रक्रियाअन्तर्गत इच्छुक तथा योग्य उम्मेदवारहरूले स्वयंले पनि आफ्नो दरखास्त पेस गर्न सक्नेछन्, साथै अन्य कुनै व्यक्ति तथा निकायले योग्य उम्मेदवारको नाम सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ।'

राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ समेतका आधारमा राजदूतका लागि आवेदन तथा सिफारिस गर्न भनिएको छ। सम्भावित उम्मेदवारको आवेदन/सिफारिस गर्दा मन्त्रालयको आधिकारिक वेबसाइटमा उपलब्ध फाराममार्फत विस्तृत व्यक्तिगत विवरणलगायत कागजात पेस गर्नुपर्ने वा इमेलमा पठडाउनुपर्ने सूचनामा उल्लेख छ। खुला आवेदन २२ जेठसम्मका लागि खुला गरिएको परराष्ट्रले जनाएको छ।

परराष्ट्र मन्त्रालयले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम प्रदत्त अधिकारको प्रयोग गर्दै, राजदूत, स्थायी प्रतिनिधि र विशेष प्रतिनिधिहरूको नियुक्ति, कर्तव्य र सेवाका सर्तहरूलाई नियमन गर्न राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ (हालै २०७९ मा संशोधित) तर्जुमा गरे पनि विगतमा कार्यान्वयन भएको थिएन।

राजदूत बन्न आवश्यक पर्ने योग्यता

राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ३ (छ) बमोजिम, आवेदक कम्तीमा ३५ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्ने, कम्तीमा स्नातक उत्तीर्ण गरेको हुनुपर्ने, कुनै पनि विदेशी मुलुकको स्थायी वा अस्थायी आवासीय अनुमति वा अध्यागमन सुविधा नलिएको हुनुपर्ने तथा नेपालको परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, वा द्विपक्षीय/बहुपक्षीय कूटनीतिको क्षेत्रमा अनुभव भएको र नेपालको प्रतिनिधित्व गर्न सक्षम हुनुपर्नेछ। विगतमा कुनै विदेशी राज्यद्वारा पारिश्रमिक पाउने पदमा नियुक्त भएको भए सो भूमिका छाडेको कम्तीमा १० वर्ष पूरा भएको हुनुपर्ने पनि मापदण्डमा उल्लेख छ।

सरकारले अन्तर्राष्ट्रिय सम्बन्ध, राजनीतिशास्त्र, कानुन, अर्थशास्त्र, जनप्रशासन वा सान्दर्भिक क्षेत्रमा स्नातकोत्तर वा सोभन्दा माथिको उपाधि भएमा अझ प्रभावकारी हुने भनेको छ। उच्च सरकारी, कूटनीतिक वा संस्थागत संगठनहरू, गैरसरकारी संस्थाहरू वा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको सार्वजनिक सेवाका भूमिकामा नेतृत्वदायी पदहरूमा उल्लेखनीय अनुभव रहेका, द्विपक्षीय वा बहुपक्षीय वार्ता, सन्धि-निर्माण वा अन्तर्राष्ट्रिय कानुनी रूपरेखाहरूमा प्रमाणित ट्र्याक रेकर्ड (अनुभव) रहेका तथा प्रस्तावित अतिथि देश वा क्षेत्रमा पहिलेको पदस्थापन वा जिम्मेवारी हुनु फाइदाजनक हुने भनिएको छ। यसैगरी, व्यापार प्रवर्द्धन, लगानी सहजीकरण वा आर्थिक कूटनीतिमा अनुभव भएका, संयुक्त राष्ट्रसंघीय प्रणाली, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू वा क्षेत्रीय निकायहरूमा काम गरेकाहरूलाई पनि प्राथमिकतामा राखिने परराष्ट्रले जनाएको छ।

परराष्ट्रले आवेदक उम्मेदवार पहिचान तथा प्रारम्भिक सूची तयार गर्ने र प्रारम्भिक जाँच गर्ने पनि जनाएको छ। 'योग्यता, दक्षता र विशिष्ट पदस्थापनका लागि उपयुक्तताका आधारमा योग्य उम्मेदवारहरूको संक्षिप्त सूची तयार गर्ने तथा सिफारिस उम्मेदवारहरू मन्त्रिपरिषद्मा सिफारिस हुनेछन्, त्यसपछि मन्त्रिपरिषद्दले राजदूत मनोनयन गर्दै संसदीय सुनुवाइ समितिमा पेस गर्नेछ। सुनुवाइ सकिएपछि सम्बन्धित देशमा एग्रिमोका लागि पठाउने र स्वीकृत भएर आएपछि राष्ट्रपतिबाट नियुक्ति र शपथ हुनेछ। परराष्ट्रको सूचनामा राजदूतको कार्यकाल चार वर्ष भनिए पनि फिर्ता बोलाउने प्रावधान पनि स्मरण गराइएको छ। 'नेपाल सरकारले आवश्यक ठानेमा कानुनद्वारा आवश्यक ठानिएबाहेक अन्य कुनै कारण खुलाउन बाध्य नभई पदावधि पूरा हुनुअगावै राजदूतलाई फिर्ता बोलाउन सक्नेछ,' परराष्ट्रले भनेको छ।

■ सहकारीमा भएको बेथिति जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक

१०८ सहकारीलाई कानुनविपरीत स्वीकृति, विभागका डिजीदेखि शाखा अधिकृतसम्मलाई कारबाही सिफारिस

टेकराज थामी/नयाँ पत्रिका

सरकारले 'सहकारीमा भएको बेथिति जाँचबुझ आयोग, २०८२' को प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनअनुसार १०८ सहकारीलाई कानुनविपरीत स्वीकृति दिने सहकारी विभागका पदाधिकारीलाई कारबाही सिफारिस गरिएको छ। सहकारी नियमनमा भएको बेथितिसम्बन्धी जाँचबुझ गर्न सुशीला कार्की नेतृत्वको सरकारले गत २ माघमा उच्च अदालतका पूर्वन्यायाधीश विनोदप्रसाद शर्माको नेतृत्वमा गठन गरेको आयोगले विभागका तत्कालीन महानिर्देशकसहित शाखा अधिकृतसम्मलाई कारबाही गर्न सफिारिस गरेको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बुधबार प्रतिवेदन सार्वजनिक गरेको मन्त्रालयका सूचना अधिकारी राजेन्द्रप्रसाद गौतमले बताए। 'सरकारले सहकारीमा भएको बेथिति जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गरे पनि डिटेलमा अध्ययन गर्न पाएको छैन। केही पदाधिकारीलाई कारबाही सिफारिस भएको सुनेको छु। प्रतिवेदन कार्यान्वयनमा लैजाने-नलैजाने विषयमा निर्णय भयो-भएन जानकारीमा आएको छैन,' उनले भने।

प्रतिवेदनअनुसार कारबाही सिफारिसमा पर्नेहरू विभागका तत्कालीन महानिर्देशक डा. टोकराज पाण्डे, लीलाप्रसाद शर्मा, कामु महानिर्देशक शंकरराज जोशी, शाखा अधिकृत रघुवंश कँडेल, विनोदकुमार पौडेल, सन्देशप्रसाद श्रेष्ठ, मेनुका घिमिरे, शशीकुमार लम्साल, सुरेन्द्रराज पौडेल, खेमराज विष्ट, गोकुलप्रसाद बोहरा, खिमानन्द आचार्य, रुद्रप्रसाद पण्डितलगायत छन्।

सहकारी क्षेत्र हालको अवस्थामा आइपुग्नुमा सम्बन्धित संस्थामा संलग्न व्यक्ति, कर्मचारी र सहकारी संघ, संस्थाका सञ्चालक तथा जिम्मेवार पदाधिकारीको समेत भूमिका रहेको प्रतिवेदनमा उल्लेख छ। त्यसबाहेक कानुनविपरीत सहकारी सञ्चालनका लागि स्वीकृति दिने नियामक निकायको पदाधिकारी पनि उत्तिकै दोषी रहेको प्रतिवेदनमा उल्लेख छ। 'निकायमा रहेका पदाधिकारीहरू (जस्तै : सहकारीमा संलग्न कर्मचारीहरू, सहकारी अधिकृत, उपरजिस्ट्रार, रजिस्ट्रारलगायत) तथा प्रदेश एवं स्थानीय तहले बहुउद्देश्यीय तथा विविध नाम राखी ऐनको भावना तथा सहकारीका मान्य सिद्धान्तविपरीत संस्था दर्ता गर्ने, कार्यक्षेत्र विस्तार गर्ने, सेवा केन्द्र तथा शाखा कार्यालय खोल्न, स्वीकृति दिनेलगायत कार्य गरेको पाइएको छ,' प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनअनुसार नियामक निकायले सम्भाव्यता अध्ययनविना नै सहकारी खोल्न स्वीकृति दिने गरेका थिए। हचुवाका भरमा सहकारी खोल्न स्वीकृति दिनु नै अहिले उत्पन्न समस्याको जड रहेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'सहकारी संस्थाको दर्ता गर्दा नै सम्भाव्यता, आवश्यकता, वित्तीय क्षमता तथा पूर्वाधार तयारीको कुनै पनि विश्लेषण नै नगरी देशभरि कार्यक्षेत्रको स्वीकृति दिइएको, संस्थाको कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र एवं शाखा कार्यालय खोल्नका लागि पनि हचुवाका भरमा नियामक निकायबाट स्वीकृति लिइएको पाइयो।'

प्रतिवेदनअनुसार उनीहरूले १० वटा सहकारीको एकीकरण स्वीकृति कानुनविपरीत गरिदिएका थिए। १९ सहकारी कार्यक्षेत्र विस्तारको स्वीकृति गर्दा पनि कानुनको पालना गरिएको थिएन। कानुनविपरीत ३५ सहकारीको शाखा कार्यालय विस्तार स्वीकृति र ४४ सहकारीलाई कानुनविपरीत दर्ता स्वीकृति दिएका थिए।

सहकारी डुब्नुमा जिल्ला सहकारी कार्यालय, डिभिजन सहकारी कार्यालय एवं सहकारी विभागलगायत नियामक निकायमा रहेका पदाधिकारी तथा सहकारीमा संलग्न अभियन्ताको पनि मुख्य भूमिका रहेको प्रतिवेदनमा उल्लेख छ। त्यसबाहेक सञ्चालकको निहित स्वार्थ पनि सहकारी डुब्नुको मुख्य कारण रहेको प्रतिवेदनमा भनिएको छ। प्रतिवेदनमा भनिएको छ, 'सहकारी सञ्चालकहरूले निहित स्वार्थका कारण जनताको बचत रकम संकलन गर्न मात्र सोच बनाई सहकारी व्यवसायजस्तो पवित्र कार्यबाट आफ्ना सदस्यहरूको हितमा कार्य गर्नुको सट्टा सहकारीलाई ठगी खाने व्यवसायका रूपमा लिइएको पाइयो।'

प्रतिवेदनअनुसार छानबिनका क्रममा आयोगका सदस्यलाई मन्त्रालय, विभाग र प्रदेश रजिस्ट्रारको कार्यालयले मागेबमोजिमका कागजातसमेत उपलब्ध गराएका थिएनन्। उपलब्ध सीमित कागजातका आधारमा नियामक निकायका पदाधिकारीलाई कारबाही सिफारिस गरिएको प्रतिवेदनमा भनिएको छ। 'दर्ता, कार्यक्षेत्र विस्तार वा एकीकरणमा संलग्न पदाधिकारीको विवरण देखिने समग्र कागजाता मन्त्रालय, विभाग वा प्रदेश रजिस्ट्रार कार्यालयले पूर्ण रूपले उपलब्ध गराउन सकेन। उपत्यकाभित्रका डिभिजन सहकारी कार्यालयमा कार्यालयहरू खारेज हुनुभन्दा अघि तत्काल कार्यरत कार्यालय प्रमुखहरूको नाम प्राप्त भए पनि निजहरूको कार्यावधि सम्बन्धमा सहकारी विभागबाट माग गर्दा विवरण प्रस्तुत हुन सकेन,' प्रतिवेदनमा छ।



● **राजेन्द्रप्रसाद गौतम**, सूचना अधिकारी
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



सरकारले सहकारीमा भएको बेथिति जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गरे पनि डिटेलमा अध्ययन गर्न पाएको छैन। केही पदाधिकारीलाई कारबाही सिफारिस भएको सुनेको छु। प्रतिवेदन कार्यान्वयनमा लैजाने-नलैजाने विषयमा निर्णय भयो-भएन जानकारीमा आएको छैन।

■ सहकारी विभाग खारेज गर्न सिफारिस

आयोगले हाल सञ्चालनमा रहेको सहकारी विभाग खारेज गर्न सिफारिस गरेको छ। त्यसको ठाउँमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई शक्तिशाली बनाउनुपर्ने र सोहीमातहत सबै सहकारी रहनुपर्ने भनेको छ। त्यस्तै, ठुला सहकारीको नियमनमा प्राधिकरणलाई नेपाल राष्ट्र बैंकले सघाउनुपर्ने र प्राधिकरण सक्षम नभएसम्मको अवधिका लागि राष्ट्र बैंकले ४० देखि ५० दक्ष जनशक्ति उपलब्ध गराउनुपर्ने भनिएको छ। प्रतिवेदनमा भनिएको छ, 'प्राधिकरणको आफ्नै दक्ष र पर्याप्त जनशक्ति नभएसम्म नेपाल राष्ट्र बैंकबाट ४०-५० जना दक्ष जनशक्ति उपलब्ध गरी सहकारी संस्थाहरूको सुपरिवेक्षण र अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्छ। एउटा समयावधि तोकी जस्तै पाँच वर्षका लागि नेपाल राष्ट्र बैंकबाट आएका जनशक्ति सुपरिवेक्षण र अनुगमन कार्यमा संलग्न हुनुका साथै प्राधिकरणको जनशक्तिलाई दक्ष बनाउने प्रबन्धमा पनि संलग्न गराउने कार्यादेश हुनु उपयुक्त हुन्छ।' आयोगले प्राधिकरणलाई अर्धन्यायिक निकाय बनाउन पनि सिफारिस गरेको छ। त्यसका लागि छुट्टै ऐन बनाउनुपर्ने प्रतिवेदनमा भनिएको छ। प्रतिवेदनमा छ, 'प्राधिकरणलाई छुट्टै ऐनअन्तर्गत अधिकार सम्पन्न निकायका रूपमा स्थापित गर्ने र सो ऐनमा कसुरदार सञ्चालक तथा जिम्मेवार पदाधिकारीको राहदानी रोक्का गर्ने, बैंक खाता तथा सम्पत्ति रोक्का गर्ने र व्यक्तिगत सम्पत्ति जफत गरी लिलाम गर्ने तथा बचतकर्ताको दायित्व राफसाफ गर्ने अर्धन्यायिक अधिकारसहित राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई मजबुत बनाउने प्रबन्ध गरिनुपर्छ।'

■ तीनपुस्ते सम्पत्ति बिक्री गरी बचत फिर्ता

आयोगले सहकारी ठगीमा संलग्न पदाधिकारी, बोर्ड सदस्य र उनीहरूको सम्बन्धमा रहेका सबै सदस्यको सम्पत्ति बिक्री गरी बचतकर्ताको रकम फिर्ता गर्न सिफारिस गरेको छ। समस्याग्रस्त घोषणा भएको र पुनः सञ्चालनमा आउन नसक्ने सहकारीको हकमा यस्तो कार्य गर्न आयोगले सिफारिस गरेको छ। प्रतिवेदनमा भनिएको छ, 'समस्याग्रस्त सहकारीलाई पुनः सञ्चालन हुन सक्ने अवस्था नभएमा, सञ्चालकलगायत मुख्य जिम्मेवार पदाधिकारी तथा व्यक्तिहरूको सबै सम्बन्धमा रहेका व्यक्तिहरूको अनुसन्धान गरी तिनको नाममा रहेको सम्पत्ति बिक्री तथा व्यवस्थापन गरी सबै बचतकर्तालाई दामासाहीले फिर्ता गर्नुपर्नेछ।'

आयोगले समस्याग्रस्त सहकारी व्यवस्थापनमा हाल अपनाइएको विधिमा परिवर्तन गर्नसमेत सिफारिस गरेको छ। साथै, सहकारीको कारोबारको विस्तृत परीक्षण गरी संस्थाको सम्पत्ति, भुक्तानी गर्नुपर्ने दायित्व, सञ्चालक, लेखा समिति, ऋण उपसमिति, कर्मचारी, ऋणीहरूको तीनपुस्ते (पारपाचुकेसमेत) र तिनको नाममा रहेको धितो यकिन गर्न भनेको छ। प्रतिवेदनमा भनिएको छ, 'समस्याग्रस्त सहकारी व्यवस्थापनमा हाल अपनाइएको विधिमा परिवर्तन गरी सहकारीको कारोबारको विस्तृत परीक्षण गरी संस्थाको सम्पत्ति, भुक्तानी गर्नुपर्ने दायित्व (बचतसमेत), सञ्चालक, लेखा समिति, ऋण उपसमिति, कर्मचारी, ऋणीहरूको तीनपुस्ते (पारपाचुके समेत) र तिनको नाममा रहेको धितो यकिन गर्नुपर्नेछ।'

सुरक्षा घेराभित्र प्रादेशिक अस्पतालको उद्घाटन

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले लम्कीचुहा प्रादेशिक अस्पतालको उद्घाटन गरेका छन्। लम्कीचुहा नगर प्रमुख सुशीला शाहीको असहमतिका बिच मुख्यमन्त्री शाहले लम्कीचुहा नगर अस्पतालालाई प्रादेशिक अस्पतालका रूपमा उद्घाटन गरेका हुन्।

नगर प्रमुख शाही यतिबेला अजरबैजान भ्रमणमा छिन्। अस्पताल उद्घाटनमा अवरोध र अप्रिय घटना हुन सक्ने भन्दै ठुलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको थियो। यसअघि नगर प्रमुख शाहीको अवरोधका कारण अस्पताल उद्घाटन रोकिएको थियो। उद्घाटन समारोहमा उपप्रमुख जुना चौधरी र केही वडाध्यक्ष भने सहभागी थिए।

मुख्यमन्त्री शाहले पालिकाको सहमति, स्थानीय बासिन्दाको माग र आवश्यकताका आधारमा लम्कीचुहालाई प्रादेशिक अस्पताल बनाइएको बताए। अस्पतालको स्तर वृद्धि अब कसैले विरोध गर्दैमा नरोकिने उनको भनाइ थियो। 'मुख्यमन्त्री भएको तीन वर्ष भयो। पहिलोचोटि मुख्यमन्त्री भएजस्तो लागिरहेको छ। आज यत्रो सुरक्षा घेराभित्र उद्घाटन हुँदै छ,' उनले भने।

सुरुमा पालिकाले नै सहमतिपत्र दिएपछि प्रदेश सरकारले संघीय सरकारको अनुमति लिएर लम्कीचुहालाई प्रादेशिक अस्पताल बनाउने निर्णय गरेको थियो। त्यसका लागि कर्मचारीको संगठन तथा व्यवस्थापन सर्भेलगायत प्रक्रिया पनि गरिएका थिए। तर, अस्पताल स्तरोन्नतिको सबै प्रक्रिया पूरा भएपछि नगरपालिका अस्पताल हस्तान्तरणसम्बन्धी सम्झौता गर्न तयार भएन।

सुरुमा सहमति दिए पनि स्तरोन्नतिका कुनै पनि प्रक्रिया प्रदेश सरकारले छलफल नगरेको र अन्तिममा एकैपटक अस्पताल हस्तान्तरको सहमति गर्न बोलाएको भन्दै नगर प्रमुख शाहीले विरोध गर्दै आएकी छिन्। उनले कार्यरत कर्मचारी व्यवस्थापन, दायित्व भुक्तानीलगायत विषयमा सहमति नभएसम्म अस्पताल हस्तान्तरण नहुने बताउँदै आएकी छिन्। यसबारे प्रदेश सरकारले आफूहरूसँग छलफल गर्नुपर्ने उनको भनाइ छ।

सकियो नेकपाका स्थानीय जनप्रतिनिधिको भेला

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीको स्थानीय तहका जनप्रतिनिधिको दुईदिने राष्ट्रिय प्रशिक्षण भेला १० बुँदे कार्यदिशा पारित गर्दै सम्पन्न भएको छ। राजधानीस्थित प्रज्ञा भवन कमलादीमा बुधबार र बिहीबार भएको भेलाले स्थानीय तह जनप्रतिनिधि राष्ट्रिय प्रशिक्षण भेला जनजीवनसँग सम्बन्धित समस्या समाधानमा केन्द्रित भई उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै निरन्तर जनसेवामा समर्पित हुनेसहित १० बुँदे कार्यदिशा पारित गरेको हो। जनमुखी, उत्पादनमुखी र समाजवादउन्मुख नीति तथा बजेटमा एकरूपता कायम गर्ने, योजनाबद्ध, परिणाममुखी र जनकेन्द्रित बजेट तय गर्ने र प्रत्येक पालिकाले नमुना तथा उदाहरणीय कार्य गर्ने कार्यदिशा पारित भएको छ। कार्यदिशाअनुसार यस वर्षलाई कार्यसम्पन्नता केन्द्रित वर्षका रूपमा लिने र अधुरा तथा चलिरहेका सबै योजनालाई प्राथमिकताका साथ सम्पन्न गरिने भएको छ।



मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न कांग्रेसको माग

■ कार्की आयोगको प्रतिवेदन अधुरो र अपूर्ण रहेको निष्कर्ष

नयाँ पत्रिका



देवराज चालिसे

प्रमुख प्रतिपक्षी दल कांग्रेसले गत २३-२४ भदौको जेन-जी आन्दोलनबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न माग गरेको छ। आयोगको सिफारिसबारे सरकारले जवाफदेहितालाई अंगीकार गर्दै आधिकारिक धारणा सार्वजनिक गर्न पनि कांग्रेसले माग गरेको छ।

'आयोगको सिफारिसबारे सरकारले आफ्नो जवाफदेहितालाई अंगीकार गर्दै आधिकारिक धारणा सार्वजनिक गर्नुपर्दछ। २३ र २४ भदौमा राज्यको तर्फबाट भएको अत्यधिक बल प्रयोग र सबै हिंसात्मक घटनामा आयोगले किटान गरेका सांसद, व्यक्ति वा निकायउपर विधिसम्मत कारबाहीको प्रक्रिया अघि बढाइयोस् र हिंसात्मक गतिविधिमा संलग्न जोसुकै र जुनसुकै ओहोदाको भए पनि कानुनको दृष्टिमा पक्षपातपूर्ण व्यवहार नहोस्। यसमा सरकारी प्रभाव र राजनीतिक रूपमा दबाबमुक्त गराइयोस्,' कांग्रेस प्रवक्ता देवराज चालिसेले जारी गरेको विज्ञप्तिमा छ।

शान्तिपूर्ण प्रदर्शनलाई हिंसात्मक बनाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने, निर्दोष नागरिकको ज्यान लिने वा लुटपाट गर्ने जुनसुकै ओहोदामा भए पनि कुनै राजनीतिक संरक्षण वा दलगत पहुँचविना कडा कारबाही गर्न कांग्रेसले माग गरेको छ। सरकारले यसका लागि सर्वस्वीकार्य विधि चयन गरी निष्पक्ष व्यवहार गर्दै मुलुकको अपराध संहिताअनुसार कारबाही हुने वातावरण मिलाउनुपर्नेमा कांग्रेसले जोड दिएको छ।

'प्रतिवेदनले राज्य संयन्त्रको असफलता र सुरक्षा निकायद्वारा गरिएको अत्यधिक बल प्रयोगलाई पनि मानव अधिकार उल्लंघन भनेकाले दोषी देखिएका व्यक्तिहरूलाई संवैधानिक परिधिभित्र रही कानुनी कारबाहीको दायरामा ल्याइनुपर्दछ,' कांग्रेसले भनेको छ, 'हामी स्पष्ट छौं, राष्ट्रिय मानव अधिकार आयोग देशको संवैधानिक निकाय भएको, सम्मानित सर्वोच्च अदालतले समेत आयोगका सिफारिसहरू सरकारका लागि बन्धनकारी हुने नजिर स्थापित गरिसकेको सन्दर्भमा राज्यका सम्बद्ध अंगहरूले आयोगको सिफारिसहरूलाई संवैधानिक दायराभित्र रही कार्यान्वयन गर्नुपर्दछ।'

अत्यधिक बल प्रयोगबाट ज्यान गुमाएका तथा घाइते नागरिकका परिवारलाई न्याय, उचित राहत र पुनर्स्थापनाको समुचित प्रबन्ध गर्नुपर्नेमा कांग्रेसले जोड दिएको छ। निजी क्षेत्रमा पुऱ्याइएको हानि-नोक्सानीलाई राज्यले अभिभावकत्व देखाई बिमा भए बिमा वा सो नभए राज्यद्वारा उचित क्षतिपूर्ति दिने प्रबन्ध गरिनुपर्नेसमेत कांग्रेसले बताएको छ। सुरक्षा निकायलाई आधुनिक, प्रभावकारी र मानव अधिकारमैत्री बनाउन आवश्यक पुनरावलोकन र सुधार गर्नुपर्ने आवश्यकता पनि कांग्रेसले औंल्याएको छ।

प्रतिवेदन अपूर्ण : एमाले

एमालेले राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अपूर्ण भएको टिप्पणी गरेको छ। आयोगको प्रतिवेदनबारे नेतृत्व तहका नेताहरूबिच अनौपचारिक परामर्श भएपछि मात्र औपचारिक धारणा बाहिर ल्याउने एमालेको तयारी छ। तर महासचिव शंकर पोखरेलले बिहीबार साँझ सामाजिक सञ्जालमार्फत संक्षिप्त टिप्पणी गरेका हुन्। पोखरेलले प्रतिवेदन तयार पार्दा आयोग शक्तिसँग डराएको र झुकेको आभास भए पनि कार्की आयोगभन्दा केही विस्तृत तर अपूर्ण भएको बताएका छन्। 'शक्तिसँग डराएको/झुकेको आभास हुने मानव अधिकार आयोगको प्रतिवेदन ! कार्की आयोगभन्दा केही विस्तृत तर अपूर्ण, डर त सबैलाई लाग्ने रैछ,' उनले भनेका छन्। पोखरेलले शक्ति -प्रधानमन्त्री र सेना) लाई इंगित गर्न खोजेका छन्। आयोगले प्रतिवेदनमा प्रधानमन्त्री वालेन्द्र शाह र नेपाली सेनाबारे विस्तृतमा केही बोलेको छैन।२३ र २४ भदौको जेन-जी आन्दोलनमा भएको घटनाको छानबिन गर्दै आयोगले दमनमा तत्कालीन प्रधानमन्त्री केपी ओली र उनकै क्याबिनेटका दुई मन्त्रीलाई दोषी ठहर गर्दै फौजदारी मुद्दामा कारबाही गर्न सिफारिस गरेको थियो।

सगरमाथा आरोहणमा बढ्दो आकर्षण

सगरमाथा आरोहणमा आकर्षण बढ्दै गएकाले अप्ठ्यारो पर्दा सहायता पुग्ने गरी चौथो आधार शिविरमा उद्धार टोली तैनाथ गर्नुपर्छ



● बुद्धिनारायण श्रेष्ठ

अग्रलेख

नेपालमा रहेको विश्वको सर्वोच्च हिमशिखर सगरमाथा (एभरेस्ट/चोमोलोङमा) चढ्न संसारभरका मानिस लालायित देखिन्छन्। हरेक पर्वतारोहीको अन्तिम लक्ष्य सगरमाथा आरोहण नै हो। विश्वका विभिन्न देशका विभिन्न चुली चढिसकेका आरोहीले अन्तिममा सगरमाथाको टुप्पोमाथि उक्लने लक्ष्य राखेकै हुन्छन्। सगरमाथाको सफल आरोहण नगरेसम्म उनीहरू प्रशिद्ध पर्वतारोहीको दर्जामा पुग्दैनन्। त्यसैले, सगरमाथा आरोहण टोलीमा संलग्न भएर विश्वका विभिन्न देशका पर्वतारोही प्रतिवर्ष सयौँको संख्यामा नेपाल आउँछन्। तीमध्ये कतिपयले सफलता प्राप्त गर्छन् भने कतिपयले आरोहण बिचैमा परित्याग गर्छन्।

सगरमाथा आरोहण : २९ मे १९५३ मा सर्वप्रथम सगरमाथाको थाप्लोमा तेन्जिङ नोर्गे र एडमन्ड हिलारीले पाइला टेकेपछिको ७२ वर्षको समयावधिभित्र १७ मे २०२५ सम्ममा ९६२ महिला र ११ हजार ९५५ पुरुष गरी जम्मा १२ हजार ९१७ जनाले सफल आरोहण गरिसकेका छन् (एपिएफ, १६ मे २०२५)। त्यस वर्षसम्ममा दुई सय १६ जनाले विनाअक्सिजन सगरमाथाको सफल आरोहण गरेका छन्। आरोहण पर्मिट लिएर सफलता नपाएका आरोही एक हजार ३१० जना रहेको बुझिन्छ। यस्तै, हिमालयन डाटाबेसअनुसार आरोहणपछि र अघि १९२१ जुन ५ देखि आरोहण बाटो, डेथ जोन, क्रिभासस, खोंच र आइसफलमा ज्यान गुमाउनेको संख्या ३४० जना पुगेको छ। तीमध्ये करिब २०० को शव अझै हिमालमै यत्रतत्र छन्।

आरोहण सिलसिलामा यतिका आरोहीको ज्यान गइसके पनि विश्वका विभिन्न देशका आरोहीको सगरमाथा आरोहण गर्ने लोभ र संख्या वर्षैपिच्छे बढ्दै गएको छ। आरोही हर्बर्ट म्यालोरीलाई १९२३ मार्च १८ मा न्युयोर्क टाइम्सको पत्रकारले 'तपाईं किन सगरमाथा चढ्न चाहनुहुन्छ ?' भनी सोधेको प्रश्नमा उनले जवाफ दिएका थिए- 'किनकि त्यो त्यहाँ छ।' यसबाट सगरमाथा नेपालमा रहेकाले सगरमाथा चढ्न नेपालमै आउनुपर्छ भन्ने विश्व सन्देश पुगेको थियो। यसले सगरमाथालाई आरोहणमय र आकर्षक बनाइराखेको छ।

यो वर्ष वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न यो लेख तयार पार्दासम्म ४५ समूहका ४६४ जनाले अनुमति लिएका छन्। यो क्रम जारी रहेको छ। अनुमति लिनेमध्ये ३५३ पुरुष र १११ महिला रहेका छन्। यस वर्ष चीनले विदेशीलाई आरोहण अनुमति नदिने र चिनियाँलाई पनि कडा मापदण्ड अपनाएकाले नेपालबाट आरोहण गर्न १०३ जना चिनियाँले अनुमति लिएका छन्, जुन सबैभन्दा ठुलो समूह हो।

गत वर्ष पहिलो आरोहण (मे १४) मा एकै दिन ४०, मे १८ मा एकैदिन १३५ र यस वर्षको मे २० मा एकैदिन २७४ आरोहीले सगरमाथाको सफल आरोहण गरेका थिए। यसैसाथ संलग्न तथ्यांक तालिकाले देखाएअनुसार सगरमाथा आरोहणप्रति आकर्षण बढिरहेको पाइन्छ।

वर्ष (सन्)	आरोहण अनुमति लिने				सफल आरोही	मृत्यु	प्राप्त रोयल्टी रु. (करोडमा)
	समूह	पुरुष	महिला	जम्मा			
२०२५	४७	३८२	८६	४६८	२७०	२	७७.५५
२०२४	४६	३४४	७८	४२२	२९१	८	६०.२९
२०२३	४७	३७५	१०३	४७८	२६८	१८	६६.६४
२०२२	४५	२५५	७५	३३०	२४०	अप्राप्य	४१.१२
२०२१	४६	३२१	८१	४०३	२७६	४	४९.७८

कीर्तिमान कायम गर्ने होडबाजी : सगरमाथाको थाप्लोमा टेक्ने मात्र होइन, को धेरैपटक पुग्छ भन्ने पनि होडबाजी चल्ने गरेको पाइन्छ। यसै सिलसिलामा सर्वाधिक थाप्लोमा टेक्ने 'एभरेस्ट म्यान'को उपनामले विश्वभर कहलिएका कामिरिता शेर्पाले आफ्नै रेकर्ड तोड्दै यस वर्ष ३२औँपटक सगरमाथा चुमेर नयाँ विश्वकीर्तिमान कायम गर्न सफल भएका थिए। सन् २०२४ को एकै सिजनमा उनले २९औँ र ३०औँपटक सफल आरोहण गरेका थिए। २९औँपटक सफल आरोहण गरेका पासाङ दाबा शेर्पाले कामिरितालाई पछ्याउँदै ढिलोचाँडो दाउ हेर्दै छन्- सके कामिरितालाई उछिन्ने, नसके उनीजत्तिकैमा पुग्ने। विदशीमध्ये धेरैपटक ५१ वर्षीय ब्रिटिस आरोही केन्टोन कुलले २०२५ मे १८ का दिनसमेत गरी १९औँ सफल आरोहण गरी पासाङ दाबा शेर्पालाई पछ्याएका छन्।

गत सिजनमा २९ वर्षीय टासीग्याल्जेन शेर्पाले १५ दिनमा ४ पटक (मे ९-१४-१९-२३) सफल आरोहण गरी कीर्तिमान कायम गरे। चीनका ३२ वर्षीय आरोही जिङ झाङले मे १४ मा चुचुरोदेखि क्याम्प नं. ३ सम्म 'स्की' गरेर कीर्ति राखे। मिर्गौला प्रत्यारोपित ३७ वर्षीय पेम्बा शेर्पाले मे १४ मा सगरमाथा थाप्लोमा पुगेर कीर्तिमान रचे। युक्रेनी-अमेरिकी नागरिक एन्डु उसाकोभले मे १५ मा न्युयोर्कको समुद्री सतहबाट यात्रा सुरु गरी तीन दिन २३ घण्टामा सगरमाथा शिखर चुमेर रेकर्ड बनाए। उनी फर्कने वेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २० हजार अमेरिकी डलर अवैध रूपमा लैजान खोज्दा पक्राउ परे। बेलायतका रक्षामन्त्री कर्णेल यलिस्टेयर स्कट कर्नससमेत चारजना पूर्वसैनिकले बेलायतबाट उडेको चौथो दिन मे २१ मा सगरमाथा सफल आरोण गरी छैटौँ दिनमा आफ्नो देश पुगी कीर्तिमान कायम गरेका छन्। यद्यपि, जेनन ग्यास प्रयोग गरी आरोहण गरेकोले



एक वर्ष सगरमाथा आरोहण गर्ने अनुमति दिने र अर्को वर्ष रोकेर हिमाल सफाइ गर्ने प्रबन्ध गरिए हिमालको हिउँ पग्लने र प्रदूषण हुने क्रम केही मात्रामा घट्न सक्छ, हिमाल जोगिन सक्छ

यस्तो ग्यास प्रयोग गर्न हुने-नहुनेबारे विवादास्पद भई अन्तर्राष्ट्रिय चर्चा पाएको छ। नेपाल प्रहरीका असइ कुन्जाङ छोपेल शेर्पाले पहिलो महिला प्रहरीका रूपमा मे १९ मा सफल आरोहण गरिन्। यसपटक मृत्यु हुनेमा मे १४ मा फिलिपिन्सका ४५ वर्षीय फिलिप सन्तायागो र मे १५ मा भारतका ४४ वर्षीय सुब्रता घोस रहेका छन्।

'पर्वतकी रानी' उपनामले अल्पाइन क्षेत्रमा नाम कमाएकी ल्हाक्पा शेर्पाले महिलातर्फको आफ्नो रेकर्ड तोड्दै सन् २०२५ मा समेत गरी ११औँपटक सगरमाथाको थाप्लो कुल्चिएकी छन्। फोटो पत्रकार पूर्णिमा श्रेष्ठ सन् २०२४ को एउटै सिजनको १३ दिनभित्र तीनपटक सफल आरोहण गर्ने पहिलो कीर्तिमानी महिला बनिन् भने गत सिजनमा समेत गरी उनले पाँचौँपटक आरोहण गरेकी छिन्। युएनडिपी नेपालले गत वर्ष अन्तर्राष्ट्रिय ख्यातिप्राप्त आरोहीहरू पूर्णिमा श्रेष्ठ र निमिरिन्जी शेर्पालाई नेपालमा 'जलवायु न्याय'सम्बन्धी चेतना जगाउन नेपालको पहिलो 'जलवायु अभियन्ता'का रूपमा मनोनयन गरेको थियो।

२०२३ मे २५ का दिन १७ वर्षका निमारिन्जी शेर्पाले १० घण्टाभित्र सगरमाथा र ल्होत्सेको सफल आरोहण गरेर विश्व कीर्तिमान बनाए। २०२३ मा पाठेघर क्यान्सर भएकी अमेरिकी महिला आरोही जेसिकारे वेदेल, युक्रेनका पूर्वमन्त्री ५१ वर्षे इमार किस्निर र उनकी श्रीमती ४६ वर्षीया ओकसाना (दम्पती), १६ वर्षीय सोनाम शेर्पा र उनका बाबु पूर्णकुमार (पिके) बाबुछोराले एकैदिन एकैसाथ, आजन्म बहिरा अमेरिकी दम्पती स्कट लेहम्यान र उनकी श्रीमती सायना अंगर (दुवैजना दुइटै कानले नसुन्ने) र कृत्रिम खुट्टाको सहायताले २०२२ मा पूर्वगोर्खा सैनिक हरि बुढामगरले थाप्लोमा टेकेको रेकर्ड कायम गरे।

सन् २०२१ को सिजनमा फुन्जोफाङ्मु लामाले सर्वाधिक छोटो समय (१४ घण्टा ३१ मिनेट) मा सगरमाथा चुचुरोमा टेक्ने महिलाको कीर्तिमान बनाइन्। कीर्तिमान राख्ने क्रममा उच्च घरानामध्ये सन् २०२१ मा बहराइनका राजकुमार सेख मोहमेद हमाद मोहमेद-अल खालिफा तथा आङदाबा शेर्पा र उनकी पत्नी पासाङफुटी शेर्पाले २०१९ मा 'फास्ट कपल समिटर्स' को रेकर्डमा नाम लेखाए। २०१८ मा १६ वर्षीया भारतीय सिवांगी पाठक सबभन्दा कम उमेरकी महिला कीर्तिमानीमा परिन्। भारतकी पूर्वमिस इन्डिया संगीता सिन्धी बही तथा ३७७ घण्टा अन्तरिक्षमा बिताएका इटालीयन अन्तरिक्षयात्री मौरिजिओ चेउलीले सगरमाथा चुमे।

नेपालका सर्भेयर प्रमुख नापी अधिकृत खिमलाल गौतम पहिलोपटक २०११ मा निजामती कर्मचारीको टोलीमा र सगरमाथाको उचाइ मापन गर्ने क्रममा २०१९ मा दोस्रोपटक सगरमाथाको थाप्लोमा पुगेको रेकर्ड छ। २०१८ मा दुवै गोडा नभएका ६९ वर्षीय चिनियाँ नागरिक सिया बोयु, पाँचपटक स्पेस सटलमा यात्रा गरेका अमेरिकी अन्तरिक्षयात्री स्कट पराजिन्स्की २००९ मा तथा सबभन्दा बढी उमेरकी ७९ वर्षीया जापानी महिला फुनाहासी यई, बुढा पुरुष आरोही ७६ वर्ष १० महिना उमेर पुगेका मिनबहादुर शेरचनले २००८ मा सगरमाथा थाप्लोमा टेकेरै छाडे।

३५ वर्षीय बाबुछिरी शेर्पा अक्सिजन प्रयोग नगरी १९९९ मे १९-२० मा २१ घण्टा थाप्लोमै वास बसे। २५ वर्षे लाक्पाथार्के शेर्पाले २४ मे २००६ मा सगरमाथा थाप्लोमा अर्धनग्न (शरीरको माथिल्लो भाग खुला भएको) अवस्थामा तीन मिनेट बिताए। फुर्वातासी शेर्पा र सुश्री छुदिन शेर्पाले एक हप्तामा दुई-दुईपटक सगरमाथा थाप्लोमाथि टेके, सुश्री मोनी मुलेपातीले र प्रेम दोर्जीले सगरमाथाको थाप्लोमा ३० मे २००५ मा सिन्दुर-पोते लगाएर बिहे गर्न भ्याए। २००४ मे २१ मा पेम्बा दोर्जी शेर्पाले आधार शिविरबाट आठ घण्टा १० मिनेटमा चुचुरोमा पुग्न भ्याई सबभन्दा छोटो समयमा आरोहण गर्ने पुरुषको कीर्तिमान कायम गरे। २००१ मा अमेरिकी दृष्टिविहीन आरोही एरिक विहेनमायरले पनि शिखर चुमेका थिए। आरोहणमा आकर्षण बढेकाले यस्ता कीर्तिमान राख्ने होडबाजी रहेको बुझिन्छ।

आरोहण रोयल्टी : सगरमाथाबाट सरकारलाई यस सिजनमा सबैभन्दा धेरै रोयल्टी एक अर्ब एक करोड प्राप्त भएको छ। गत वर्ष ७७ करोड प्राप्त भएको थियो। वसन्त ऋतुमा आरोहण गर्ने रोयल्टी दुई वर्षअघिको ११ हजारबाट यस वर्ष १५ हजार अमेरिकी डलर पुऱ्याइएको छ।

सुझाव : सगरमाथा आरोहण गर्ने अनुमति एक वर्ष दिने र अर्को वर्ष रोकेर हिमाल सफाइ गर्ने प्रबन्ध गरिए हिमालको हिउँ पग्लने र प्रदूषण हुने क्रम केही मात्रामा घट्न सक्छ, हिमाल नांगो हुन केही मात्रामा जोगिन सक्छ। यद्यपि, 'ग्लोबल वार्मिङ'को भूमिका पनि छ। अर्को कुरा, एकै वर्षमा दुईपटक सगरमाथामा उक्लने एउटै आरोहीले दुईपल्ट पर्मिट लिनुपर्ने व्यवस्था हुनुपर्छ। अहिले तुरुन्तै दोस्रोपटक आरोहण गर्ने आरोहीबारे पर्यटन विभाग तथा बेस कयाम्प लियाजो अधिकृतलाई पनि थाहा नहुन सक्छ। यस्ता आरोहीले सफलता हासिल गरेपछि लियाजो अधिकृतको सिफारिस माग्न आउँदा मात्र विधिवत् जानकारी मिल्ने गरेको पाइन्छ।

आरोहणयामका रूपमा रहेको वसन्त मौसममा अहिलेकोभन्दा कम्तीमा १५ दिनअगावैदेखि आरोहण सुरु गराउने व्यवस्था गर्दा साउथ कोल र हिलारी स्टेपदेखि चुचुरोसम्म ट्राफिक जाम हुने समस्या कम हुन हुन्छ । पर्वतारोहण गाइडको आधारभूत आचारसंहिता, सदाचार, सीप, तालिमका आधारमा मात्र गाइड बन्ने लाइसेन्स दिइनुपर्छ।

आरोहण आकर्षण बढ्दै गएकाले जोसुकैलाई अठ्यारो पर्दा सहायता पुग्ने गरी चौथो आधार शिविरमा एउटा उद्धार टोली तैनाथ गर्ने व्यवस्था हुनुपर्छ। त्यस क्रममा पर्यटन विभाग, आधार शिविर र हिमाल आरोहीबिच सञ्चार सम्पर्कको प्रभावकारी संयन्त्रको प्रबन्ध गरिनुपर्छ। आरोहीको पोसाकमा विद्युतीय चिप्स जडान भए पनि आरोहण गर्ने प्रत्येक आरोहीलाई जिपिएस प्रविधिद्वारा ट्र्याकिङ गर्ने व्यवस्था गरिनुपर्छ। यसबाट सफल आरोहण गरेको हो-होइन, यकिन गर्न मद्दत पुग्छ। दुर्घटनामा परी मृत्यु भएमा पनि तत्काल थाहा पाउन सजिलो हुन्छ।

(सीमाविद् श्रेष्ठ नेपाल पर्वतारोहण संघका पूर्वसल्लाहकार हुन्)

---

३ प्रश्न

जनता समाजवादी पार्टी नेपालका केन्द्रीय संयोजन समिति सदस्य **डा. सुरेन्द्र झा**लाई



मधेशकेन्द्रित दल इतिहासकै कमजोर स्थितिमा कसरी पुगे ?

विशेष परिस्थितिमा ०८४ मा हुनुपर्ने निर्वाचन २१ फागुनमै भयो, जुन हाम्रा लागि अप्रत्याशित र अनपेक्षित रह्यो। यद्यपि, निर्वाचनबारे विभिन्न कोणबाट विभिन्न प्रकारका शंका-उपशंका र प्रश्न उठी नै रहेका छन्। कालान्तरमा यसबारे प्रस्ट हुने नै छ। विषम परिस्थितिमा व्यवस्था जोगाउन निर्वाचनमा जानुपरेको थियो। साँच्चै मतदाताले यो स्थिति बनाउनुभएको हो वा अन्य कारण थिए भन्ने विषय कालान्तरमा पुष्टि हुँदै जानेछ। हामीले एउटा चुनाव हारेका हौं। हामीले उठाएका राजनीतिक मुद्दा, हाम्रा एजेन्डा, सबैको साझा नेपाल बनाउने अठोट अझ दृढ संकल्पित भएर उठाउनेछौं।

मधेश सरकारबाट पनि बाहिरिने स्थिति कसरी बन्यो ?

मधेश प्रदेश सभामा सबैभन्दा ठुलो दल जसपा नेपाल नै हो। तर, कांग्रेस, एमाले र नेकपाले सिन्डिकेट गरेका कारण हामी सरकारबाहिर हुने स्थिति बनेको हो। पुराना पार्टीको सिन्डिकेटकै कारण ०८४ को निर्वाचन ०८२ मै भयो। तैपनि, उनीहरूले अझै चेतेको देखिएन। उनीहरूका लागि यो प्रत्युत्पादक हुनेछ। फगत सत्ताका लागि गरिएको गठबन्धन लोकतन्त्र र संविधानको मर्मविपरीत हो। हामी प्रदेश सभामा सशक्त प्रतिपक्षको भूमिका खेल्नेछौं।

मधेशकेन्द्रित दलबिच एकताको प्रयास कहाँ पुग्यो ?

मधेशका दुई ठुला दल जसपा नेपाल र लोसपाको एकता भइसकेको छ। हामी संगठनात्मक समायोजन प्रक्रियामा छौं। भर्खरै सम्पन्न केन्द्रीय संयोजन समिति बैठकले रकम चेम्जोङ, रेणु यादव र म आफैं रहेको वार्ता समिति गठन गरेको छ। पहिचानवादी दलसँग कार्यगत एकता, विचार मिल्ने दलसँग एकताका लागि पनि छलफल गर्दै छौं। जनमत पार्टीसँग पनि एकताका लागि संवाद भइरहेको छ। मुलुक गम्भीर राजनीतिक संकटमा रहेकाले मुद्दा मिल्ने दलहरू एकताबद्ध भएर जानुको विकल्प छैन। पहिचानवादी, देशभक्त र लोकतान्त्रिक शक्तिबिच सहकार्य गर्दै अघि बढ्छौं।

प्रेरक प्रसंग

वृद्ध सन्त र अनमोल रत्न

एक सन्त निकै वृद्ध भइसकेका थिए। उनलाई आफ्नो अन्त्य निकट आइसकेको आभास भयो। त्यसैले, एक दिन आफ्ना शिष्यलाई नजिक बोलाए र भने- बाबुहरू हो, अब मेरो जीवनको अन्त्य नजिक आइपुगेजस्तो लाग्दै छ। मैले चारवटा अमूल्य रत्न आफूसित सुरक्षित राखेको छु। आज म तिनै रत्न तिमीहरूलाई दिँदै छु। तिनलाई तिमीहरूले पनि जिन्दगीभरि जोगाएर राख्नू। तिनै अमूल्य रत्नको सहायताबाट आफ्नो जिन्दगीलाई आनन्दमय र श्रेष्ठ बनाउनू।



१. पहिलो रत्न हो- माफी। जीवनमा कसैले तिमीहरूलाई जेसुकै भनोस्, उसको भनाइलाई कहिल्यै आफ्नो मनमा नलिनू। उसका लागि कुनै प्रतिशोधको भावना मनमा आउन नदिनू। जसले जेसुकै गरोस् या भनोस्, उसलाई जहिल्यै माफ गर्नू। आफूले अरूलाई कहिल्यै नराम्रो नभन्नू, नगर्नू। केही गरी आफूबाट कुनै गल्ती भइहालेको अवस्थामा पनि विनम्रतापूर्वक माफी माग्न कहिल्यै नभुल्नू।

२. दोस्रो अमूल्य रत्न हो- बिर्सिदिनु। आफूले अरूका लागि गरेको कुनै पनि उपकार तत्काल बिर्सिदिनू। कहिल्यै त्यसको कुनै प्रतिलाभको आशा गर्दै नगर्नू।

३. तेस्रो अमूल्य रत्न हो- विश्वास। जहिल्यै आफ्नो मिहिनेत र ईश्वरप्रति अटुट विश्वास राख्नू। किनकि, परमेश्वरको सृष्टिको विधानविपरीत हामी कहिल्यै केही गर्न सक्दैनौं। त्यसैले, आफ्नो मिहिनेत र भगवान्प्रतिको अटुट विश्वासले नै तिमीहरू हरेक संकटबाट मुक्त हुन सक्छौ।

४. चौथो अमूल्य रत्न हो- वैराग्य। यस धर्तीमा जन्म लिएपछि एक न एक दिन अवश्यै मर्नुपर्छ र यो नै सृष्टिको अनिवार्य र अन्तिम सत्य हो भन्ने तथ्यलाई हरहमेसा मनमा राख्नू। त्यसैले, कुनै पनि वस्तुका लागि कहिल्यै मनमा लोभ, मोह नराख्नू। यी चार अनमोल रत्नलाई सम्हालेर आफूसित राख्न सफल भयौ भने तिमीहरूले कहिल्यै दुःखी बन्नुपर्दैन। जहिल्यै सुख र आनन्दको रसास्वादन गर्न पाउनेछौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्थानीय सरकारहरू सुध्रिन पर्दैन ?

'स्थानीय तहका काम र खर्चमा खोटैखोट' शीर्षकको समाचार पढियो। जनता अर्थात् मतदातासँग सबैभन्दा नजिक रहने र जनताका दैनिक कामसँग प्रत्यक्ष जोडिने सरकार भनेकै स्थानीय सरकार हो। उसका हरेक क्रियाकलाप जनताको प्रत्यक्ष आँखाअगाडि नै हुने हो। त्यसैले, स्थानीय सरकारका प्रतिनिधि अनुशासित नहुने हो भने त्यसको प्रत्यक्ष असर जनतामा पुग्नुपर्ने सुशासन प्रवाहमा पर्छ। जब जनताले सुशासनको महसुस गर्न सक्दैनन्, तब त्यस्तो शासन र शासकप्रति जनताले अपनत्व लिन सक्दैनन्। अहिले स्थानीय तहका प्रतिनिधि जति धेरै अनुशासित हुन्छन्, जति सुशासन प्रवाहमा जोडिन्छन्, त्यति नै तिनले जनतामा आफू र आफ्नो दलप्रतिको विश्वास जगाउन सक्छन्। यसतर्फ स्थानीय तहका प्रतिनिधिको ध्यान जाओस्।

● **सुमित्रा रम्तेल**, विदुर, नुवाकोट

बर्खाअगावै तयारी गर

हरेक वर्षको बर्खामा बाढीपहिरोबाट नेपालका विभिन्न क्षेत्रमा निकै ठुलो क्षति हुने गरेको छ। यस वर्ष बर्खामा पानी कम पर्ने प्रक्षेपण गरिए पनि पानी नै नपर्ने त होइन होला। फेरि सबैतिर नपर्ने भन्ने पनि होइन होला। यस्तोमा बाढीपहिरोको सम्भावित जोखिमलाई मध्यनजर गरी बर्खाअगावै उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक तयारी गर्न सकेमा जनधनको ठुलो क्षति व्यहोर्नुपर्नेछैन।

● **हर्क तामाङ**
माडी, चितवन

पारिश्रमिकमा विभेद नगर

नेपाल क्रिकेट संघ (क्यान) ले पुरुष र महिला राष्ट्रिय टोलीका सदस्यको पारिश्रमिकमा ठुलो अन्तर गराएको समाचार पढियो। यसरी राष्ट्रका लागि खेल्ने खेलाडीमाथि पारिश्रमिकमा विभेद गर्नु खेलाडीको अपमान हो। महिला खेलाडीले पनि आफ्नातर्फबाट शतप्रतिशत दिँदै आएका छन्। उनीहरूले पनि राष्ट्रको नाम उच्च राख्न हरसम्भव प्रयास गर्दै आएका छन्। त्यसैले, महिला र पुरुष क्रिकेटरको पारिश्रमकमा विभेद नगर।

● **सवनम राई**
पाटनढोका, ललितपुर

दोहोरो कर कहिले हट्ला ?

व्यवसायीदेखि सर्वसाधारणसम्म दोहोरो करको मारमा पर्दै आएका छन्। एउटा व्यक्तिले कुनै व्यावसाय गर्दा एक ठाउँमा कर तिरे हुँदैन ? किन अनेकतिर कर तिरिराख्नुपऱ्यो ? घरबहाल कर, जग्गाको कर, व्यवसाय कर मात्र होइन, अन्य अनेक नामका कर पनि जनतामाथि थोपरिन्छ। त्यो कर तिरेबापत जनताले अहिलेसम्म राज्यबाट के पाए ? भन्ने प्रश्नको उत्तर कसले दिने ? राज्यले जनतासँग लिएको करले के गर्दै छ ? यसको उत्तर पनि आजसम्म पाइएको छैन।

नेता पाल्न जनताले कर तिर्न पर्ने कहिलेसम्म हो। जनता कर तिर्न गाह्रो मान्दैनन्, तिर्छन्। १३ प्रतिशत मात्र होइन, ४० प्रतिशत तिर्न पनि तयार छन्, तर त्यसबापत के पाउने हो, त्योचाहिँ पहिले ग्यारेन्टी हुनुपऱ्यो। विदेशमा कर तिर्दा उनीहरूको भविष्य सुरक्षित हुन्छ। हाम्रोमा भविष्यका लागि जोगाउनु आवश्यक छ, राज्यलाई तिरेर जहान बालबच्चा पालेर भविष्यलाई सञ्चित गर्न कति गाह्रो होला, सोचौं त एकपटक। जनताले भन्ने कसलाई ? सुन्ने कसले ? कुनै व्यावसाय दर्ता गर्दा त्यत्तिकै झन्झटिलो छ। छिटोछरितो केही हुँदैन। कर तिर्न जाँदा घन्टौं लाइन बस्नुपर्छ। स्थानीय तहमा कर बुझाएपछि फेरि किन संघीय सरकारलाई पनि कर बुझाउनुपऱ्यो। देशमा उद्योगधन्दा, कलकारखान खोल्न पऱ्यो भन्छ सरकार। तर, के भन्नासाथ त्यत्तिकै व्यवसायीले लगानी गर्छन् र ? उनीहरूको लगानी पनि त सुरक्षित हुनुपऱ्यो नि !

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

आप्रवासीको दुर्दशा रोक्न उचित कदम चालियोस्

आप्रवासीको अवैध ओसारपसार रोक्न सरकारले निश्चित मुलुकमा वैदेशिक रोजगारीमा प्रतिबन्ध लगाउनुपर्छ

देशका धेरै युवाको जीवन, आकांक्षा र भविष्यमाथि अनियमित बसाइँसराइले कसरी निरन्तर आक्रमण गरिरहेको छ भन्ने कुरा हेर्नु साँच्चै पीडादायी छ। मानव बेचबिखन सञ्जालमार्फत लिबिया यात्रा गरेपछि बंगलादेशको शरीयतपुरका १८ र मदारीपुरका पाँचजना गरी कम्तीमा २३ युवा दुई वर्षभन्दा बढी समयदेखि बेपत्ता हुनु यो पीडादायी वास्तविकताको अर्को सम्झना हो। आफ्ना प्रियजनको मृत्यु भयो वा उनीहरू जीवितै छन् भनेर थाहा पाउन नसक्दा तिनका परिवार असह्य पीडामा बाँचिरहेका छन्। दुई वर्षदेखि उनीहरूको वास्तविक अवस्था सार्वजनिक नभएको अवस्थामा सरकारले कूटनीतिक च्यानललाई सक्रिय पारेर उनीहरूको खोजी प्रयास तीव्र पार्नुपर्छ।

रिपोर्टअनुसार मानव तस्करहरूले सामान्य आर्थिक अवस्था भएका परिवार, विदेशबाट फर्केका आप्रवासी र विदेशमा आर्थिक अवसर खोजिरहेका सोझासाझा युवालाई लक्षित गर्छन्। केही समुदायमा युरोपमा बसाइँसराइ सामाजिक संरचनामा गहिरो रूपमा गाँसिएको छ, जहाँ खतरनाक यात्रालाई प्रायः गम्भीर जोखिमको सट्टा समृद्धिको सामान्य मार्गका रूपमा हेरिन्छ। युरोपेली मुलुकमा रोजगारीका लागि जानुलाई सम्मानका रूपमा हेरिने भ्रम छ, जसका कारण सयौं युवा आफ्नो जीवनको पर्वाह नगरी जोखिम मोल्न हतारो गर्छन्।

तस्करहरूले यो धारणाको फाइदा उठाउँछन्। युवालाई वर्षौंको अस्थिरता र अराजकताले टुक्रिएको देश लिबिया पुग्नुअघि धेरै देशमा स्थानान्तरण गरिएको रिपोर्ट आएको छ। धेरैलाई तथाकथित 'गेम घर' (मनोरञ्जनका लागि प्रयोग गरिने कोठा) मा समाप्त गरिन्छ, जहाँ आप्रवासीलाई खतरनाक भूमध्यसागरीय



'क्रसिङ' अघि राखिन्छ। अन्तर्राष्ट्रिय संस्थाहरू र अधिकार समूहहरूले यी सञ्जालभित्र यातना, जबर्जस्ती श्रम र दुर्व्यवहारको दस्ताबेजीकरण गरेका छन्। कतिपय युवालाई बेपत्ता पारेर लामो समयसम्म श्रममा राख्ने गरेको विवरण त्यहाँबाट ज्यान जोगाई भागेर आएका आप्रवासीले बताउने गरेका छन्।

संयुक्त राष्ट्र संघले बंगलादेशीहरू अहिले खतरनाक मध्य-भूमध्यसागरीय मार्ग हुँदै इटली जाने प्रयास गर्ने सबैभन्दा ठुला समूहमध्ये एक भएको बताएको छ। जोखिमका बाबजुद पनि प्रत्येक वर्ष हजारौं बंगलादेशीले लिबिया हुँदै इटली जाने गरेको पाइन्छ। रिहा गरिएका आप्रवासीको स्वदेश फिर्तीमा आप्रवासीका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम) र लिबियास्थित बंगलादेशको दूतावासले सहयोग गरे पनि लिबियाली हिरासत केन्द्रमा हाल राखिएका बंगलादेशीको संख्या र अवस्था भने अज्ञात छ। यसबाहेक, दुर्व्यवहार र आप्रवासी मृत्युका विभिन्न रपोर्टका बाबजुद, बेचबिखन सञ्जालले दण्डहीनतासाथ काम गरिरहेका छन्। दलाल र तस्करविरुद्ध मुद्दा दायर गरेका धेरै पीडित परिवारले धम्की र प्रतिशोधको सामना गरेका छन् र केहीले त उल्टै प्रति-मुद्दाको सामना पनि गरेका छन्। त्यसो भए, बेचबिखनपीडित र उनीहरूका परिवारलाई कस्तो प्रकारको राज्य सुरक्षा र समर्थन उपलब्ध छ ?

हामी सरकारलाई हाम्रा युवाको बेचबिखन अन्त्य गर्न तत्काल र दृढतापूर्वक काम गर्न आग्रह गर्छौं। यस्ता बेचबिखन सञ्जाल पहिचान गर्ने र भत्काउने प्रयासलाई तीव्र बनाउनुपर्छ र गिरोहका नेतालाई न्यायको कठघरामा ल्याउनुपर्छ। कानुनी कारबाहीको माग गरिरहेका परिवारलाई धम्की र उत्पीडनबाट जोगाउनुपर्छ। बेपत्ता आप्रवासीको खोजी गर्न र ट्रान्जिट देशमा अन्तर्राष्ट्रिय एजेन्सी र अधिकारीसँग समन्वय सुधार गर्न कूटनीतिक प्रयासलाई बलियो बनाउनुपर्छ। साथै, युवालाई दक्ष बसाइँसराइका लागि सुरक्षित र थप पहुँचयोग्य मार्गका साथै स्वदेशमै बढी आर्थिक र उद्यमशीलताका अवसर आवश्यक पर्छ। जबसम्म मानिसलाई बेचबिखनको जोखिममा पार्ने अवस्थालाई सम्बोधन गरिँदैन, यो चक्र जारी रहनेछ। यसका लागि सर्वप्रथम सरकारले युवालाई स्वदेशमै रोजगारीका विभिन्न अवसर खडा गर्नुपर्छ र विभिन्न उद्योगधन्दा स्थापनाका साथै कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्छ। आप्रवासीको अवैध ओसारपसारलाई रोक्न सरकारले निश्चित मुलुकमा वैदेशिक रोजगारीमा प्रतिबन्ध लगाउनुपर्छ। यसका लागि नयाँ नियम बनाइनुपर्छ। विदेश जान बाध्य भएका व्यक्तिले आफ्ना तर्फबाट पनि राम्रोसँग बुझेर मात्र उचित कदम चाल्नुपर्छ

- बंगलादेशको डेली स्टारको सम्पादकीय

मोदी शासनमा भारतीय लोकतन्त्र काल्पनिकीकरणतर्फ

लोकतन्त्रको काल्पनिकीकरणतर्फको पहिलो कदम इरानमाथि इजरायल-अमेरिका युद्ध थियो, प्रधानमन्त्री संकटलाई कोभिड महामारीसँग तुलना गर्छन्, जहाँ युद्धले प्राकृतिक प्रकोपको चरित्र लिन्छ



प्रधानमन्त्री मोदी देशको आर्थिक संकटलाई कोभिड महामारीसँग तुलना गर्छन्। योसँगै आर्थिक संकटले प्राकृतिक प्रकोपको चरित्र लिन्छ। यसले मोदीलाई त्रुटिपूर्ण विदेश नीति अपनाएको आरोपबाट प्रभावकारी रूपमा मुक्त गर्छ। किनकि कुनै पनि मानिसलाई प्राकृतिक प्रकोपका लागि जिम्मेवार ठहराउन सकिँदैन।



● अनिल सिन्हा
(लेखक भारतका वरिष्ठ पत्रकार हुन्)

सत्य अपरिवर्तनीय छ। तर, काल्पनिक लिपिलाई इच्छाअनुसार परिवर्तन गर्न सकिन्छ। आर्थिक उछाललाई रातारात आर्थिक दुःस्वप्नमा परिणत गर्न सकिन्छ। चुनावी अभियानमा गुलाबी चित्र प्रस्तुत गर्ने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अचानक असाधारण संकटको घोषणा गरे। उनले केही अघिमात्र महिला सशक्तीकरणको उच्च आदर्शमा एक सीमांकन विधेयकलाई जोडेका थिए।

भारतीय हितका लागि कपटी व्यापार सम्झौतालाई देशको हितका लागि भन्ने चित्रण गरिने गरेको छ। त्रुटिपूर्ण आर्थिक र विदेश नीतिको परिणाम युद्धको अपरिहार्य प्रभावको रूपमा प्रस्तुत गरिएको छ। 'सबका-साथ-सबका-विकास अर्थात् सबैको साथ, सबैका लागि प्रगति'को एक महान् कथ्यमा एक भयानक साम्प्रदायिक एजेन्डा अघि बढाइने गरेका छ। नरेन्द्र मोदीले भारतीय लोकतन्त्रलाई काल्पनिक बनाउँदै छन् भन्ने अनुमान गर्नु भ्रामक हुनेछैन।

कथा परिस्थितिगत तर्कमा मोडिन्छ। प्रचारको शक्तिले कल्पनालाई बिक्री गर्ने सुविधाका लागि एक विश्वस्त अक्ष निर्माण गर्छ। कथालाई नियन्त्रण गर्ने हतासपन यस भ्रामक चालको पछाडिको प्राथमिक शक्ति हो, जबकि मोदीले आफ्नो फिक्का छविलाई पुनर्जीवित गर्न यो चालको पनि फाइदा उठाउँछन्। उनी मन्त्रिपरिषद्को नियमित बैठकको अध्यक्षता गर्छन् र यसलाई 'विकसित भारत'को ठुलो लक्ष्यसँग जोड्न सन्देशलाई मोड्छन्।

समाजिक सञ्जाल एक्समा उनको पोस्टले उनले बैठक कसरी सञ्चालन गरे भन्नेबारे केही अन्तरदृष्टि दिन्छ। उनले जनतासँग साझा गरेको तस्बिरले उनलाई बाँकी मन्त्रीबाट स्वाभाविक रूपमा अलग गर्छ र मन्त्रिपरिषद् का अन्य सदस्यभन्दा फरक स्थानमा राख्छ। यसले संसदीय लोकतन्त्रमा प्रधानमन्त्रीको भूमिका वर्णन गर्न प्रयोग गरिने 'समानहरूमा पहिलो' पदमा उनको स्थान छैन भन्ने कुराको सम्झना गराउँछ।

उनले आफ्ना सहकर्मीलाई वैकल्पिक ऊर्जाको स्रोत खोज्न पनि आग्रह गर्छन्। के दृश्यले सामूहिक जिम्मेवारीको संवैधानिक व्यवस्थालाई कमजोर पार्दैन ? के तिनीहरूले मन्त्रिपरिषद्लाई केवल सल्लाहकारको समूहमा रूपान्तरण गर्दैनन् ? के यो घोषणा होइन, जसलाई उनी एक्लैले निर्णय गर्छन् ? संस्थाहरू निरन्तर अस्तित्वमा रहन्छन्, तर संवैधानिक रूपमा तिनीहरूको तोकिएको भूमिकाविना।

रोममा भएको बहुचर्चित 'मेलोडी' नाटकले लोकतन्त्रको काल्पनिकीकरणको अर्को आयाम पनि प्रस्तुत गर्छ, जहाँ सामान्य कूटनीतिक इसारालाई उनको छविलाई मुक्त गर्न मात्र नभई उनको भ्रमणको वास्तविक उद्देश्यबाट ध्यान हटाउनका लागि अनौठो घटनाको रूपमा देखा पर्छ। यो इसारा चर्को र तुच्छ थियो। नाटकले वास्तवमा मितव्ययिता कार्यक्रममा छोटो विराम ल्यायो, जसमा मन्त्रीहरू बसमा यात्रा गरिरहेका थिए र मुख्यमन्त्री इकोनोमी क्लासमा उडिरहेका थिए।

मितव्ययिताका उपाय घोषणा गरिएको तरिकाले वास्तविक बहसको काल्पनिकीकरणतर्फ पनि औंल्याउँछ। आत्म-प्रचारका लागि उनको उन्माद र देखावटीपूर्ण विदेश यात्रामा प्रकट हुने उल्लेखनीय उदारताबिच, एक विशुद्ध आर्थिक आवश्यकतालाई देशभक्तिको स्पर्श दिइएको थियो।

महँगो पेट्रोल किन्नु, कम तेल खानु र सुन खरिद नगर्नु राष्ट्रवादको आह्वानको प्रतिक्रिया बनेको छ। ती तथ्यलाई दबाएर राख्ने काल्पनिक कुरा हो। उनको अपिलले भारतीय लोकाचार वा अधिग्रहणको सारलाई छुनेछ। जवाफका लागि विपक्षीको माग व्यर्थ जाने निश्चित थियो। लोकतन्त्रलाई चोट पुग्छ, तर कुनै आवाजविना।

लोकतन्त्रको काल्पनिकीकरणतर्फको पहिलो कदम इरानमाथि इजरायल-अमेरिका युद्ध थियो। प्रधानमन्त्रीले संकटलाई कोभिड महामारीसँग तुलना गर्छन्, जहाँ युद्धले प्राकृतिक प्रकोपको चरित्र लिन्छ। रहस्यमयीकरणले मोदीलाई त्रुटिपूर्ण विदेश नीति अपनाएको आरोपबाट प्रभावकारी रूपमा मुक्त गर्छ, किनकि कुनै पनि मानिसलाई प्राकृतिक प्रकोपका लागि जिम्मेवार ठहराउन सकिँदैन। कथाले उनलाई

मितव्ययिताका उपायको घोषणा गर्दा उनले संसद्, सरकारी टेलिभिजन च्यानल र पार्टी प्लाटफर्मसहित सबै उपलब्ध च्यानल त्याग्छन्, यस तरिकाले वास्तविक बहसको काल्पनिकीकरणतर्फ पनि औंल्याउँछ

एक निर्दोष प्रत्यक्षदर्शीको रूपमा प्रस्तुत गर्छ, जो पश्चिम एसियामा भएका विकासक्रमबाट अनभिज्ञ छ र बढ्दो तनावको कुनै जानकारीविना इजरायलको भ्रमण गर्छ। यसले मोदी अमेरिकी दबाबमा झुकेको साथै इरान र रुसबाट तेल खरिद रोक्नेबारे असान्दर्भिक बहस प्रस्तुत गर्छ। रहस्यमयीकरणले मोदीको हालैको इजरायल समर्थक युएई भ्रमणबारे प्रश्न उठ्नबाट पनि रोक्छ, जतिवेला ब्रिक्स देशका विदेशमन्त्रीहरू संकटबारे छलफल गर्न दिल्लीमा थिए।

सुरक्षा, वित्त वा बिग्रिँदै गएको जीवनयापनको अवस्थाबारे लगभग पहुँच नभएको अपारदर्शी लोकतन्त्रमा मानिसलाई पर्दापछाडि हुने हेरफेरबारे जान्न कुनै अवसर छैन। यसले शासकका लागि काम सजिलो बनाउँछ। यद्यपि, यस अवस्थामा केहीले मोदीको विदेश नीतिपछाडिको कर्पोरेट सम्बन्धलाई औंल्याए। उनको नोर्डिक देशहरू र इटलीको भ्रमण एक प्रमुख भारतीय कर्पोरेट समूहको स्वार्थसँग मिल्दोजुल्दो भएको हुन सक्ने अनुमान गरिएको थियो।

मोदीले मितव्ययिताका उपाय घोषणा गर्न सार्वजनिक च्यालीको छनोट गर्दा पनि हामी काल्पनिक तत्त्व पाउँछौं। जनतासँगको आफ्नो कुराकानी अनौपचारिक देखिन उनी यस्तो गर्छन्। यो रणनीति उनको शासनको एक आवश्यक भाग हो। उनको मनकी बात अनौपचारिक तर एकतर्फी सञ्चारको उत्कृष्ट उदाहरण हो।

मितव्ययिताका उपायको घोषणा गर्दा उनले संसद्, सरकारी टेलिभिजन च्यानल र पार्टी प्लाटफर्मसहित सबै उपलब्ध च्यानल त्याग्छन्, ताकि सञ्चार पहिलेभन्दा अझ अनौपचारिक देखियोस्। उनी मन्त्रिपरिषद्मा पनि यस विषयमा छलफल गर्दैनन्।

संस्थाहरू आफ्नो संवैधानिक भूमिकाबाट अलग्गिएको समयमा अरूसँग परामर्श गर्ने सानो इसाराले पनि लोकतान्त्रिक संस्थामा केही विश्वास जगाउन सक्छ।

यद्यपि, उनी जानाजानी यस्तो सम्भावनालाई हटाउने छनोट गर्छन्। उन सोही उद्देश्यका लागि हेगमा भएको रणनीति दोहोऱ्याउँछन् र आप्रवासी भारतीयको सामुदायिक भेलामा गरिबीमा हुने सम्भावित वृद्धिको घोषणा गर्छन्। लोकतन्त्रको प्रधानमन्त्रीले देशबाहिरको अनौपचारिक भेलामा यस्तो महत्त्वपूर्ण जानकारी कसरी प्रकट गर्न सक्छन् ?

मानिसलाई लाग्न सक्छ कि हरेक प्रमुख संस्था पूर्ण नियन्त्रणमा रहेको र पश्चिम बंगालमा अप्रत्याशित विजय हासिल गरेको समयमा किन मोदी लोकतन्त्रलाई काल्पनिक बनाउँछन् ?

पश्चिम बंगालको विजयले उनलाई मुस्किलले चुनाव जित्नबाट रोक्न सकिन्छ भन्ने कुरा देखाएको छ। जितले निर्वाचन प्रणालीमा नयाँ तत्त्वहरू 'तार्किक विसंगति'को एक वर्ग, मतदाताको योग्यता जाँच गर्न न्यायाधीकरण, केन्द्रीय बलको ठुलो परिचालन, केन्द्र सरकारबाट कर्मचारीको गणना आदि परिचय गराएर चुनावको प्रकृतिलाई निर्णायक रूपमा परिवर्तन गरेको छ।

यो जितले निर्वाचन प्रणालीमा नयाँ तत्त्वहरू-मतदाताको योग्यता जाँच गर्न न्यायाधीकरण, केन्द्रीय बलको ठुलो परिचालन, केन्द्र सरकारबाट गणना कर्मचारी इत्यादिलाई प्रवेश गराएर चुनावको प्रकृतिमा निर्णायक परिवर्तन ल्याएको छ।

यद्यपि, पूर्ण नियन्त्रणले अस्थिरताबाट मुक्ति पाउने विषयलाई मुस्किलले सुनिश्चितता गर्छ। घुसपैठियाको कथाले पश्चिम बंगालमाथिको नियन्त्रणलाई वैध बनाउन सक्दैन। मताधिकारबाट वञ्चित हुनु र अल्पसंख्यक र विपक्षीको दमनबाट उत्पन्न हुने असन्तुष्टिले अस्थिरता निम्त्याउन सक्छ। तसर्थ, मोदीले लोकतन्त्रको काल्पनिकीकरणलाई एक विचलनकारी उपकरणका रूपमा हेरिरहेका हुन सक्छन्।

द वायरबाट

इतिहासमा आज

मे २९



सन् १९५३ : न्युजिल्यान्डका नागरिक एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले एक ब्रिटिस आरोहण दलको हिस्सा भएर पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरे।

सन् १४५३ : पूर्वी रोमन साम्राज्यको राजधानी कन्स्टिनटिनोपल (हालको इस्तानबुल) मुस्लिम टर्क सम्राट मेहमेद द्वितीयको कब्जामा गरेसँगै ११ सय वर्ष लामो सो इसाई साम्राज्यको अन्त्य भयो।

सन् १६५८ : शाहजहाँको उत्तराधिकारीका विषयमा उनका जेठा छोरा दारा सिकोह र अर्का छोरा औरंगजेबबिच समुगढ युद्धमा भएको युद्धमा औरंगजेब विजयी। युद्धपछि पिता शाहजहाँलाई पक्राउ गरेर औरंगजेबले सत्ता हत्याए।

सन् १८७४ : स्विट्जरल्यान्डको दोस्रो संविधान लागू भयो। यसलाई सन् १९९९-२००० मा आएर तेस्रो(हाल लागू) संविधानले विस्थापित गऱ्यो।

सन् १९१६ : अमेरिकी सेनाले डोमिनिकन गणतन्त्रलाई कब्जा गऱ्यो। अमेरिकी सेनाले आठ वर्षसम्म आफूअनुकूलको सरकारमार्फत शासन गरे।

सन् १९९० : गैरकम्युनिस्ट उम्मेदवारका रूपमा चुनाव उठेका बोरिस यल्तसिन सोभियत संघअन्तर्गतको रुसी गणतन्त्रको राष्ट्रपति चुनिए।

सन् २०१९ : विश्व स्वास्थ्य संगठनले ट्रान्सजेन्डरलाई मानसिक रोगको वर्गीकरणबाट हटायो।

ओमानमा बमबारी गर्ने ट्रम्पको चेतावनी

वासिंटन डिसी / संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार लामो समयदेखिको सहयोगी देश ओमानलाई नै आक्रमण गर्ने चेतावनी दिए। ट्रम्पले स्ट्रेट अफ हर्मुजको विवादमा इरानसँग सहकार्य गरे आफ्नै सहयोगी ओमनमाथि पनि सैन्य बल प्रयोग गर्ने धम्की दिएका हुन्।

ओमनले इरानसँग विश्वको विश्वव्यापी तेल ढुवानीको २० प्रतिशतभन्दा बढी हिस्सा आउजाउ गर्ने रणनीतिक जलमार्ग हर्मुजमा सहकार्य गर्ने सार्वजनिक भएपछि ट्रम्पको यस्तो चेतावनी आएको हो। वासिंटनमा बुधबार मन्त्रिपरिषद्को बैठकपछि पत्रकारसँग बोल्दै ट्रम्पले भने, 'कसैले यो समुद्री मार्गलाई नियन्त्रण गर्नेछैन। यो अन्तर्राष्ट्रिय जलमार्ग हो, ओमानले अरू सबैजस्तै व्यवहार गर्नुपर्नेछ। नत्र, हामीले तिनलाई पनि आक्रमण गर्नुपर्ने हुन्छ।'

हर्मुज एक अन्तर्राष्ट्रिय समुद्री मार्ग भए पनि यसको धेरैजसो भाग इरान र ओमानमा पर्छ। ती देशमा नपर्ने थोरै हिस्सा मात्र संयुक्त अरब इमिरेट्स (युएई) लाई छुन्छ। बुधबार ट्रम्पको चेतावनी आउनुअगाडि इरानको सरकारी टेलिभिजनले इरान र संयुक्त राज्य अमेरिका एक समझदारी पत्रमा सहमत हुन लागेको र त्यसमा तेहरान र मस्कटले संयुक्त रूपमा हर्मुजलाई नियन्त्रण गर्ने बताइएको भनेको थियो।

माली संकटले छिमेकमा पनि अस्थिरता निम्त्याउने उच्च जोखिम

कूटनीतिक समाधान खोज्ने गरी कदम नचालिए सम्पूर्ण सहेल क्षेत्रमा अस्थिरताको ठुलो लहर आउन सक्छ



● डा. मोहम्मद एल हज महमुद एल तालिब
(लेखक 'राइड सेन्टर फर स्ट्राटेजिक स्टडिज एन्ड डेभलपमेन्ट'का प्रमुख हुन्)



माली संकट गहिरिँदै गए यो सरकार र पृथकतावादी आन्दोलनकारी समूहबिचको राजनीतिक संकटमा मात्र सीमित हुनेछैन। क्षेत्रीय तथा विश्वव्यापी प्रतिद्वन्द्विता मालीमा देखिन थाल्ने सम्भावनाबिच थप विदेशी हस्तक्षेप निम्तिन सक्छ।

मालीको राजधानी बामाकोमा विद्रोही समूहले इन्धन प्रवेशमा नाकाबन्दी लगाएको लगभग नौ महिना भइसक्यो। अप्रिलको अन्त्यपछि द्वन्द्व अझ चर्किंयो। अल-कायदासम्बद्ध 'जमात नुसरत अल-इस्लाम वाल-मुस्लिमिन (जेएनआइएम)'ले टुआरेग पृथकतावादी आन्दोलनका सदस्यसँग मिलेर माली सेना र यसलाई सहयोग गर्ने रुसी अर्धसैनिक समूह अर्थात् अफ्रिकी कोर्प्स (पहिले वाग्नर)विरुद्ध समन्वित आक्रमण सुरु गऱ्यो। अप्रिलको आक्रमणमा मालीका रक्षामन्त्री सादियो कामारा नै विद्रोहीबाट मारिए।

त्यसयता विद्रोहीले कैयौं सैन्य शिविर नियन्त्रणमा लिइसक्यो। देशको उत्तरी भेगको सबैभन्दा ठुलो उत्तरी सहर किडालमाथि पनि तिनले पुनः नियन्त्रण हासिल गरेका छन्। राजधानी बामाकोमाथिको नाकाबन्दी थप कडा पारिएको छ। पछिल्लो आक्रमण शृंखला मुख्यतः 'अजावाद' भनिने टिम्बक्टु, तौदेनिट, किडाल र गाओ समेटिएको बृहत्तर क्षेत्रमा बस्ने टुआरेग समुदायको विद्रोहको पछिल्लो विस्तारित रूप हो। सन् २०२१ मा भएको सैन्य विद्रोह र त्यसपछिको विदेशी हस्तक्षेपले माली राज्य कमजोरी भएपछि वर्तमान संकट थप जटिल बन्यो। यसलाई सम्बोधन गर्न कुनै गम्भीर प्रयास गरिएन भने अस्थिरता सम्पूर्ण सहेल क्षेत्रमा फैलिन सक्छ।

सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएदेखि नै मालीको उत्तरी भेग पटकपटक उथलपुथलबाट गुज्रियो। यस भेगमा स्थानीय टुआरेग समुदायले आत्मनिर्णयको माग गर्दै पटकपटक विद्रोह गरिसके। चौध वर्षअघि पनि टुआरेग समुदायले अल-कायदासँग सम्बद्ध समूहसँग गठबन्धन गरे उत्तरी मालीमा धेरै सहर कब्जा गर्न सफल भएका थिए। यदि सन् २०१३ मा फ्रान्सेली सैन्य हस्तक्षेप नभएको भए उनीहरू झन्डै बामाको कब्जा गर्ने अवस्थामा पुगेका थिए। त्यतिवेला दुई फ्रान्सेली सैन्य अप्रेसनले टुआरेग आन्दोलन र अल-कायदासँग सम्बद्ध समूहलाई कमजोर बनायो। त्यस सफल अभियानको बलमा ती समूह सरकारसँग वार्तामा बस्न तयार भएका थिए। लामो वार्तापछि सन् २०१५ मा 'अल्जियर्स सम्झौता'सँगै त्यतिवेला युद्ध सकिएको थियो।

यस सम्झौताको सबैभन्दा प्रमुख खण्डमध्ये एक बुँदा अजावद क्षेत्रमा विकेन्द्रीकरण लागू गर्ने भन्ने थियो। त्यसले स्थानीय नेतालाई थप अधिकार प्रदान गरेको थियो। यस सम्झौतामा माली सरकारले अजावद क्षेत्रमा विकास निर्माणको कार्य बढाउने, पृथकतावादी लडाकुलाई सेनामा समायोजन गर्ने र राजनीतिक पदमा ती आन्दोलनका नेताको नियुक्ति गर्नेजस्ता वाचा गरेको थियो। बदलामा आन्दोलनकारी समूहले पृथकतावादी माग परित्याग गर्ने र देशको क्षेत्रीय अखण्डताप्रति प्रतिबद्धता जनाएका थिए।

अल्जियर्स सम्झौताले तत्कालीन सयमका तनाव कम गर्ने र पृथकतावादी आह्वानका स्रोतहरूलाई नै सम्बोधन गर्ने प्रयास गरेको थियो। यसले माली र सहेल क्षेत्रमा सापेक्षिक स्थिरता कायम राख्न मद्दत हुने आमअपेक्षा थियो। यद्यपि, विभिन्न चुनौती देखा परेपछि शान्ति लामो समयसम्म टिकेन। सबैभन्दा महत्त्वपूर्ण रूपमा उत्तरी भेगमा विकास परियोजना कार्यान्वयन गर्ने आफ्नो प्रतिबद्धताको सम्मान गर्न सरकार असफल रह्यो। अझ, सन् २०२१ मा जनरल असिमी गोइटाको नेतृत्वमा भएको सैन्य विद्रोहपछि अवस्था झन् खराब बन्यो।

फ्रान्स, अल्जेरिया र पश्चिम अफ्रिकी राज्यको आर्थिक समुदाय 'इकोवास'का सदस्यले बामाकोमा उदाएको नयाँ सैन्य सरकारलाई मान्यता दिन अस्वीकार गरे। फलस्वरूप, सन् २०२२ मा सैन्य सरकारले फ्रान्सेली सेनालाई देशबाट निष्कासन गऱ्यो भने सन् २०२४ मा अल्जियर्स सम्झौता नै रद्द भएको घोषणा गऱ्यो। त्यसपछि, कूटनीति र संवादको सट्टा सेनाले अशान्त उत्तरलाई नियन्त्रण लिन सैन्य अभियान सञ्चालन गऱ्यो। यी कठोर कदमसँगै मालीको मौरिटानिया, अल्जेरिया र फ्रान्ससँगको सम्बन्ध तनावपूर्ण बन्यो। बामाकोले उनीहरूलाई विद्रोहीलाई सहयोग प्रदान गरेको र देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको आरोप लगाउन थाल्यो। फलस्वरूप, छिमेकीहरूसँग सैन्य समन्वय र व्यापार घट्दै गयो र माली सैन्य र आर्थिक रूपमा कमजोर भयो।

राज्य कमजोर हुँदा जेएनआइएम र पृथकतावादी आन्दोलनले परिस्थितिको फाइदा उठाए। उनीहरूले अधिकांश आयात र निर्यात हुने प्रमुख यातायात मार्गमै आक्रमण गरेर राजधानीमाथि नाकाबन्दी लगाए। उनीहरूले सेनेगल र आइभरी कोस्टबाट आउने पेट्रोल र डिजेलको आपूर्ति अवरुद्ध गरे। मौरिटानिया हुँदै खाद्यान्न आपूर्ति गर्ने मोरक्कन ट्रकमा आक्रमण गर्न थाले। सन् २०१२ मा जस्तै टुआरेग आन्दोलनकारी समूह र अल-कायदासम्बद्ध पुनः बनेको गठबन्धन यसपटक पनि सफल साबित भएको छ। गठबन्धनले धेरै स्थानमा माली सेनालाई पराजित गरेको छ। देशको ठुलो भाग कब्जामा लिन सफल भएको छ। अझ, राजधानीबाहिर सशस्त्र समूह स्वच्छन्द रूपमा सञ्चालन भइरहेको छ। यसपटक विदेशी सेना माली सेनाको सहयोगमा आएका छैनन्। किनकि, अप्रिलको अन्त्यमा भएको आक्रमणपछि रुसी फौजसमेत बाहिरिएको छ। यसबिच, टर्कीएले बढ्दो अस्थिरताबिच मालीमा आफ्नो संलग्नता बढाएको छ। मे महिनाको सुरुमा माली सेनामाथि आक्रमणपछि अंकाराले माली सैन्य सरकारसँग धेरै रक्षा सम्झौतामा हस्ताक्षर गऱ्यो।

माली संकट गहिरिँदै गए यो सरकार र पृथकतावादी आन्दोलनकारी समूहबिचको राजनीतिक संकटमा मात्र सीमित हुनेछैन। क्षेत्रीय तथा विश्वव्यापी प्रतिद्वन्द्विता मालीमा देखिन थाल्ने सम्भावनाबिच थप विदेशी हस्तक्षेप निम्तिन सक्छ। 'अजवाडी' आन्दोलन र अल-कायदासम्बद्ध समूहबिचको गठबन्धनले स्थिति झन् भयावह बनाएको छ। यस सम्बन्धभित्र स्पष्ट विरोधाभास छन्। किनकि, दुई पक्षबिच केन्द्रको सैन्य शासन अन्त्य गर्ने भन्नेबाहेक कुनै साझा मुद्दा छैन। यसैले, उत्तरमा अजवाडी आन्दोलन र इस्लामी समूहबिच भविष्यमा युद्ध हुने सम्भावना उच्च छ।

माली संकटले अनिवार्य रूपमा क्षेत्रीय परिणाम निम्त्याउनेछ। जारी मानवीय संकटले युरोप र उत्तरी अमेरिकातिर ठुलो बसाइँसराइको लहर निम्त्याउन सक्छ। उत्तरमा निरन्तर अस्थिरताले अतिवादी आन्दोलन बढाउन सक्छ। यसले सम्पूर्ण पश्चिम अफ्रिकी भेगभरि उनीहरूको आक्रमण बढाउन सक्छ। फलस्वरूप, मालीको संकट छिमेकी देश, क्षेत्र र विश्वका लागि प्रत्यक्ष सुरक्षा खतरा बन्न सक्छ। अहिलेको अवस्था हेर्दा कुनै पनि युद्धरत पक्षले निर्णायक सैन्य विजय हासिल गर्ने सम्भावना देखिँदैन। त्यसकारण, द्वन्द्वको समाधान संवाद र वार्ताबाट मात्र सम्भव छ। बामाकोले उत्तरमा रहेका तुआरेग समुदायको गुनासो र उनीहरूको मागलाई गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ।

मालीका छिमेकी देश र क्षेत्रीय शक्तिले पनि मालीका द्वन्द्वरत पक्षलाई वार्ताका लागि दबाब दिनु र शान्तिपूर्ण समाधान खोज्नु तिनकै सामूहिक हितका लागि श्रेयष्कर हुन्छ। माली द्वन्द्वको क्षेत्रीय प्रभावको जोखिम रहेकाले यी शक्तिलाई सीमित समय खेर फाल्ने छुट छैन।

अलजजिराबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १५ जेठ ०८३

संक्षेप

'संकुचित आर्थिक नीति दोहोरिँदैन'

काठमाडौं/ वर्तमान सरकारले आर्थिक क्षेत्रमा आमूल परिवर्तन ल्याउने गरी काम गरिरहेको सांसद एवं सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की कोषाध्यक्ष लिमा अधिकारीले बताएकी छिन्। नेपाल महिला चेम्बरको आयोजनामा काठमाडौंमा बुधबार आयोजित एक कार्यक्रममा बोल्दै सांसद अधिकारीले अहिले राजनीतिक मात्र नभई आर्थिक क्षेत्रमा समेत आमूल परिवर्तन ल्याउने गरी काम भइरहेको बताएकी हुन्। कार्यक्रममा नेपाल महिला चेम्बरकी सचिव इरा प्रसाईंले बढ्दो युवा पलायन रोक्न उद्यमशीलतालाई रोजगारीको आधारका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याइन्। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाल अहिले निर्णायक मोडमा रहेको बताउँदै महिला र युवा शक्तिलाई उचित रूपमा उपयोग गर्न सके देशले तीव्र विकास हासिल गर्न सक्ने बताए।

सल्यानबाट १९१ क्युफिट अवैध काठ बरामद

सल्यान/ सल्यानबाट बाँकेको नेपालगन्ज लाँदै गरेको अवैध काठसहितको ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ। वनगाड क्षुपिन्डे नगरपालिका- १, सल्लीबजारदेखि नेपालगन्ज लाँदै गरेको १९१.७८ क्युफिट (२३२) थान मसला जातको काठ बरामद गरेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। काठसहित ढुवानीमा संलग्न चालक र सवारीसाधनलाई समेत नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देवराज भट्टराईले जानकारी दिए। बरामद गरिएको काठ, चालक र साधनलाई आवश्यक कारबाहीका लागि सबडिभिजन वन कार्यालय वनगाडमा पठाइएको उनको भनाइ छ।

सुनको मूल्य तोलामा ५५ सयले घट्यो

काठमाडौं/ नेपाली बजारमा सुनचाँदीको मूल्य घटेको छ। बिहीबार सुन तोलामा पाँच हजार पाँच सय रुपैयाँले घटेर प्रतितोला दुई लाख ८५ हजार रुपैयाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। बुधबार सुन प्रतितोला दुई लाख ९० हजार पाँच सय रुपैयाँमा कारोबार भएको थियो। यस्तै, चाँदीको मूल्य पनि घटेको छ। चाँदी तोलामा दुई सय १५ रुपैयाँले घटेर प्रतितोला चार हजार आठ सय ६५ रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ। बुधबार चाँदी प्रतितोला पाँच हजार ८० रुपैयाँमा कारोबार भएको थियो।

■ संघीय सरकारको बजेट आज

२१ खर्बआसपासको बजेट ल्याउने तयारी

कर संरचनामा व्यापक फेरबदल, परम्परागत स्रोतको विकल्पमा वैकल्पिक वित्त परिचालन गरेर खर्च व्यवस्थापन गरिने



विस्तारकारी बजेट आवश्यक, तर खर्च गर्न सक्नुपर्छ

● **डा. प्रकाशकुमार श्रेष्ठ**, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

विस्तारकारी बजेट ल्याएर मात्रै भएन, त्यसलाई यथार्थमा खर्च गर्ने क्षमता पनि हुनुपर्छ। कत्रो आकारमा आउँछ भन्दा पनि स्रोतको व्यवस्थापन गरेर खर्च गर्न सक्ने बजेट ल्याउन सक्नुपर्छ। सरकारले नीति तथा कार्यक्रममार्फत कस्तो बजेट ल्याउने भनेर केही संकेत त दिन खोजेको छ। तर, त्यसलाई रणनीतिक हिसाबले कसरी कार्यान्वयनमा लैजान्छ भन्ने महत्त्वपूर्ण विषय हो। राजस्वले अनिवार्य दायित्व धान्न मुस्किलले पुगेको अवस्था छ। सरकारले कर संरचनामा परिवर्तन गर्ने त भनेको छ। तर, स्पष्ट योजना ल्याएको छैन।

पवन तिमिल्सिना/ नयाँ पत्रिका

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले २१ खर्बआसपासमा अंक रहने गरी आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट ल्याउने तयारी गरेका छन्। गत फागुनमा सम्पन्न निर्वाचनबाट भन्डै दुईतिहाइ जनमत पाएको रास्वपा सरकाका अर्थमन्त्रीले आफ्नो पहिलो बजेट शुक्रबार संघीय संसद्मा पेस गर्दै छन्।


संवैधानिक व्यवस्थाअनुसार अर्थमन्त्री वाग्लेले शुक्रबार (जेठ १५ गते) अपराह्न चार बजे संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने कार्यक्रम छ। सांसदहरूको कार्यक्रमको माग उच्च रहेकाले अनिवार्य दायित्वसँगै सिलिङभन्दा करिब दुई खर्ब बढाएर बजेट ल्याउन खोजिएको मन्त्रालय स्रोतले जानकारी दिएको छ। अर्थमन्त्रीले सुधार, लगानी आकर्षण तथा प्रवर्द्धन, पूर्वाधार विकास, डिटिजल प्रविधि, रोजगारी र उत्पादनलाई प्राथमिकता दिँदै विस्तारकारी बजेट ल्याउने भएका हुन्।

राष्ट्रिय स्रोत अनुमान समितिले गत १५ फागुनमा सरकारलाई आगामी आर्थिक वर्षका लागि करिब १८ खर्ब ९० अर्ब ४४ करोड रुपैयाँको बजेट सिलिङ निर्धारण गरेको थियो। जसमा चालूतर्फ सात खर्ब ५५ अर्ब २४ करोड र वित्तीय हस्तान्तरणतर्फ चार खर्ब १९ अर्ब १५ करोडको सीमा दिएको थियो। त्यस्तै, पुँजीगततर्फ तीन खर्ब ६७ अर्ब १० करोड र ऋणको साँवा-ब्याज भुक्तानीतर्फ तीन खर्ब ४८ अर्ब ९५ करोडको सिलिङ तय भएको थियो। यद्यपि, सांसदहरूले कार्यक्रम माग गरेपछि आकार बढाउनुपरेको मन्त्रालयका एक अधिकारीले जानकारी दिए। बजेटलाई अन्तिम रूप दिइसकेपछि स्रोत समितिको अन्तिम बैठक शुक्रबार बिहान डाक्ने तयारी छ। त्यसपछि मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रमसँगै आगामी आर्थिक वर्षको बजेटसमेत पारित गर्ने कार्यक्रम छ।



■ राष्ट्रपतिसमक्ष ब्रिफिङ

अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटबारे बिहीबार अपराह्न शीतलनिवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेललाई जानकारी गराएका थिए। भेटका क्रममा अर्थमन्त्री वाग्लेले संसद्मा प्रस्तुत गरिएको आर्थिक सर्वेक्षण ०८२/८३ तथा सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन पनि राष्ट्रपतिलाई हस्तान्तरण गरेका छन्।



अर्थमन्त्री डा. वाग्लेले पनि यसअघि नेपाललाई अहिलेको अवस्थामा २० देखि २१ खर्ब हाराहारीको बजेट ल्याउने सुविधा रहेको बताउँदै आएका थिए। 'आगामी आर्थिक वर्ष ०८३/८४ मा देशको अर्थतन्त्रको आकार ७० खर्ब नाघ्छ। जिडिपीको ३० प्रतिशतबराबरको बजेट ल्याउँदा पनि २१ खर्बको ल्याउन सकिन्छ,' हालै आयोजित एक कार्यक्रममा उनले भनेका थिए। अर्थमन्त्रीले अर्थतन्त्रको वर्तमान चुनौती चिर्ने र थिति बसाल्ने गरी बजेट ल्याउने बताउँदै आएका छन्।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले कोभिडपछि नेपाली अर्थतन्त्र अझै शिथिल अवस्थामा रहेको भन्दै सरकारले आगामी आर्थिक वर्षका लागि विस्तारकारी बजेट ल्याउनुपर्ने बताएका छन्। तर, बजेटको आकार ठुलो बनाउनु मात्रै पर्याप्त नहुने र त्यसलाई कार्यान्वयन तथा खर्च गर्न सक्ने क्षमता पनि आवश्यक हुने उनले बताए। 'सरकारले नीति तथा कार्यक्रममार्फत बजेटका विषयमा केही संकेत दिएको छ। तर, त्यसलाई रणनीतिक रूपमा कसरी कार्यान्वयन गरिन्छ भन्ने मुख्य विषय हो,' उनले भने, 'कत्रो आकारको बजेट आउँछ भन्नेभन्दा पनि स्रोत व्यवस्थापन गरेर खर्च गर्न सक्ने बजेट ल्याउनुपर्छ।'

डा. श्रेष्ठले हालको अवस्थामा राजस्व संकलनले सरकारका अनिवार्य दायित्व धान्नसमेत मुस्किल परेको उल्लेख गरे। सरकारले कर संरचनामा परिवर्तन गर्ने संकेत गरे पनि त्यसबारे स्पष्ट योजना भने सार्वजनिक नभएको उनको भनाइ छ। उनले जेन-जी आन्दोलनपछि ध्वस्त भएका सरकारी भवनको पुनर्निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताए। 'पुनर्निर्माणको काम मात्रै अघि बढाउन सकियो भने पनि पुँजीगत खर्च बढ्छ। तर, त्यो काम यो वर्षभित्रै सुरु भइसक्नुपर्ने थियो,' उनले भने। डा. श्रेष्ठले बजेटमा प्रत्यक्ष नदेखिने, तर अप्रत्यक्ष लाभ दिने विकल्पतर्फ पनि सरकारको ध्यान जानुपर्ने बताए। उनका अनुसार सार्वजनिक संस्थानमार्फत बन्ड जारी गरेर स्रोत व्यवस्थापन गर्ने र ठुला आयोजना निर्माणमा लगानी गर्ने मोडेल प्रभावकारी हुन सक्छ।

'यसले बजेट प्रणालीमा प्रत्यक्ष रूपमा नदेखिए पनि अर्थतन्त्रलाई अप्रत्यक्ष लाभ दिन सक्छ। साथै, सार्वजनिक संस्थान पनि सबल बन्न सक्छन्,' उनले भने। उनले सरकारले विस्तारकारी बजेट ल्याउनुपर्नेमा जोड दिँदै त्यसको व्यवस्थापन भने रणनीतिक र कार्यान्वयनमुखी हुनुपर्ने बताए।

कस्तो बजेट आउँदै छ ?

सरकारले आगामी बजेटमार्फत कर संरचनामा व्यापक पुनरावलोकन गर्दै उद्यमी तथा मध्यमवर्गीय परिवारमाथिको कर बोझ घटाउने तयारी गरेको जनाएको छ। आर्थिक कारोबारलाई डिजिटल प्लाटफर्ममा आबद्ध गर्दै नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्र निर्माणलाई प्राथमिकतामा राखिएको छ। स्वैच्छिक कर अनुपालन, प्रविधिमैत्री राजस्व प्रशासन तथा शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व व्यवस्थालाई उद्यममैत्री बनाइने सरकारको तयारी छ।

बजेटमा सरकारी कर्मचारीको तलब वृद्धि गर्ने पनि सरकारको तयारी छ। सामाजिक सुरक्षा कार्यक्रमलाई राज्यको आर्थिक क्षमताअनुसार पुनर्संरचना गर्ने, वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई उद्यमशीलतामा जोड्ने तथा राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन कोष स्थापना गर्ने कार्यक्रम समेटिने भएका छन्। सीमित स्रोतलाई नयाँ आयोजना थप्नुभन्दा अधुरा र उच्च प्रतिफलयुक्त आयोजनाको सम्पन्नतामा केन्द्रित गरिने नीति सरकारले लिएको छ। लामो समयदेखि अधुरा रहेका रूपान्तरणकारी परियोजनालाई शीघ्र सम्पन्न गर्ने योजना पनि बजेटमा समेटिने भएको छ।

स्वास्थ्य बिमा तथा सामाजिक सुरक्षा प्रणालीको पुनर्संरचना, सातै दिन सेवा उपलब्ध गराउने एकल सेवा केन्द्र विस्तार तथा सार्वजनिक लगानीलाई रूपान्तरणकारी आयोजनामा केन्द्रित गर्ने नीति बजेटमा समावेश हुने भएको छ। पूर्वाधार बन्ड, अफसोर हरित बन्ड, डायस्पोरा पुँजी र सार्वजनिक-निजी साझेदारीमार्फत दीर्घकालीन पुँजी परिचालन गर्ने सरकारको तयारी छ।

सीमारहित अर्थतन्त्र र तौलरहित व्यापारलाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गरिने भनिएको छ। यसलाई सिद्धान्त र प्राथमिकतामा थप व्याख्या गर्दै डिजिटल अर्थतन्त्रलाई प्राथमिकतामा राख्दै सरकारले सफ्टवेयर, क्लाउड सेवा, डेटा सेन्टर, एआई कम्प्युटेसन, साइबर सुरक्षा तथा डिजिटल सेवाको निर्यात प्रवर्द्धन गर्ने घोषणा गर्ने भनिएको छ।। रिमोट वर्क, डिजिटल नोम्याड, अन्तर्राष्ट्रिय पेमेन्ट प्रणाली र डिजिटल उद्यमलाई कानुनी मान्यता दिँदै नेपाललाई क्षेत्रीय टेक हबका रूपमा विकास गर्ने नीति लिइने भएको छ। स्टार्टअप नेपाल तथा राष्ट्रिय उद्यम एवं नवप्रवर्तन कार्यक्रमलाई एकीकृत स्वरूप दिइने सरकारको तयारी छ।

पूर्वाधारतर्फ पुष्पलाल, हुलाकी, उत्तर-दक्षिण करिडोर तथा काठमाडौं-तराई मधेश द्रुतमार्गलगायत रणनीतिक सडक आयोजनाका बाँकी खण्ड सम्पन्न गर्ने लक्ष्य बजेटमा राखिएको छ। मुख्य राजमार्गबाट स्थानीय तह जोड्ने सडकलाई तीव्र रूपमा सम्पन्न गर्न बजेट विनियोजन गरिनेछ। सुरुङमार्ग, फ्लाई ओभर, अन्डरपास तथा ओभरपास निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरिने जनाइएको छ।

सरकारले आर्थिक करिडोर, ड्राई पोर्ट, वेयरहाउस, कोल्ड चेन तथा बहुआयामिक लजिस्टिक पूर्वाधार विकासलाई पनि प्राथमिकतामा राखेको छ। काठमाडौं उपत्यकासहित प्रमुख सहरमा मास ट्रान्जिट प्रणाली विस्तार, लुम्बिनी-बौद्ध, जनकपुर-रामायण तथा हिमाली पर्यटन सर्किट विकास, नयाँ ट्रेकिङ मार्ग, होमस्टे तथा सांस्कृतिक गन्तव्य प्रवर्द्धन कार्यक्रम पनि बजेटमा समेटिने भएका छन्।

यसैगरी, नेपाल वायुसेवा निगमको संस्थागत पुनर्संरचना, डेटा सेन्टर, जिक्लाउड, उच्च गतिको इन्टरनेट, साइबर सुरक्षा तथा डिजिटल भुक्तानी पूर्वाधार विस्तारलाई पनि आगामी बजेटले प्राथमिकता दिने भएको छ।





■ **भत्काइयो मापदण्डविपरीत बनेको तिनकुनेको पुल**

मापदण्ड पूरा नगरी निर्माण गरिएको तिनकुनेस्थित पक्की पुल भत्काउन सुरु गरिएको छ। उक्त ठाउँमा अब नयाँ डिजाइनको आर्क ब्रिज बनाउने तयारी छ। उक्त पुल ५ असार ०७५ मा सम्पन्न गर्ने गरी ४ पुस ०७१ मा पप्पु कन्स्ट्रक्सनसँग २१ करोड हाराहारीमा ठेक्का सम्झौता भएको थियो। तर, संसद्को विकास समितिले २ जेठ ०७६ मा गरेको अध्ययनले पानी बग्ने ठाउँमा बनेको पिल्लरमा त्रुटि देखिएको थियो। त्यसपछि मंसिर ०७६ मा पप्पुसँग ठेक्का तोडिएको थियो। डिजाइनअनुसार पुल निर्माण नभएपछि लामो समयदेखि विवाद हुँदै आएको पुल भत्काउन सुरु गरिएको हो।

माथिल्लो त्रिशूली-१ को बाँधमा वियर गेट जडान

रसुवा/ दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको बाँधमा वियर गेट जडान तथा परीक्षण सञ्चालन सफलतापूर्वक सम्पन्न भएको छ। कोरियाली कम्पनीहरूको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमार्फत निर्माणाधीन आयोजनाको हाइड्रो-मेकानिकलतर्फको संरचनाअन्तर्गत तीनवटा वियर गेटमध्ये एउटाको जडान तथा परीक्षण सञ्चालन सम्पन्न गरिएको हो।

प्रतिनिधिसभा सदस्य मोहन आचार्य, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सागरराज गौतम, कोरियन साउथ-इस्ट पावर कम्पनी (कोएन)का कार्यकारी उपसभापति योङ कि ली, नेपालका लागि कोरियाली राजदूत पार्क ताएयोङ, विद्युत् विकास विभागकी महानिर्देशक मनदेवी श्रेष्ठलगायतको उपस्थितिमा बिहीबार आयोजित कार्यक्रममा जडान तथा परीक्षण गरिएको हो। नदीको पानीको बहावलाई नियन्त्रण गरी विद्युत् उत्पादनका लागि सुरुङतर्फ मोड्ने, बाँधमा पानीको सतह कायम राख्ने तथा अतिरिक्त पानीलाई सुरक्षित रूपमा नदीमा निकास गर्ने कार्य वियर गेटमार्फत गरिन्छ। प्राविधिक मापदण्डअनुसार गेट जडान तथा सञ्चालन सम्पन्न भएसँगै आयोजनाको निर्माणकार्यले थप गति लिने तथा लक्षित समयमै आयोजना सम्पन्न गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

औद्योगिक क्षेत्रमा करिब पाँच खर्ब लगानी स्वीकृत

नयाँ पत्रिका

चालू आर्थिक वर्षको फागुन मसान्तसम्म लगानी बोर्ड र उद्योग विभागमार्फत चार खर्ब ९२ अर्ब रुपैयाँबराबरको लगानी स्वीकृति भएको छ। बुधबार प्रकाशित आर्थिक सर्वेक्षणका अनुसार उद्योग विभागबाट तीन खर्ब ८९ अर्ब ७४ करोड र लगानी बोर्डबाट एक खर्ब दुई अर्ब २६ करोड लगानी स्वीकृति भएको छ।

चालू आवको आठ महिनामा उद्योग विभागमा दर्ता भएका उद्योगको संख्या पनि ११.८ प्रतिशतले बढेर ११ हजार एक सय ४० पुगेको छ। यसमध्ये ठुला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १३.९ प्रतिशत, २० प्रतिशत र ६६.१ प्रतिशत रहेको छ। विभागमार्फत ४० अर्ब ७० करोडबराबरको प्रत्यक्ष वैदेशिक लगानीको प्रस्ताव गरिएको छ। यस अवधिमा कुल पाँच सय ५४ उद्योग प्रस्तावसमेत भएका छन्।

नेपालमा उद्योग खोल्नका लागि प्रस्ताव गर्नेहरूमा चिनियाँ र भारतीय व्यवसायी अगाडि रहेका छन्। वैदेशिक लगानीमा चीनको ४८ प्रतिशत र भारतको १७.९ प्रतिशत हिस्सा रहेको सर्वेक्षणमा उल्लेख छ। त्यसैगरी, १५ हजार तीन सय ६३ नयाँ कम्पनी दर्ता भएका छन्।

फागुनसम्म वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा एक हजार दुई सय ७८ नयाँ व्यापारिक फर्म दर्ता भएका र दुई सय नौ व्यापारिक फर्म खारेज भएका छन्। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा एक हजार एक सय ४१ नयाँ फर्म दर्ता भएका थिए भने तीन सय ८१ व्यापारिक फर्म खारेज भएका थिए।

राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा १९ हजार ६ सय ५२ मेट्रिकटन र सार्क खाद्य सुरक्षा बैंकमा आठ हजार मेट्रिकटन गरी २७ हजार ६ सय ५२ मेट्रिकटन खाद्यान्न मौज्दात रहेको सर्वेक्षणमा उल्लेख छ।

गत आर्थिक वर्ष ०८१/८२ मा दुर्गम जिल्ला तथा स्थानमा ढुवानी अनुदानमा २९ हजार आठ सय १६ मेट्रिकटन चामल ढुवानी भएकोमा यो वर्ष आठ हजार ६ सय ८१ मेट्रिकटन ढुवानी भइसकेको छ।

उद्योग-व्यवसाय र लगानी

● **लगानी स्वीकृति**
चालू आव ४ **खर्ब** ९२ **अर्ब**
गत आव ३ **खर्ब** १२ **अर्ब**

● **उद्योग दर्ता**
चालू आवमा ९ **सय** २१
गत आवमा ४ **सय** ३८

● **विदेशी लगानी**
चालू आव ४० **अर्ब** ७० **करोड**
गत आव ४४ **अर्ब** ६६ **करोड**

● **कम्पनी दर्ता**
चालू आव १५ **हजार** ३ **सय** ६३ **वटा**
गत आव १४ **हजार** १ **सय** ३० **वटा**

● **व्यापारिक फर्म दर्ता**
चालू आव १ **हजार** २ **सय** ७८ **वटा**
गत आव १ **हजार** १ **सय** ४१ **वटा**

७३ वस्तुलाई गुणस्तर प्रमाण चिह्न प्रदान

गुणस्तर तथा नापतौल विभागले चालू आवको आठ महिनामा ३७ वटा गुणस्तर मापदण्ड स्वीकृति गरेको छ। र, ७३ वस्तुलाई गुणस्तर प्रमाण चिह्न प्रदान गरेको जनाएको छ। चालू आवमा गुणस्तर प्रमाण चिह्न लिएका उद्योगबाट दुई सय २९ वटा नमुना संकलन गरी परीक्षण भएको विभागले जनाएको छ। हालसम्म देशभर तीन सय ७१ उद्योगले गुणस्तर प्रमाण चिह्न लिएर विभिन्न वस्तु उत्पादन गरिरहेको उल्लेख छ।

पेट्रोलियम पदार्थको खपतमा गिरावट

यो वर्ष पेट्रोलियम पदार्थको खपतमा गिरावट आएको छ। कुल इन्धन खपतमा विद्युत् प्रयोगको हिस्सा बढ्दै गएकाले पेट्रोलियमको खपत घटेको सर्वेक्षणमा उल्लेख छ। गत आवको तुलनामा चालू आवको आठ महिनामा पेट्रोल १० प्रतिशत, डिजेल ९.९ प्रतिशत, मट्टीतेल ४७.७ प्रतिशत, हवाई इन्धन ८.६ प्रतिशत र ग्यास ११.१ प्रतिशतले आयातमा कमी आएको छ।

त्यस्तै, बिक्रीमा समेत पेट्रोल ६.४ प्रतिशत, डिजेल ८.७ प्रतिशत, मट्टीतेल ६.१ प्रतिशत, हवाई इन्धन ९.३ प्रतिशत र एलपी ग्यास १०.४ प्रतिशतले गिरावट आएको सर्वेक्षणमा उल्लेख छ।

■ इरान युद्धले समस्यामा निर्माण क्षेत्र

तत्काल मूल्य समायोजन गर्न निजी क्षेत्रका तीन ठुला संगठनको माग

नयाँ पत्रिका

बढ्दो लागत, ढिलो भुक्तानी तथा प्रशासनिक जटिलताका कारण निर्माण व्यवसायीहरू गम्भीर समस्यामा परेको भन्दै निजी व्यवसायीका तीन ठुला संस्थाले सरकारको ध्यानाकर्षण गराएका छन्। इरान युद्धका कारण पेट्रोलियम पदार्थसहित निर्माण सामग्रीमा भएको मूल्यवृद्धि र त्यसको अभावले सम्पूर्ण निर्माण क्षेत्र प्रभावित भएको छ। तर, त्यो समस्या समाधानका सवालमा सरकारले ठोस निर्णय गर्न नसकेको निजी क्षेत्रको गुनासो छ। बिहीबार नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराएका हुन्।

जारी युद्धका कारण इन्धनमा भएको उच्च मूल्यवृद्धिले नेपाली अर्थव्यस्थामा समेत प्रत्यक्ष प्रभावित भइरहेको छ। मध्यपूर्वको युद्धअघि (फेब्रुअरी १५) डिजेल प्रतिलिटर एक सय ३९ रहेकोमा हाल प्रतिलिटर दुई सय २५ र बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट एक सय ५५ पुगेको छ।

निर्माण उद्योगमा प्रयोग हुने डिजेल, मट्टीतेल, बिटुमिनसहितका निर्माण सामग्री तथा ढुवानी लागतमा उच्च वृद्धि हुँदा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको छ। मूल्यवृद्धिको यस अवधिमा निर्माण व्यवसायीलाई मात्रै १० अर्बभन्दा बढी नोक्सानी भइसकेको निर्माण व्यवसायीहरूको भनाइ छ। त्यसपछि निजी क्षेत्रले यो समस्या समाधान गर्न माग गरेका छन्।

मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउन र पूर्वाधार विकासको मेरुदण्डको रूपमा रहेको निर्माण क्षेत्र इतिहासकै गम्भीर संकटबाट गुज्रिरहेको नेपाल निर्माण व्यवसायी महासंघको भनाइ छ।

न्यायोचित मूल्य समायोजन गर्नुपर्छ : महासंघ

नेपाल उद्योग वाणिज्य महासंघले निर्माण व्यवसायीको मागप्रति ऐक्यबद्धता जनाउँदै न्यायोजित मूल्य समायोजन गर्न माग गरेको छ। 'निर्माण उद्योग इन्धन तथा निर्माण सामग्रीमा पछिल्लो समय भइरहेको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धिका कारण ठप्प भई सप्लाई चेन अवरुद्ध भएर निर्माण उद्योग धराशायी भई मुलुकको समग्र अर्थतन्त्रमा नै प्रतिकूल प्रभाव परेको छ। निर्माण व्यवसायी महासंघले सबै किसिमका ठेक्कामा मूल्य समायोजनको व्यवस्था गरिदिन सरकारसमक्ष बारम्बार अनुरोध गरे तापनि समस्या समाधान नभएको निर्माण व्यवसायीको गुनासो रहिआएको छ,' महासंघले भनेको छ, 'भारतले समेत मूल्य समायोजन दिइरहेको स्थितिमा नेपाली निर्माण व्यवसायीलाई मूल्य समायोजनबाट वञ्चित गरिँदा देशभर सञ्चालित सबै प्रकारका आयोजनाका सम्पूर्ण निर्माणकार्य स्वतः बन्द हुने अत्यन्त गम्भीर संकटपूर्ण विषम परिस्थिति सिर्जना भएको छ।'

निर्माण व्यवसायी महासंघले मूल्य समायोजनको मार्गनिर्देशिका वा परिपत्र तत्काल जारी गर्न र सबै अवधिका ठेक्काको हकमा मूल्य समायोजनको व्यवस्था गर्न माग गरेको थियो। तर, सरकारले अझै त्यसको सम्बोधन गरेको छैन। 'मूल्यवृद्धि भएअनुसार अनिवार्य रूपमा मूल्य समायोजन गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था गरिएको हुँदा सोबमोजिम सबै अवधिका ठेक्काको मूल्य समायोजन गरिनुपर्ने र मूल्य समायोजन फ्रिज गर्न नहुने व्यवस्था रहेको सन्दर्भमा निर्माण व्यवसायी चरम आर्थिक तथा मानसिक दबाबमा परेको वर्तमान अवस्थालाई मध्यनजर गरी समग्र अर्थतन्त्रलाई चलायमान बनाउन अविलम्ब मूल्य समायोजनको व्यवस्था गरिदिन नेपाल उद्योग वाणिज्य महासंघ नेपाल सरकार र सरोकारवाला निकायसँग आग्रह गर्दछ,' महासंघले भनेको छ।

समस्या सम्बोधन गर्नू : परिसंघ

परिसंघले विज्ञप्तिमार्फत निर्माण व्यवसायीको समस्या सम्बोधन गर्न अनुरोध गरेको छ। 'निर्माण परियोजना प्रभावित हुँदा यससँग प्रत्यक्ष सरोकार राख्ने अन्य उद्योगहरूमा समेत शिथिलता आउन सक्ने भएकाले निर्माण व्यवसायीमाथि परेको आर्थिक तथा मानसिक दबाबलाई कम गर्न तथा समग्र अर्थतन्त्रलाई चलायमान बनाउन निर्माण व्यवसायीहरूको समस्यालाई उचित सम्बोधन गरिदिन परिसंघ सम्बन्धित सबै पक्षसँग अनुरोध गर्दछ,' परिसंघले भनेको छ।

समस्या समाधान गर्न सरकारसँग चेम्बरको आग्रह

सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भएको मूल्य समायोजनको प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा समस्या झन् बढेको चेम्बरले जनाएको छ।

चेम्बरका अनुसार लागत वृद्धि, समयमै भुक्तानी नहुनु तथा प्रशासनिक झन्झटका कारण विकास निर्माणका काम प्रभावित भएका छन्। यसको असर सिमेन्ट, स्टिल, डन्डी, पाइप तथा वायर उद्योगलगायत निर्माणसँग सम्बन्धित अन्य व्यवसायमा समेत परेको जनाइएको छ।

नेपाल चेम्बर अफ कमर्सले निर्माण क्षेत्रलाई थप संकटमा जानबाट रोक्न आवश्यक नीति तथा निर्णय तत्काल लागू गर्न सरकारसँग आग्रह गरेको छ। साथै, मूल्य समायोजनसम्बन्धी कानुनी व्यवस्था प्रभावकारी रूपमा लागू गरी निर्माण व्यवसायीलाई राहत दिनुपर्नेमा चेम्बरले जोड दिएको छ।

चेम्बरले सडक, ऊर्जा, जलस्रोत, सहरी विकास तथा औद्योगिक पूर्वाधारलाई प्राथमिकतामा राखी दीर्घकालीन योजना बनाउन सरकारलाई सुझाव दिएको छ। पूर्वाधार विकासलाई प्राथमिकता दिइए पनि निर्माण व्यवसायी पलायन हुने अवस्था सिर्जना हुनु चिन्ताजनक भएको चेम्बरको धारणा छ। सरकार र निजी क्षेत्रबिच सहकार्य तथा विश्वासको वातावरण कायम भए आर्थिक विकासको लक्ष्य हासिल गर्न सहज हुने विश्वास चेम्बरले व्यक्त गरेको छ।

बागमतीमा नौ महिनामा ८३ किमि सडक कालोपत्रे, लक्ष्यको एकतिहाइ मात्रै

बजेट खर्च पनि कमजोर, अमेरिका-इरान युद्धका कारण निर्माण प्रभावित भएको मन्त्रालयको दाबी



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले चालू आव ०८२/८३ को पहिलो नौ महिनामा ८३ किमि सडक कालोपत्रे गरेको छ। प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले चालू आवमा दुई सय ७२ किमि सडक कालोपत्रे गर्ने लक्ष्य राखेकामा तेस्रो त्रैमासिक समीक्षा अवधिसम्म ८३ किमि मात्रै सडक कालोपत्रे गर्न सकेको हो। यो कुल लक्ष्यको करिब एकतिहाइ मात्र हो।

मन्त्रालयले सार्वजनिक गरेको प्रगति विवरणअनुसार अधिकांश जिल्लामा सडक कालोपत्रे, ग्राभेल, ढलान, नयाँ ट्रयाक निर्माण तथा पुल निर्माणको काम सुस्त देखिएको छ। मकवानपुरमा चालू वर्ष २४.७ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिइएकामा हालसम्म ५.९ किमि मात्रै काम सम्पन्न भएको छ। सिन्धुपाल्चोकमा २७ किमिको लक्ष्यमा ७.३ किमि, रसुवामा १० किमिमध्ये ५.५ किमि तथा रामेछापमा ३२.५ किमि लक्ष्यमा ११.१९ किमि सडक कालोपत्रे भएको मन्त्रालयले जनाएको छ। त्यसैगरी, काभ्रेमा ३१ किमि लक्ष्यमा ९.५ किमि, चितवनमा २८.५ किमि लक्ष्यमा ७.५ किमि तथा दोलखामा १०.५ किमि लक्ष्यमा ०.८ किमि मात्रै काम सम्पन्न भएको छ। सिन्धुलीमा १५ किमि लक्ष्यमा तीन किमि, धादिङमा २० किमि लक्ष्यमा सात किमि तथा नुवाकोटमा ३५ किमि लक्ष्यमा १६ किमि सडक कालोपत्रे भएको छ। काठमाडौं, भक्तपुर र ललितपुरमा २१ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिइएकोमा २.५ किमि मात्रै काम भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

सडक कालोपत्रेसँगै अन्य पूर्वाधार निर्माणका सूचकमा पनि मन्त्रालयको प्रगति कमजोर देखिएको छ। मन्त्रालयले चालू वर्ष एक सय ७७ किमि सडक ग्राभेल, ३५ किमि नयाँ ट्रयाक निर्माण तथा दुई सय १६ किमि सडक ढलान गर्ने लक्ष्य राखेको थियो। तर, नौ महिनाको अवधिमा ६६ किमि सडक ग्राभेल, सात किमि नयाँ ट्रयाक तथा सीमित सडक ढलान मात्रै सम्पन्न भएको छ।

यसैगरी, सातवटा झोलुंगे पुल निर्माण गर्ने लक्ष्य लिइएकोमा हालसम्म दुईवटा मात्रै निर्माण सम्पन्न भएका छन्। खरको छाना उन्मूलन कार्यक्रम, चेपाङ-वनकरिया एकीकृत बस्ती विकास कार्यक्रमलगायतका योजनामा पनि अपेक्षित प्रगति हुन नसकेको मन्त्रालयको तथ्यांकले देखाएको छ।

चितवनमा चालू वर्ष ग्राभेलस्तरका सडक स्तरोन्नति र नयाँ ट्रयाक निर्माणको काम शून्य देखिएको छ। त्यहाँ सातवटा सडक ग्राभेल गर्ने लक्ष्य राखिए पनि हालसम्म काम सुरु हुन सकेको छैन।



इरान-इजरायल युद्धका कारण पेट्रोलियम पदार्थको मूल्य बढ्दा निर्माण सामग्रीको लागत पनि बढ्यो। त्यसले कालोपत्रेलगायतका पूर्वाधार निर्माणमा असर परेको छ। धेरै आयोजनाको काम प्रभावित भएकाले म्याद थप गर्नुपर्ने अवस्था आएको छ।

● **वासुदेव दाहाल**, सूचना अधिकारी, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

मन्त्रालयका सूचना अधिकारी वासुदेव दाहालका अनुसार चालू आर्थिक वर्ष प्रदेशभर ठुला र साना गरी तीन हजार चार सयभन्दा बढी आयोजना सञ्चालनमा छन्। प्रदेश स्थापना भएयता हालसम्म एक सय ५५ वटा सडक पुल निर्माण, एक हजार तीन सय १२.८८ किमि सडक कालोपत्रे, एक हजार दुई सय २३.२ किमि नयाँ ट्रयाक निर्माण, नौ सय ८३.६८ किमि सडक ग्राभेल तथा पाँच सय २.६७ किमि सडक ढलान गरिएको मन्त्रालयले जनाएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले चालू आर्थिक वर्षका लागि २२ अर्ब ३६ करोड ७१ लाख ८२ हजार रुपैयाँ बजेट पाएकोमा हालसम्म सात अर्ब ५८ करोड ४९ लाख २४ हजार रुपैयाँ मात्रै खर्च गरेको छ। यो कुल बजेटको ३३.९१ प्रतिशत हो। मन्त्रालयका अधिकारीहरूले कमजोर कार्यप्रगतिका कारण गत भदौमा भएको जेन-जी आन्दोलन तथा अन्तर्राष्ट्रिय युद्धको प्रभावलाई देखाएका छन्। सूचना अधिकारी दाहालका अनुसार इरान-इजरायल युद्धका कारण पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको र त्यसको असर निर्माण सामग्रीको आपूर्तिमा परेको छ।

'पेट्रोलियम पदार्थको मूल्य बढ्दा निर्माण सामग्रीको लागत पनि बढ्यो। त्यसले कालोपत्रेलगायतका पूर्वाधार निर्माणमा असर परेको छ,' उनले भने, 'धेरै आयोजनाको काम प्रभावित भएकाले म्याद थप गर्नुपर्ने अवस्था आएको छ।' प्रदेश सरकारले चालू वर्ष दुई सय ७२ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिएको भए पनि बाँकी दुई महिनामा बढीमा पाँचदेखि १० किमि मात्रै थप सडक कालोपत्रे हुने अनुमान मन्त्रालयले गरेको छ।

किसानलाई प्रतिकेजी पाँच रुपैयाँ बढी दिएर स्याउ बजारीकरण गरिँदै



- कर्णालीका १० जिल्लामध्ये सबैभन्दा धेरै जुम्लामा ४२ सय हेक्टर क्षेत्रफलमा हुन्छ स्याउ उत्पादन
- सिजनमा चलेको मूल्यभन्दा किसानलाई प्रतिकेजी पाँच रुपैयाँ बढी दिएर सहकारीले स्याउ खरिद गर्ने
- तर, जलवायु परिवर्तनका कारण पछिल्लो समय हरेक वर्ष स्याउ उत्पादनमा गिरावट

जुम्लामा **मानदत्त रावल**

परिपक्व नहुँदै बिक्री-वितरण गर्ने, किसानले समयमा मूल्य नपाउने र बिचौलियाले फाइदा उठाउनेजस्ता समस्या भोग्दै आएको जुम्लामा अब स्याउ बजारीकरण हुने भएको छ। रैथाने बालीको बजारीकरण गर्दै आएको चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्थाले स्याउ बजारीकरण गर्न लागेको हो। संस्थाले स्थानीय र फुजी जातका स्याउ किसानको बगैंचामै पुगेर संकलन गरी बजारीकरण गर्ने बताइएको छ। चन्दननाथले लामो समयदेखि कर्णालीमा उत्पादन हुने रैथाने बाली मार्सीचामल, फापर, सिमी, भटमास, चिनो, कागुनो, चामल, पिठो मिनिमार्केटमार्फत बजारीकरण गर्दै आएको छ।

संस्थाका व्यवस्थापक ऋषिराम पाण्डेका अनुसार करिब डेढ सय किसानमा साढे चार करोड लगानी गरिएको छ। उनले भने, 'किसानले उत्पादन गरेको स्याउ यो वर्षदेखि बजारीकरण बिक्री-वितरणका लागि जिम्मेवारी लिएका छौं।' उनका अनुसार ए, बी, सी गरी तीन ग्रेडका स्याउ बजारीकरण गर्ने तयारी भइरहेको छ। 'सी ग्रेडभन्दा कमसल खालका स्याउ चाना, जुस, जामजेली बनाएर मिनिमार्केटमार्फत बिक्री-वितरण गर्छौं।'

सिजनमा चलेको मूल्यभन्दा किसानलाई प्रतिकेजी पाँच रुपैयाँ बढी दिएर सहकारीले स्याउ खरिद गर्नेछ। गत वर्ष किसानले बगैंचामै प्रतिकेजी ६०-७० रुपैयाँसम्म बिक्री-वितरण गरेका थिए। सहकारीले अहिले त्योभन्दा प्रतिकेजीमा पाँच रुपैयाँ बढी दिने उनको भनाइ छ। सहकारीले साउन २५ गतेदेखि पछि स्याउ परिपक्व गुलियोपना भरिएपछि मात्रै टिप्ने योजना बनाएको व्यवस्थापक पाण्डेले बताए।

उनले भने, 'देशका ठुला सहर काठमाडौं, झापा, नेपालगन्ज, सुर्खेत लगेर बिक्री-वितरण गर्छौं।' केही वर्षदेखि सहकारीले काठमाडौंको भद्रकाली र जुम्लाको खलंगा बजारमा मिनिमार्केटमार्फत तथा नेपालगन्ज र सुर्खेतको विमानस्थलबाट पनि स्याउ बिक्री-वितरण गर्दै आएको छ।

कर्णाली प्रदेशका १० जिल्लामध्ये सबैभन्दा धेरै जुम्लामा ४२ सय हेक्टर क्षेत्रफलमा स्याउ उत्पादन हुने गरेको छ । ०२४ देखि स्याउ खेती सुरु गरिएको जुम्लामा स्याउको बिरुवा नरोपेको घरधुरी छैन। तर, जलवायु परिवर्तनका कारण पछिल्लो समय हरेक वर्ष स्याउ उत्पादनमा गिरावट आउने गरेको छ । आर्थिक वर्ष ०८१/८२ मा ६१ करोड रुपैयाँको स्याउ बिक्री गरेको जुम्लामा ०८२/८३ मा ४५ करोडको मात्रै स्याउ बिक्री भएको कृषि विकास कार्यालय जुम्लाको तथ्यांक छ।

कृषि विकास कार्यालय, जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार स्याउको फूल फुलेको आधारमा यो वर्ष गत वर्षको जत्तिकै उत्पादन हुनुपर्ने हो। तर मलजल, गोडमेल, रोगकिरा निगरानीजस्ता समस्याले गत वर्षभन्दा आगामी वर्ष १५-२० प्रतिशत स्याउ उत्पादन घट्ने पूर्वानुमान गरिएको अधिकारीले बताए।

कर्पोरेट

सामसङको 'अपग्रेड टु ग्यालेक्सी' योजना सार्वजनिक

आकर्षक एक्सचेन्ज, बोनस र सजिलो किस्ताबन्दी सुविधा

काठमाडौं/ सामसङ नेपालले अपग्रेड टु ग्यालेक्सी योजना सार्वजनिक गरेको छ। योजनाअन्तर्गत ग्राहकले आफ्नो पुरानो मोबाइल साटेर नयाँ ग्यालेक्सी स्मार्टफोन सिरिजमा सहज रूपमा अपग्रेड गर्न सक्ने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार ग्राहकले आकर्षक छुट, थप एक्सचेन्ज बोनस, विशेष टेलिकम अफर तथा सहज फाइनान्सिङ सुविधा प्राप्त गर्न सक्नेछन्। शून्य प्रतिशत डाउन पेमेन्टमा २४ महिनासम्मको किस्ताबन्दी सुविधासमेत लिन सकिने बताइएको छ। यो अफर आगामी जुन ३० सम्म लागू हुनेछ।

सामसङले पुराना सेलेक्टेड डिभाइस एक्सचेन्ज गर्दा त्यसको मूल्यसँगै अधिकतम आठ हजार रुपैयाँसम्म अतिरिक्त बोनस प्रदान गर्न सकिनेछ।

अभियानअन्तर्गत ग्यालेक्सी एस-२६ अल्ट्रामा १० हजार रुपैयाँ छुट र आठ हजार एक्सचेन्ज बोनसको व्यवस्था गरिएको कम्पनीले जनाएको छ। साथै, एस-२६ प्लसमा २३ हजार छुट र आठ हजार एक्सचेन्ज बोनस तथा एस-२६ मा १० हजार छुटसँगै आठ हजार रुपैयाँ बोनस उपलब्ध हुने बताइएको छ। त्यसैगरी, ग्यालेक्सी ए-५७ र ए-३७ मोडेलमा पाँच-पाँच हजार छुट तथा बोनस प्रदान गरिने कम्पनीले जनाएको छ। यस अफरसँगै एनसेलको बोनस डेटा सुविधा पनि उपलब्ध हुनेछ।



ग्यालेक्सी एस-२६ सिरिज खरिद गर्ने ग्राहकले न्यूनतम तीन सय ९९ रुपैयाँको एनसेल प्याक खरिद गर्दा प्रत्येक रिचार्जमा १५ जिबी बोनस डेटा प्राप्त गर्नेछन्। यो सुविधा १२ पटकसम्म लागू हुने भएकाले कुल १८० जिबी डेटा उपलब्ध हुनेछ। त्यसैगरी, ग्यालेक्सी ए-५७, ए-३७, ए-१७ र एम-१७ प्रयोगकर्ताले दुई सय ९९ रुपैयाँको प्याकमा प्रत्येकपटक १० जिबी बोनस डेटा पाउनेछन्, जसअन्तर्गत कुल १२० जिबी डेटा उपलब्ध हुनेछ।

कम्पनीका अनुसार हालै सार्वजनिक गरिएको ग्यालेक्सी एस-२६ सिरिजले उन्नत एआई आधारित फिचर, शक्तिशाली प्रदर्शन तथा प्रिमियम प्रयोगको अनुभव प्रदान गर्छ।

एसबिआई मर्चेन्टद्वारा शैक्षिक सामग्री वितरण



काठमाडौं/ नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडले काठमाडौंमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत राष्ट्रिय माध्यमिक विद्यालय, इन्द्रायणी, काठमाडौंमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री, ब्याग तथा कुर्सी वितरण गरेको हो। शिक्षा क्षेत्रमा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यले सो सहयोग गरिएको बताइएको छ।

कार्यक्रममा एसबिआईका प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार भण्डारी, सञ्चालन प्रमुख केदारप्रसाद पुडासैनी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसीनारायण श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक अर्जुन कार्ञ्जित, शिक्षक-शिक्षिका तथा विद्यार्थीको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै एसबिआई मर्चेन्टका सिइओ भण्डारीले गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्नु समाजप्रतिको साझा दायित्व भएको उल्लेख गर्दै विद्यार्थीको उज्ज्वल भविष्य निर्माणमा निजी क्षेत्रको सहकार्य आवश्यक रहेको बताए। उनले शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासका क्षेत्रमा एसबिआई मर्चेन्टले विगतदेखि नै यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गरे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठले विद्यालय तथा विद्यार्थीको आवश्यकतालाई मध्यनजर गर्दै गरिएको सहयोगप्रति एसबिआई मर्चेन्टलाई धन्यवाद दिए। यस्ता सहयोगले विद्यार्थीमा अध्ययनप्रति थप उत्साह र प्रेरणा प्राप्त हुने विश्वास उनको थियो। राष्ट्रिय माध्यमिक विद्यालयमा दुई सय ६५ जना विद्यार्थी अध्ययन गर्दै आएका छन्।

सानिमा रिलायन्सको व्यतीत बिमालेख नवीकरणमा छुट

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले व्यतित बिमालेख नवीकरण (पुनर्जागरण) गर्दा विलम्ब शुल्कमा १०० प्रतिशत छुट दिने घोषणा गरेको छ। कम्पनीले ३१ जेठभित्र जारी व्यतीत बिमालेख नवीकरण गर्दा त्यसमा लाग्ने विलम्ब शुल्कमा शतप्रतिशत छुट दिने भएको हो।



कम्पनीका अनुसार यस्तो छुट बिमा अवधिभर एकपटक मात्र पाइनेछ। बिमालेखमा छुट सुविधा लिइसकेपछि एक वर्षभित्र बिमालेख समर्पण गरेमा छुट पाएको सम्पूर्ण रकम भुक्तानी गराई समर्पण गरिने कम्पनीले जनाएको छ। साथै, बिमालेख परिपक्व हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेका बिमालेखमा भने छुट नपाइने कम्पनीले जनाएको छ।

गौरीशंकर बचत तथा ऋण सहकारी संस्था लि.
सु.न.पा-८, सिपाडोल भक्तपुर

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८३/२/१५

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले निजका नाममा सम्बन्धित मालपोत कार्यालयमा धितो दृष्टिबन्धक रोक्का राखी लिएको कर्जाको तिर्न बुझाउन पर्ने साँवा ब्याज आदि रकम नतिरी नबुझाई कर्जा सम्बन्धि सर्त बन्देजहरु उलंघन गरेको तथा संस्थाले पटक पटक लिखित एवं मौखिक रुपमा तरताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जा भुक्तान गर्न नआएकोले नामनामेशी विवरण सहित यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफुले लिएको कर्जाको साँवा ब्याज,हर्जना लगायतका सम्पुर्ण रकम यथाशिघ्र भुक्तान गरि आफ्नो हिसाब राफसाफ गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन,नियम,संस्थाको विनियम र बचत तथा ऋण नीति अनुसार भई जाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपशिल

ऋणीको विवरण	धितोको विवरण
नाम : श्याम बहादुर तामाङ ना.प्र.नं: १०४३२, भक्तपुर ठेगाना :भक्तपुर.जिल्ला गुण्डु-३, बुबा :धन बहादुर तामाङ बाजे : कामि सिं तामाङ	भक्तपुर जिल्ला गुण्डु -३क , कि.नं ७७६ को क्षे.फ ०-१०-३-०
नाम : बलराम खरेल (दोस्रो पटक) ना.प्र.नं : ४२३१६३०२ झापा ठेगाना : झापा जिल्ला जुरोपानी-८ बुबा :एकनाथ खरेल बाजे : डिल्लिराम खरेल पत्नि :लत्ता खरेल	झापा जिल्ला जुरोपानी वडा नं ८, कि.नं १४५ को क्षे.फ ०६०१० वर्ग.मिटर
नाम : लक्ष्मी लामा ना.प्र.न :२३०, भक्तपुर ठेगाना :भक्तपुर जिल्ला सिपाडोल-६ पति : विर बहादुर लामा ससुरा : लाल बहादुर लामा	भक्तपुर जिल्ला सिपाडोल वडा नं-६ कि.नं १०८६, १०९१ र ११०२ को क्रमश क्षेत्रफल ०-०-०-२.५०, ०-०-१-१.५० र ०-५-२-०
नाम : दिल कुमार नेम्वाङ ना.प्र.न : ५७८१६०३,झापा ठेगाना : झापा महेशपुर-१,हाल भ.पु.जि भ.न.पा-१० बुबा : धन प्रसाद लिम्बु बाजे : दल प्रसाद लिम्बु	भक्तपुर जिल्ला बागेश्वरी वडा नं-२क कि.नं १९९९ को क्षेत्रफल ०-४-३-०
नाम : आङ छिरी शेर्पा ना.प्र.न : ३९७७८।२११००३, रामेछाप ठेगाना : रामेछाप चुचुरे-२, हाल भ.पु.जि सु.न.पा-८ बुबा : फुर्वे शेर्पा बाजे : शम्भु शेर्पा	भक्तपुर जिल्ला सिपाडोल वडा नं-८ख कि.नं २८०३ को क्षेत्रफल ०-३-०-०

मोटरसाइकल हरायो

मिति २०८३/१/१६ गते अ. १९:५५ बजेको समयमा धनुषा जिल्ला जनकपुरधाम उप-महानगरपालिका वडा नं.-३ को वडा कार्यलयबाट जानकी मन्दिर जानेबाटोमा साथिको घर अगाडी पार्किङ गरिराखेको कालो रंगको KTM Duke 200cc मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : रामपूत मण्डल धानुक
मो.सा.नं.: म.प्र. ०२-०१० प ०४५५
चेसिस नं.: MD2JPCXE7SN092632
इन्जिन नं.: S-937*22691*
सम्पर्क न.: 9812116673

Funded by the European Union | DALIT LIVES MATTER | FCA | SHANTA FOUNDATION

REQUEST FOR PROPOSAL (RFP)
Dalit Lives Matter Global Alliance

Dalit Lives Matter Global Alliance is seeking proposals from eligible and interested firms for a study to conduct **"Policy Review and Gap Analysis in the Creative and Cultural Industries (CCI)"**, particularly from the perspectives of marginalized youth focused on the status of implementation, representation, and social cohesion.

RFP is published on www.dalitlivesmatter.org

DLMGA reserves the right to accept or reject in part or whole any or all of the proposals at any time without assigning any reason whatsoever. Telephone enquiries will not be entertained.

रुपन्देहीको विद्यालयलाई कामना सेवा विकासले गच्यो कुलर हस्तान्तरण



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले रुपन्देहीको विद्यालयलाई कुलर हस्तान्तरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय कोटिहवामार्फत पशुपति माध्यमिक विद्यालयलाई कुलर सहयोग गरेको हो। बैंकको बुटवल क्षेत्र प्रमुख हेमन्तबाबु आचार्यले विद्यालयका प्रधानाध्यापक वेदनारायण भट्टराईलाई तीन थान कुलर हस्तान्तरण गरेका हुन्।

विद्यालयमा गरिब तथा जेहेनदार विद्यार्थी अध्ययनरत रहेको र गर्मीमा अध्ययन-अध्यापन गर्न कठिन हुने हुँदा सहयोग गरिएका कुलर उपयोगी साबित हुने बैंकको विश्वास छ। प्रधानाध्यापक भट्टराईले विद्यालयमा कुलर जडान भएपछि कक्षाकोठाभित्रको तापक्रम न्यूनीकरण भई विद्यार्थीलाई सहज र अनुकूल वातावरणमा अध्ययन गर्न मद्दत पुग्ने बताए। यसप्रकारको सहयोगले विद्यार्थीको पठनपाठनमा थप सहजता र प्रेरणा मिल्ने विश्वास बैंकका बुटवल क्षेत्र प्रमुख आचार्यले व्यक्त गरे।

कार्यक्रममा बैंकका कर्मचारी, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीको उपस्थिति थियो। यससँगै बैंकले आगामी दिनमा समेत सरोकारवालाको समन्वय तथा सहकार्यमा यस्ता प्रकृतिका साक्षरता कार्यक्रमलाई निरन्तरता दिने बताएको छ।

जेनेसिसको आइपिओ बिक्री प्रबन्धक लक्ष्मी सनराइज



काठमाडौं/ लक्ष्मी सनराइज क्यापिटल लिमिटेड र जेनेसिस भेन्चर्स लिमिटेडबिच प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) गर्न सम्झौता भएको छ। सम्झौतापत्रमा लक्ष्मी सनराइजका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र जेनेसिस भेन्चर्सका अध्यक्ष अनुज राठीले हस्ताक्षर गरेका छन्। हस्ताक्षर कार्यक्रममा दुवै संस्थाका प्रतिनिधिहरू पनि उपस्थित थिए। सम्झौताअनुसार लक्ष्मी सनराइजले जेनेसिस भेन्चर्सको आइपिओ निष्कासक तथा बिक्री प्रबन्धकका रूपमा काम गर्नेछ।

यो साझेदारीले नेपालको पुँजी बजारलाई सुदृढ पार्ने र आमजनताका लागि लगानीको अवसर विस्तार गर्ने बताइएको छ। जेनेसिसले २५ लाख कित्ता सेयर निष्कासन गर्नेछ। प्रस्तावित आइपिओले कम्पनीको भविष्यको वृद्धि र रणनीतिक विस्तार पहललाई समर्थन गर्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय एआई ह्याकाथन हुने

काठमाडौं/ प्रविधि क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग र स्थानीय नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'राष्ट्रिय एआई ह्याकाथन २०२६' आयोजना हुने भएको छ। नेपालको प्रविधि बजारमा परिचित प्रविधि कम्पनी कोडेदृष्टि सफ्टवेयर प्रालिले राष्ट्रियस्तरको प्रतिस्पर्धा आयोजना गर्न लागेको हो। कार्यक्रम २३-२४ जेठमा ललितपुरको बालकुमारीस्थित नेपाल कलेज अफ इन्फर्मेसन टेक्नोलोजीको परिसरमा सञ्चालन हुने बताइएको छ। ३२ घण्टासम्म निरन्तर चल्ने उक्त ह्याकाथनमा देशभरका विकासकर्ता, विद्यार्थी, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा प्रविधि उद्यमी एउटै थलोमा भेला हुनेछन्। उनीहरूले वास्तविक संसारका जटिल समस्याको एआई प्रविधिमार्फत उच्च प्रभावकारी समाधान खोज्न प्रतिस्पर्धा गर्नेछन्।

■ काभा महिला च्याम्पियनसिप

घरमै चुक्यो नेपाल

इरानसँग सोझो सेटमा पराजित भएपछि नेपाल घरेलु कोर्टमा सेमिफाइनलबाटै बाहिरियो



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

घरेलु टोली नेपाललाई सोझो सेटमा हराउँदै इरान काभा महिला भलिबल च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा बिहीबार इरानले घरेलु टोली नेपालमाथि ३-० को जित निकाल्दै फाइनलमा स्थान पक्का गरेको हो। नेपाल इरानसँग २५-२०, २५-१५ र २५-११ ले पराजित भएको हो। हारसँगै नेपालले घरेलु मैदानमा उपाधि जित्ने अवसर फेरि गुमाएको छ।

सन् २०२४ मा नेपाल फाइनलमा पुगे पनि भारतसँग पाँचौं सेटमा पराजित भएको थियो। दुई वर्षअघि नेपालले सेमिफाइनलमा इरानलाई ३-० को सोझो सेटमै हराउँदै फाइनल यात्रा तय गरेको थियो। यसपटक नेपाल सेमिफाइनलबाट अगाडि बढ्न सकेन।

अब इरानले शुक्रबार फाइनलमा काजकस्तानसँग खेल्नेछ। दिनको पहिलो सेमिफाइनलमा काजकस्तानले भारतलाई सोझो सेटमा हराएको थियो। शुक्रबारै नेपालले तेस्रो स्थानका लागि भारतसँग खेल्नेछ। प्रशिक्षक जगदीश भट्टले इरानविरुद्ध सक्दो प्रयास गरे पनि असफल भएको प्रतिक्रिया दिए। 'इरानविरुद्ध सक्दो प्रयास गर्यौं, तर जित निकाल्न सकेनौं,' भट्टले भने, 'प्रतियोगिताकै बलियो टोली कजकिस्तान र इरान हुन्। दुवै टिम उपाधिनजिक पुगे। नेपालको दाबेदारी तेस्रो स्थानका लागि हुनेछ।'

नेपालको कमजोर खेल

अन्तर्राष्ट्रिय भलिबल वरीयतामा इरान नेपालभन्दा १० स्थान माथि छ। नेपाल ५४औं स्थानमा रहँदा इरान ४४औं स्थानमा छ। नेपालले वरीयतामा समेत माथि रहेको इरानविरुद्ध सबै सेटमा फितलो प्रदर्शन गऱ्यो। नेपालले काभा महिला च्याम्पियनसिपबाटै वरीयता पाएको हो। सुरुको सेटमा नेपालले उत्कृष्ट प्रदर्शन गरेको थियो। नेपालले पहिलो सेटको १० अंकसम्म इरानलाई पछि पारेको थियो। त्यसपछि नेपाल ब्लक, रिसिभ, स्पाइकर र सर्भिस सबै पक्षमा कमजोर देखियो। बिस्तारै खेलमा फर्कंदै इरानले नेपालको कमजोरीको फाइदा उठायो।

नेपालका आशा गरिएका खेलाडी नै सर्भिस र स्पाइकमा चल्न सकेनन्। इरानले सुधारिएको खेल प्रदर्शन गर्दै पहिलो सेटमा २५-२० ले जित्यो। प्रशिक्षक भट्टले प्लेइङ सेटमा कप्तान निरुता ठगुन्नालाई बाहिर राख्दै मीना सुनार, उषा भण्डारी, कामना विष्ट, प्रगति नाथ, सलिना श्रेष्ठ, सुनिता खत्री र सुमित्रा रेग्मीलाई खेलाएका थिए।

भट्टले पहिलो सेटमा सलिना बुढामगरलाई अवसर दिएका थिए। पहिलो सेटको तुलनामा नेपाल दोस्रो सेटमा झनै कमजोर देखियो। नेपाली खेलाडीले एकपछि अर्को गल्ती गर्दै गए। इरानले दोस्रो सेट सहजै २५-१५ ले जित्यो। लगातार दुई सेट गुमाएको नेपाल घरेलु समर्थक र कोटमा दबाबमा देखिएको थियो।

इरानविरुद्ध राम्रो खेल्न सकेनौं

● **जगदीश भट्ट**, प्रशिक्षक, नेपाल



बलियो इरानविरुद्ध जित निकाल्न सक्दो प्रयास गरेका थियौं। तर, घरेलु कोर्टमा जित निकाल्न असमर्थ भयौं। इरानसँगको खेलमा गल्तीहरू भए। जसकारण खेल गुमायौं। काभा महिला भलिबल प्रतियोगिताकै बलियो टोली काजकस्तान र इरान हुन्। अहिले दुवै उपाधिनजिक पुगेका छन्। उपाधि जित्न नसके पनि नेपालको अबको लक्ष्य भारतलाई हराई तेस्रो स्थान रक्षा गर्ने हुनेछ। नेपाललाई भारतविरुद्ध बदला लिने अवसर पनि हो। यो प्रतियोगितामा हाम्रो योजना पनि भारतलाई नै हराउने हो। यसमा सफल हुनेमा विश्वस्त छु।

फाइनलको आशा जीवितै राख्न नेपालले तेस्रो सेट जित्नैपर्ने थियो। प्रशिक्षक भट्टले तेस्रो सेटमा केही रणनीति र खेलाडी परिवर्तन गरे। लगातार कमजोर प्रदर्शनपछि कामनाको स्थानमा रिमा कुँवरले मौका पाइन्। मीनाको स्थानमा कप्तान निरुता र सलिना श्रेष्ठको स्थानमा अर्की लिबेरो शान्तिकला तामाङलाई प्रशिक्षक भट्टले मौका दिएका थिए।

एकपक्षीय तेस्रो सेट

खेलाडी र रणनीति परिवर्तनसँगै तेस्रो सेटमा नेपालले केही आशालाग्दो प्रदर्शन गरेको थियो। तर, सुरुमै २-० ले पछि परेको नेपालका खेलाडी मानसिक रूपमा कमजोर देखिए। त्यसको फाइदा अग्ला कदका इरानी खेलाडीले लिँदै गए। निर्णायक मानिएको तेस्रो सेटमा खेलाडीले केही गर्न सकेनन्। इरान भने एकपक्षीय रूपमा अंक बटुल्दै फाइनलतर्फ अग्रसर भएको थियो। इरानले तेस्रो सेटमा नेपालमाथि २५-११ को जित निकाल्यो।

भारतसँग खेल्दै नेपाल

नेपालले तेस्रो स्थानका लागि भारतसँग खेल्नेछ। भारत सेमिफाइनलमा काजकस्तानसँग सोझो सेटमा पराजित भयो। काजकस्तानविरुद्ध निरीह देखिएको भारत २५-२१, २५-१७ र २५-१४ ले पराजित भएको थियो। यसअघि समूह 'ए'मा नेपाल भारतसँग पराजित भएको थियो। प्रशिक्षक भट्ट भारतलाई हराउन खेल्ने बताउँछन्। 'फेरि एकपटक भारतलाई हराउने अवसर आएको छ। यो प्रतियोगितामा हाम्रो योजना पनि भारतलाई नै हराउने हो। सफल हुनेमा विश्वस्त छु,' उनले भने।

पहिलो खेलमा भारतसँग चुके पनि किर्गिस्तान र माल्दिभ्सलाई हराउँदै नेपाल सेमिफाइनलमा प्रवेश गरेको थियो। यही प्रतियोगिताबाट मीना, सलिना, एलिसा मानन्धर, वसन्ती साउद, सुनिता र जसमा महतोले अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यु गरेका थिए।

नेपाल २०औं एसियन छनोटको सेमिफाइनलमा

नयाँ पत्रिका



नेपालको राष्ट्रिय महिला क्रिकेट टोली २०औं एसियन खेलकुदअन्तर्गत छनोट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। नेपालले मलेसियाको बायुमास मैदानमा बिहीबार भएको समूह 'बी'को खेलमा इन्डोनेसियलाई चार विकेटले हराउँदै अन्तिम चारमा स्थान पक्का गरेको हो। नेपाल र इन्डोनेसियाबिच सात वर्षपछि अन्तर्राष्ट्रिय टी-२० आई खेल भएको हो।

जितसँगै नेपालले फाइनल प्रवेशको खेलमा आयोजक मलेसियाको सामना गर्नेछ। समूह 'ए'को उपविजेता मलेसिया तथा समूह 'बी'को विजेता नेपाल हो। नेपालले आफ्ना दुवै खेलमा शतप्रतिशत जित निकालेको थियो। मलेसियाले दुई खेलमा समान एक जित र हार सामना गरेको थियो।

समूह 'ए'मा थाइल्यान्ड ४ अंकका साथ शीर्ष स्थानमा छ। नेपालको समूहमा २ अंक जोडेको चीन उपविजेता बन्यो। चीनले अब उपाधि दाबेदार थाइल्यान्डको सामना गर्नेछ। छनोट प्रतियोगिताको समूह चरणबाट हङकङ र इन्डोनेसिया बाहिरिएका छन्। छनोट प्रतियोगिताका शीर्ष तीन टोलीले जापानमा हुने एसियन खेलकुदमा सहभागिता जनाउनेछन्।

कप्तान इन्दुको आक्रामक ब्याटिङ

पहिलो ब्याटिङ गरेको इन्डोनेसियाले २० ओभरमा चार विकेट गुमाएर ११३ रनको बलियो स्कोर खडा गरेको थियो। नेपालले १९.३ ओभरमा ६ विकेटको नोक्सानीमा ११४ रन बनाउँदै सेमिफाइनल स्थान पक्का गरेको हो। नेपालको जितमा कप्तान इन्दुले ४३ बलमा ४२ रनको योगदान दिइन्। उनले आफ्नो इनिङ्समा पाँच चौका प्रहार गरेकी थिइन्। नेपालका ओपनर सम्झना खड्का र पूजा महतोले गतिलो सुरुवात गर्न सकेनन्। सम्झनाले १ तथा पूजाले ९ रन बनाएका थिए।

नेपालले दुवै ओपनरलाई १६ रनमा गुमाएको थियो। रुबी पोद्दार शून्यमा आउट हुँदा नेपाल ४.१ ओभरमा २०/३ को कमजोर अवस्थामा थियो। कप्तान इन्दुले सोनी पाख्रिनसँग चौथो विकेटका लागि ४५ रनको साझेदारी गर्दै नेपाललाई १२.६ ओभरमा ६५/४ को स्थितिमा राखिन्। सोनीले ३६ बलमा २९ रन बनाउन दुई चौका प्रहार गरिन्। इन्दुले कविता कुँवर र सीता रानामगरसँग गतिलो साझेदारी गर्दै नेपाललाई जिततर्फ अग्रसर गराइन्। कविताले १४ बलमा १४ तथा सीताले ६ बलमा तीन चौकाको सहयोगमा १३ रन जोडिन्।

आयु नन्दाको अर्धशतक

पहिलो ब्याटिङ गरेको इन्डोनेसियाका लागि कप्तान आयु नन्दाले अर्धशतकीय योगदान दिएकी थिइन्। उनले ६२ बलमा तीन चौकाको सहयोगमा सर्वाधिक ५६ रन बनाइन्। सो ब्याटिङमा नी लिउले ३३ बलमा २३ रन बनाइन्। नेपालका लागि मनीषा उपाध्यायले ९ रनमा दुई विकेट लिइन्। रिया शर्माले १७ रनमा एक विकेट हात पारिन्।

पुरुष टोली पनि छनोट खेल्दै

मलेसियामा महिला टोलीले एसियन छनोटको सेमिफाइनल स्थान रक्षा गर्दा नेपालको पुरुष सिनियर टोलीले पनि छनोट खेल्दै छ। सिंगापुरमा ३१ मेदेखि सुरु हुने एसियन गेम्स क्रिकेट छनोट खेल्न जाने नेपाली पुरुष क्रिकेट टोलीको बिहीबार नेपाल क्रिकेट संघले बिदाइ गरेको छ। ८ जुनसम्म चल्ने छनोटमा आठ देश सहभागी छन्। समूह 'ए'मा नेपालसहित मलेसिया र चीन छन्। समूह 'बी'मा ओमान, हङकङ, बहराइन र सिंगापुर छन्। दुवै समूहको शीर्ष दुई स्थानमा रहने टोली एसियन गेम्समा छनोट हुनेछ। नेपालले पहिलो खेल चीनसँग ३१ मेमा खेल्नेछ।

खेल संक्षेप

ह्वाइट हेभेनको सहज जित

काठमाडौं/ आयोजक तेजस्वी एकेडेमी र ह्वाइट हेभन एकेडेमीले दोस्रो तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषमा जित निकालेका छन्। घरेलु कोर्टमा बिहीबार भएको खेलमा तेजस्वीले ल्यान्डमार्क एकेडेमीलाई ३२-२७ ले पराजित गऱ्यो। ह्वाइट हेभनले इडेन ब्रिज एकेडेमी (इबिए)लाई २८-२० ले हरायो। पुरुषतर्फ केभिसीले संस्कृति शिक्षा सदनलाई ३४-२६ ले हरायो। क्यान्भास वसन्त ऋतुले ज्ञानोदयलाई २१-१९ ले पाखा लगायो। जेबी स्कुलले जीवन ज्योतिमाथि २३-१३ को जित हात पाऱ्यो। महिलामा ल्यान्डमार्कले तेजस्वी 'ए'लाई २०-१८ ले हरायो।

निश्चल र सुरम्यलाई स्वर्ण

काठमाडौं/ एपिएफका निश्चल थापा र नेपाल आर्मीकी सुरम्य शाक्यले ४२औं राष्ट्रिय टेबुलटेनिस च्याम्पियनसिपको क्याडेट यू-१५ विधामा स्वर्ण जितेका छन्। पुरुष एकलमा निश्चल र महिलामा सुरम्य पहिलो भएका हुन्। निश्चलले गण्डकीका सुगम पौडेललाई ३-१ को सेटमा पराजित गरे। महिलातर्फ बिहीबार भएको उपाधि भिडन्तमा सुरम्यले नेपाल प्रहरीकी प्राज्ञा महर्जनलाई ३-० को सोझो सेटमा हराइन्। प्रतियोगिताअन्तर्गत सिनियरमा सात तथा जुनियर र क्याडेटमा समान दुई गरी ११ स्पर्धा समावेश छ।

महामञ्जुश्री बास्केटबलमा ७२ टोली

काठमाडौं/ दोस्रो महामञ्जुश्री कप अन्तरविद्यालय श्री बाई श्री बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। विभिन्न तीन विधामा ४४ विद्यालयका ७२ टोलीको सहभागिता रहने महामञ्जुश्रीका प्रिन्सिपल चूडामणि मरासिनीले बिहीबार जानकारी दिए। सिनियर पुरुषमा ३२ टोलीले भाग लिनेछन्। जुनियर पुरुष र सिनियर महिलामा समान २० टोलीले भाग लिनेछन्। सिनियर पुरुषमा विल्सन एकेडेमी, जुनियर पुरुषमा ग्रिनफिल्ड र सिनियर महिलामा चाँदबाग साबिक विजेता हुन्।

मिल्स गोल्डकपको फाइनलमा कोशी प्रदेश प्रहरी

विराटनगर/ छैटौं मिल्स गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर पुगेको छ। विराटनगर जुटमिल खेलमैदानमा बिहीबार भएको खेलमा लालीगुराँस फुटबल क्लब, रानीलाई टाइब्रेकरमा ४-२ गोलअन्तरले पराजित गर्दै प्रदेश प्रहरी फाइनलमा प्रवेश गरेको हो। प्रतिस्पर्धात्मक खेलको निर्धारित समयसम्म दुवै टोलीबाट गोल हुन सकेन। टाइब्रेकरमा प्रदेश प्रहरीका सविन राई, नितेश लिम्बू, हेम तामाङ र सञ्जय चौधरीले गोल गरे।

स्याङ्जा ११० रनले विजयी

कास्की/ स्याङ्जा र पर्वत जिल्लाले गण्डकी प्रदेशस्तरीय यू-१९ क्रिकेट प्रतियोगितामा जित निकालेका छन्। बिहीबार पहिलो खेलमा साबिक विजेता स्याङ्जाले बागलुङलाई ११० रनले पराजित गऱ्यो। पर्वतले नवलपुरलाई सात विकेटले हरायो। स्याङ्जाले १२ ओभरमा पाँच विकेटको क्षतिमा १२६ रन बनाएको थियो। बागलुङले १०.१ ओभर सबै विकेट गुमाएर १६ रन मात्र बनायो। नवलपुरले १३.५ ओभरमा १० विकेट गुमाएर ४१ रनको योगफल बनायो। पर्वतले १०.३ ओभरमा तीन विकेटको क्षतिमा जित निकाल्यो।

रवीन्द्र 'रोड टु युएफसी'को सेमिफाइनलमा

रोड टु युएफसीअन्तर्गत नेपालका रवीन्द्र ढाँटले फिलिपिन्सका किम्बर्ट अलिन्टोजोनलाई दोस्रो राउन्डमा हराउँदै अन्तिम चारको स्थान पक्का गरे

नयाँ पत्रिका



नेपाली एमएमए फाइटर रवीन्द्र ढाँट युएफसी छनोट प्रतियोगिताअन्तर्गत रोड टु युएफसी सिजन ५ को सेमिफाइनलमा प्रवेश गरेका छन्। रोड टु युएफसीअन्तर्गत बिहीबार भएको क्वार्टरफाइनलमा रवीन्द्रले मकाउको ग्यालेक्सी एरेनामा फिलिपिन्सका किम्बर्ट अलिन्टोजोनलाई दोस्रो राउन्डमा हराउँदै अन्तिम चार स्थान पक्का गरेका हुन्।

उनले फाइनल प्रवेशका लाग न्युजिल्यान्डका कासिब मुर्डोचविरुद्ध प्रतिस्पर्धा गर्नेछन्। कासिबले क्वार्टरफाइनलमा जापानका युनोसुकु मिनामीलाई हराउँदै रवीन्द्रसँगको सेमिफाइनल भेट पक्का गरेका थिए। दोस्रो सेमिफाइनल जापानका रायो तामिजा र भारतका चोनग्रेन कोइनबिच हुनेछ। कोरेनले क्वार्टरफाइनलमा रियुहो मियागाचीलाई पाखा लगाएका थिए। रवीन्द्रलाई समर्थन गर्न मकाउमा हजारौं नेपाली समर्थक पुगेका थिए। 'बफाडको बाघ' भनेर चिनिने रवीन्द्र रोड टु युएफसी फाइट जित्ने पहिलो नेपाली फाइटरसमेत हुन्।

गत वर्ष उनले भारतको ग्रेटर नोइडामा भएको मेट्रिक्स फाइट नाइट १७ मा घरेलु खेलाडी चुडरेन कवरेनलाई नकआउट गर्दै उपाधि जितेका थिए। ब्यान्टम वेट समूहमा प्रतिस्पर्धा गर्ने रवीन्द्र यस तौल समूहमा विजेता बने युएफसीको मुख्य स्टेजमा छनोट हुनेछन्। उनी पछिल्लो समय नेपाली एमएमएमा सबैभन्दा चर्चित फाइटरसमेत हुन्।

प्रतिस्पर्धामा रवीन्द्रले सुरुमा म्याट्टी इयानसँग खेल्ने तय थियो। म्याट्टी घाइते भएपछि उनलाई फिलिपिन्सका किम्बर्ट अलिन्टोजोनले रिप्लेस गरेका थिए। व्यावसायिक एमएमएमा रवीन्द्रले अहिलेसम्म नौ फाइट जित्दा एक फाइट मात्र गुमाएका छन्। युएफसीसम्म पुग्न एसियाका शीर्ष फाइटरहरूले छनोट प्रतियोगितामा प्रतिस्पर्धा गरेका हुन्। हरेक तौल श्रेणीको विजेताले युएफसीसँग पूर्ण सम्झौता गर्नेछन्।

नेपाल 'ए'लाई गल्फ उपाधि

नयाँ पत्रिका

नेपालको 'ए' टोलीले १२औं नेपाल अन्तर्राष्ट्रिय एमेच्योर गल्फ च्याम्पियनसिपको टिम स्पर्धामा स्वर्ण पदक हात पारेको छ। साबिक विजेता सदभाव आचार्य र राहुल विश्वकर्माको जोडीले १३ अन्डर २७५ को उत्कृष्ट स्कोरमा भारतको तरुण सरदेसाई एकेडेमीलाई १९ स्ट्रोकले हराउँदै उपाधि रक्षा गरेको हो। गत संस्करणमा पनि राष्ट्रिय टिमका सदस्य सदभाव र राहुलले स्वर्ण जितेका थिए। भारतका प्रिन्स बैंन्सला र भिभान उभायाकारको जोडीले समग्रमा ६ ओभर २९४ को स्कोर गर्दै दोस्रो स्थान रक्षा गरे। प्रतियोगितामा श्रीलंका तेस्रो भयो।

श्रीलंकाका के दानुसा र चनाका परेराको जोडीले ८ ओभर २ ९६ स्कोर गरेका थिए। यसैगरी, पुरुष व्यक्तिगततर्फ नेपालका सदभाव आचार्यले उत्कृष्ट प्रदर्शन गरे। उनले बोगी फ्री ६ अन्डर ६६ को कार्ड बनाउँदै समग्रमा ९ अन्डर १३५ स्कोरमा शीर्ष स्थान बलियो बनाए। उनले नेपालका राहुल विश्वकर्मालाई ५ स्ट्रोकले पछि पार्दै उपाधि होडलाई समेत बलियो बनाएका छन्।

सदभावले फ्रन्ट र ब्याकमा समान ३ अन्डर ३३ स्कोर गरेका थिए। उनले पहिलो, तेस्रो र पाँचौं होलमा बर्डी प्रहार गरे। यसपछि १२औं, १५औं र १८औं होलमा पनि उनले समान एक सट बचाए। दोस्रो स्थानमा रहेका राहुलले समग्रमा ४ अन्डर १४० स्कोर गरेका छन्। उनले तेस्रो र सातौं होलको बर्डीका साथ फ्रन्ट नाइन १ अन्डर ३५ स्कोर गरेका थिए। उनले ब्याक नाइनमा उत्कृष्ट प्रदर्शन गर्दै बोगीरहित खेले। राहुलले चार बर्डीका साथ ब्याक नाइनमा ४ अन्डर ३२ को उत्कृष्ट प्रदर्शन गरे। भारतका भिभान समग्रमा ३ अन्डर १४१ सहित तेस्रो स्थानमा छन्।

आइपिएलमा वैभवको कीर्तिमानको ओइरो

एजेन्सी



१५ वर्षीय बायाँहाते ब्याट्सम्यान वैभव सूर्यवंशीले १० औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा कीर्तिमानको ओइरो लगाएका छन्। उनले आइपिएलको एलिमिनेटर खेलमा थ्रुप्रै रेकर्ड आफ्नो नाममा लेखाए। यस खेलमा उनले २९ बलमा ९७ रनको आक्रामक इनिङ्स खेलेका थिए। उनी शतकीय इनिङ्स खेल्न ३ रनले चुके। आइपिएलमा क्रिस गेलले ३० बलमा शतकको रेकर्ड राखेका छन्। गेलको यो रेकर्ड ब्रेकनजिक पुगे पनि उनी सफल भएनन्। हैदराबादविरुद्धको सो खेलमा राजस्थानले रोयल्सले ४७ रनको जित निकालेको थियो।

एकै सिजनमा ६५ छक्का

आइपिएलमा वेस्ट इन्डिजका बायाँहाते ब्याट्सम्यान गेलले २०१२ को सिजनमा सर्वाधिक ५९ छक्का प्रहार गरेका थिए। यो रेकर्ड वैभवले तोडेका छन्। वैभवले चालू सिजनमा सर्वाधिक ६५ छक्का प्रहार गरी नयाँ रेकर्ड स्थापित गरे। गेलले ५९ छक्का प्रहार गर्न ४५६ बल प्रयोग गर्दा वैभवले २६६ बल प्रयोग गरे। समग्रमा टी-२० फ्रेन्चाइज लिगको एकै सिजनमा एक ब्याट्सम्यानले प्रहार गरेको सबैभन्दा धेरै छक्का आइपिएलको यसै सिजनमा हो।

एकै खेलमा १२ छक्का

वैभवले हैदराबादविरुद्ध १२ छक्का प्रहार गरेका थिए। यो आइपिएलको एकै इनिङ्समा कुनै पनि भारतीय ब्याट्सम्यानले प्रहार गरेको सबैभन्दा धेरै छक्का हो। यसमा वैभवले आफ्नै रेकर्ड बराबरी गरेका छन्। उनले चालू आइपिएलको पहिलो चरणमा हैदराबादविरुद्ध १२ छक्का प्रहार गरेका थिए। आइपिएलमा एकै खेलमा धेरै छक्का प्रहार गर्ने ब्याट्सम्यान क्रिस गेल हुन्। उनले २०१३ मा पुने वारियर्सविरुद्ध सर्वाधिक १७ छक्का प्रहार गरेका छन्। यस खेलमा गेलले कीर्तिमानी १७५ रन बनाएका थिए। कोलकाता नाइट राइडर्सका ब्रान्डन म्याककुलमले बैंग्लोरविरुद्ध २००९ मा १३ छक्का हिर्काएका थिए। यस खेलमा ब्रान्डनले १५८ रन जोडेका थिए। वैभवले हैदराबादविरुद्ध २४ बलमा १० छक्काको रेकर्ड बनाए। यसअघि गेलले २७ बलमा १० छक्का प्रहार गरेका थिए।

स्ट्राइक रेट र रन

वैभव चालू आइपिएलको १५ इनिङ्समा २४२.८५ को स्ट्राइक रेटमा ब्याटिङ गरेका छन्। उनले अहिलेसम्म ६८० रन जोडेका छन्। टी-२० फर्म्याटमा दुई सयभन्दा बढीको स्ट्राइक रेट राखेर ६ सयभन्दा बढी रन बनाउने उनी विश्वकै पहिलो ब्याट्सम्यान हुन्। यसैगरी, उनले पावर प्लेमा मात्रै ४९० रन बनाएका छन्। यसअघि डेभिड वार्नरले २०१६ मा पावर प्लेमा ४६७ रन जोडेका थिए। वैभवले यस सिजन पाँचपटक पावर प्लेमै अर्धशतक पूरा गरेका छन्। यसैगरी, तीन सयभन्दा बढी स्ट्राइक रेटमा ९० भन्दा बढी रन बनाउने वैभव पहिलो ब्याट्सम्यान हुन्।

प्लेअफमा सबैभन्दा छिटो अर्धशतक

वैभवले हैदराबादविरुद्ध १६ बलमा अर्धशतक पूरा गरेका थिए। यो आइपिएलको प्लेअफ खेलमा सबैभन्दा छिटो अर्धशतकीय इनिङ्स हो। वैभवले सुरेश रैनाको नकआउट चरणमा कम बलमा अर्धशतक बनाउने रेकर्ड बराबरी गरेका छन्। रैनाले २०१४ मा किंग्स इलाभेन पन्जाबविरुद्ध १६ बलमै अर्धशतक बनाएका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com